# नारायणी मेमोरियल (नेम) फाउण्डेसन संक्षिप्त परिचय



सामाजिक, शैक्षिक, साहित्यिक क्षेत्रको विकासमा सहयोग गरी मानव अधिकार, महीला तथा बाल अधिकारको संरक्षण गर्दै सामुदायिक अभियानमा अग्रणी भूमिका निर्वाह गर्न तथा सामाजिक विकासमा सक्दो योगदान पुऱ्याउनु मानव जीवनको कर्तव्य मात्र होइन अभिभारा नै हो भन्ने सामाजिक सन्देश प्रवाह गर्न संस्थागत पहल आवस्यक हुने हुँदा असामयिक निधन भएकी स्व. नारायणी ओली पाठकको स्मृतिमा स्व. नारायणी मेमोरियल फाउण्डेसन (नेम फाउण्डेसन) मूलतः निम्न कार्यका लागि जिल्ला प्रशासन कार्यालय झापामा दर्ता गरी कार्य प्रारम्भ गरिएको छ ।

(१) यो संस्था गैरनाफामुलक जनहितकारी सामाजिक संस्था हुनेछ ।

(२) अनाथ, असहाय, बाबु आमाबाट परित्याक्त र शारिरीक अशक्तता एवम् न्युन आयस्रोत भएका बालबालिकाहरूको लागि आधारभूत एवम् माध्यमिक स्तरको शैक्षिक छात्रवृत्ति प्रदान गर्ने ।

(३) ज्येष्ठ असहाय आश्रीत आमाहरुलाई सहयोग एवम् सम्मान गर्ने ।

(४) समाजसेवी दाताहरुबाट आफ्ना पूर्वजहरुको सम्मान र सम्झनामा छात्रवृत्ति एवम् अन्य सामाजिक कार्यका लागि प्राप्त रकमको अक्षय कोष स्थापना गरी दाताको इच्छामा पूर्वजहरुका नाममा छुट्टै शैक्षिक छात्रवृत्ति दिने एवम् अन्य सामाजिक कार्य गर्ने ।

(५) महिला अधिकार र बाल अधिकारका बारेमा वकालत गर्दै उनीहरुका अधिकारको संरक्षणमा सहयोग पुऱ्याउने ।

(६) भाषा, साहित्य, धर्म संस्कृतिको विकास एवम् संरक्षण गर्दै श्रष्टा, सर्जक तथा पूर्वजहरूको पहिचान गरी उहाँहरूलाई सम्मान र पुरस्कृत गर्ने ।

# स्मृतिका पानामा



## स्व. बुवा देवीप्रसाद पाठक

# स्मृतिका पानामा
# स्व. बुवा देवीप्रसाद पाठक

**जन्म : १९९१ साल असार १२ गते**
**स्वर्गारोहण : २०७७ साल कार्तिक २१**



**नारायणी मेमोरियल फाउण्डेसन**
**नेम फाउण्डेसन (NaMe Foundation)**
**कनकाई नगरपालिका-४, इलुवावारी, झापा**

*"पढेर ज्ञान हुन्न रतिभर ज्ञान हुन्छ एक भक्तिले"*
*स्व. देवीप्रसाद पाठक*

*"नांगै जन्मियौ, नांगै जानुपर्छ यो वास्तविकतालाई बेलैमा सोचौं"*
*अज्ञात*

*"पुण्य प्राप्तिका लागि आफ्ना पूर्वजहरूको सम्मान र सम्झनामा केही गरौं ।"*



**स्मृतिका पानामा स्व. बुवा देवीप्रसाद पाठक**
**सम्पादक एवं लेखक वरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठक (पूर्व नायव महान्यायाधिवक्ता)**
**प्रकाशकः नारायणी मेमोरियल फाउण्डेसन**
**कन्काई नगरपालिका - ४, इलुवाबारी (झापा)**
**प्रिन्टिङ्ग :** Routa Printing Support, **अनामनगर**
**प्रकाशन मिति : २०७८/७/९**
**प्रकाशन प्रति : ५००**


**सर्वाधिकार : प्रकाशकमा**

# सम्झनामा
# स्व. देवीप्रसाद पाठककी ममतामयी
# माता स्व. शुभद्रा पाठक



जन्म
वि.सं. १९६८



स्वर्गारोहण
२०३९ भाद्र

सम्पूर्ण ज्ञात अज्ञात पूर्वजहरुको सम्मान र सम्झनामा
समर्पण

# प्रकाशकीय

यथार्थमा जीवन स्थायी नभई अस्थायी चोला मात्र हो । स्थायित्व त जीवनमा गरेका कार्यहरूमात्र हुन् । यस्तो कार्यको लेखाजोखा बाँचिन्जेल त्यति गरिँदैन । जब व्यक्ति यो लोक छोडर अर्को लोकमा जान्छ तब उस्का कार्यहरूको लेखा जोखा र गुणहरूको विवचेना सुरू हुन्छ । यो यथार्थत हो । आखिर सबैले यो लोक छाडेर जानु त निश्चितै छ तर को, कहिले, कसरी, कुन गतिमा जाने हो त्यो अनिश्चित हुँदो रहेछ । विहान आफ्नो नित्य कर्म सकि खानपिन गरी वस्तुभाउ खेतीसमेत हेरचाह गरेको स्व. बुवा देवीप्रसाद पाठक केही घण्टापछि यो लोक छाडेर परलोकमा जानु हुन्छ भनेर कस्ले पो कल्पना गरेको थियो र ? त्यसैले जिवन अस्थायी छ । मरण निश्चित छ । यसरी बुवा वित्नु भएको एक वर्ष पुग्दैछ । यहि वर्ष भित्रै बुवाको प्यारो कान्छो भाइ विष्णुप्रसाद पाठक र प्यारी माइली बुहारी नारायणी ओली पाठक समेत बुवाको पाइलालाई पछ्याउँदै विदा हुन पुगे । यसरी विगत एक वर्ष हाम्रा परिवारका लागि दुखै दुखको वर्षको रूपमा रहन पुग्यो । समय वलमान छ समयलाई कसैले थाहा पाउन सक्ने रहेनछ । कुन समय, कुनै बेला के हुन्छ भनेर ।

कोरोना महामारीको परिणति नै भन्नु पर्छ, स्व. नारायणी ओली पाठक अनायास छोराछोरी नातिनातिना आफन्त कुलकुटुम्ब सबैलाई छाडेर विदा भइन । उनीसँगको विछोडको क्षण अहिले कल्पना गर्न पनि कठिन छ । उनीले पक्कै पनि ऋाँऋाका चिरा जस्ता नातिनातिनाको पौरख हेर्न पाइएला भन्ने सोचेकी थिइन होलिन् । तर यो धर्तिमा सोचेको सबै कुरा कहाँ पुग्दछ र ?

यसरी ०७८।२।१२ का दिन अनायासमै आमा गुमाउनु परेका छोराछोरी, बुहारी ज्वाइँहरूले आफ्नो धार्मिक कृत्य सम्पन्न गरे पश्चात आमालाई कसरी सम्झने भन्ने बारेमा छलफल हुँदै गर्दा मैले उनले साह्रै माया गरेर बनाएको झापाको घरलाई अब हाम्रो मात्र नभई सबै पूर्वजहरूको स्मृति एवं सम्मानका लागि साझा गृहको रूपमा स्थपित गरौं । त्यो घरबाट स्व. नारायणी पाठक र अन्य सम्पूर्ण पूर्वजहरूको स्मरण एवं सम्मानमा केही राम्रा कामको सुरूवात गरौं भन्ने प्रस्ताव सबैका लागि स्वीकार्य भयो । आमा, दाजु एवं भाई बहिनीहरू समक्ष उक्त प्रस्ताव राख्दा सबैले राम्रो कामको सुरूवात गरौं भन्ने

सुझावले थप हौसला प्राप्त भयो । हजुरबुवा, हजुरआमा डिल्लीराम पाठक, शुभद्रा पाठक, स्व बुवा देवीप्रसाद पाठक र स्व. आमा दिव्यश्वरा पाठक, स्व. नारायणी पाठक, स्व. विष्णुप्रसाद पाठक र स्व. धनमाया पाठक लगायत अन्य सबै दिवंगत पूर्वजहरूको सम्मान र सम्झनामा उहाँहरूकै नाममा केही उपकारी कार्यको सुरूवात गरी समाज सेवा गरौं भन्ने सल्लाह भयो । सो कार्यलाई संस्थागत रूपमा संचालन गर्न नारायणी मेमोरियल फाउण्डेसन स्थापना हुन पुग्यो । उक्त फाउण्डेसनका विविध कार्यहरू मध्ये पहिलो कार्य अनाथ एवं असहाय बालबालिकाहरूको शिक्षामा सहयोग गर्न केही धनराशीको बन्दोबस्त गरौं र सोही संकलित राशीबाट सामुदायिक स्कुलमा अध्ययनरत विद्यार्थीलाई वार्षिक शैक्षिक छात्रवृत्ति प्रदान गरी दिनदुःखीको भविष्य निर्माणमा थोरै भएपनि सहयोग गरौं भन्ने पवित्र भावनाका साथ प्रारम्भमा केहि धनराशी संकलन समेत भइसकेको र संकलन गर्ने कार्य निरन्तर रहेको छ ।

यसरी उक्त फाउण्डेसनलाई एउटा चीरस्थायी संस्थाको रूपमा विकसित गर्ने योजना रहेको छ । यसरी स्थापित संस्थाको पहिलो एवं पवित्र कार्यको रूपमा स्व. बुवा देवीप्रसाद पाठकको जीवन गाथालाई, उहाँको योगदानलाई स्मृतिग्रन्थका रूपमा लिपिबद्ध गरी प्रकाशित गर्ने कार्यको यही फाउण्डेसनबाट सुरूवात गरिएको हो । यस फाउण्डेसनले भविष्यमा समेत यस्ता स्मृति ग्रन्थहरूको प्रकाशनलाई समेत निरन्तरता दिने लक्ष्य रहेको छ । यस फाउण्डेसनमा जो कोहीलाई पनि आआफ्ना पूर्वजहरूको सम्मान एवं स्मृतिमा स्व. पूर्वजहरूकै नाममा र दाताहरूकै इच्छामा अक्षयकोष स्थापना गर्न चाहेमा संस्थाले त्यस्तो छात्रवृत्ति रकम ग्रहण गर्ने र मूलधनलाई नचलाई ब्याजले दाताको चाहना र इच्छालाई व्यवस्थापन सम्म फाउण्डेसनले गरिदिने लक्ष्य संस्थाको विधानमा प्रष्ट रूपमा राखिएको छ ।

संस्था स्थापना हुनु ठूलो कुरा होइन तर संस्थालाई चीरस्थायी र लक्ष्य अनुरूप कार्य गर्न सक्ने बनाउनु नै मूल कुरा हो । यस पुनीत कार्यमा सबैको सहयोग भएमा निश्चय नै उद्देश्य प्राप्तिमा बल पुग्ने अपेक्षा गरेको छु । अन्त्यमा फाउण्डेसनका तर्फबाट दिवंगत सम्पूर्ण पूर्वजहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

नरेन्द्रप्रसाद पाठक
अध्यक्ष,
नारायणी मेमोरियल फाउण्डेसन

# विषयसूची


स्व बुवा देवीप्रसाद पाठकको जीवन गाथा- *नरेन्द्रप्रसाद पाठक* १

स्व. देवीप्रसाद पाठकको इच्छामरणका अन्तिम दिनका
केही परिसंवाद - *पद्‌मादेवी पाठक/भावना पाठक* १५

विवेकका धनी स्व बुवा देवीप्रसाद पाठक - सम्झनाका क्षणहरू
- *स्व. नारायणी पाठक* १९

भिनाजुको कोट - *कमलप्रसाद उप्रेती* २२

आफ्नै कर्मले समृद्धि प्राप्त गर्न सफल भिनाजु देवीप्रसाद पाठक
- *गंगाप्रसाद उप्रेती* २५

पुज्य पिताको महिमा - *लक्ष्मीप्रसाद पाठक* ३०

बुवालाई सम्झदा - *शान्ता पाठक कडरिया* ३२

दृढ आत्मा विश्वासका धनी स्व. हजुरबुवा - *डा. सम्राट बस्याल* ३३

साहसी एवं निर्भिक आमा स्व. शुभद्रा पाठक - *नरेन्द्रप्रसाद पाठक* ३८

प्यारा बुवा - *कमला पाठक प्रसाई* ४१

हाम्रा बुवा - *टीका पाठक संग्रौला* ४२

बुवा - *कमला वाह्रकोटी पाठक* ४४

बुवाको कान्छो भाई स्व. विष्णुप्रसाद पाठक - *नरेन्द्रप्रसाद पाठक* ४६

माइली काकी स्व. धनमायाप्रति चिन्तित हुनुहुन्थ्यो बुवा ५०
- *नरेन्द्रप्रसाद पाठक*

कृषि उद्यमी स्व. देवीप्रसाद पाठक - *डिल्लीराम सिलवाल* ५२

हजुरबुवासँगको पहिलो भेट - *सिताराम उप्रेती* ५५

मेरो मानसपटलमा स्व. देवीप्रसाद पाठक - *हरिप्रसाद उप्रेती* ५८

प्रसङ्ग गौरीगाईको सहृदयताः भिनाजु स्व. देवीप्रसाद पाठकको
- *डा. त्रिलोचन उप्रेती* ६१

स्मृतीका पानाभित्र हजुरबुवा - *विना पाठक चुडाल* ६५

प्रेरणाका स्रोत हजुरबुवा - *प्रदीप पाठक* ६७

स्व. देवीप्रसाद पाठक वंशज चिनारी - *नरेन्द्रप्रसाद पाठक* ७४

तस्वीरमा स्व. देवीप्रसाद पाठक -*संकलक कमल पाठक (प्रकाश)* ७७

# स्व. बुवा देवीप्रसाद पाठकको जीवन गाथा

नरेन्द्रप्रसाद पाठक

## बाल्यकाल

स्व. देवीप्रसाद पाठक हजुरबुवा रघुनाथ पाठक र हजुरआमा काशीरूपा पाठकको नातिका रूपमा स्व. डिल्लीराम पाठक र स्व. सुभद्रा पाठकको जेष्ठ सुपुत्रका रूपमा १९९१ साल असार १२ गते तेह्रथुम जिल्ला तत्कालीन इवा गाउ पालिका वडा न ९ हाल आठराइ गाउँपालिका-४ मा जन्मनु भएको थियो । जन्मदाको साइत त्यति सुखद रहेनछ क्यार । आफू ८ वर्षको हुँदा नै आफ्ना पिता स्व. डिल्लीराम पाठकलाई बि.सं. १९९९ साल जेष्ठमा गुमाउनु पऱ्यो । ८ वर्ष कै उमेरमा स्व. पिता डिल्लीराम पाठकको अन्त्यष्ठि एवं काजकिरीया समेत जेठो छोराको रूपमा गर्न बिबस हुनुपरेको थियो । बुवालाई तम्मर नदिको पिनासी घाटमा दाहसंस्कार गर्दाका क्रममा दागबत्ति दिई हेरिवस्दाका क्रममा आगो सल्कदै गर्दा तातोले स्व. हजुरबुवाको हात बुवा भएतिर फर्किएपछि त्यो संकेतलाई बुवाले तिमीहरू घर जाओ भन्नुभयो, अनि म चै घर आएको भनेर हजुरआमालाई भन्नु भयो रे । त्यसबाट उहाँ कति बाल अबोध हुनु हुँदो रहेछ भन्ने आभाष प्रष्ट हुन्छ बुवाको देहाबसान भएपश्चात् हजुरआमा काशीरूपा पाठकको एउटै इच्छा थियो, नातिको विवाह भएको हेर्ने ।

त्यसैको परीणति स्वरूप इवा गाउँपालिका गोलेगाउँ निवासी स्व. हरिप्रसाद उप्रेती र स्व. बिष्णुमाया उप्रेतीकी जेठि छोरी स्व. दिव्यश्वोरा पाठकको साथ एघार वर्षका उमेरमा २००१ साल असारमा बिवाह भएको थियो । बिवाह्को जुर पनि अनौठो रहेछ । स्व. हजुर आमा काशीरूपा आफ्नी फूपू बिरामी भएको हेर्न गोलेगाउँ जानुभएको रहेछ । सोही समयम स्व. बिष्णुमाया उप्रेतीसँग फूपूको घरमा भेट हुँदा मेरो नातिको विवाह गर्नुछ, कतै विवाह गर्न योग्य केटी भए हुन्थ्यो भन्ने प्रसँग उठेछ । सोही क्रममा बिष्णुमाया उप्रेतीले मेरी जेठि छोरी छ नि त भने पछि सोही बखत कुराकानी भई विवाह हुने टुङ्गो भएको कुरा साइली फूपूको भनाइबाट थाहा पाइयो । आफ्ना श्रीमान् गुमाएकी काशीरूपाले आफ्नो

छोरो समेत अल्पायुमै गुमाउनु पर्दा चिन्ताग्रस्त भई बिरामी हुनुभएको रहेछ । यसरी आफू पनि बिरामी भएकाले मर्ने बाच्ने दोसाध भएकाले जति सक्दो चाडो नातिको विवाह गर्न इच्छा हुनु स्वाभाविक थियो । फलत स्व. देवीप्रसाद पाठकको स्व. दिव्यश्वरा पाठकसँग २००१ साल असार मा विवाह सम्पन्न भएको थियो । नातीनी बुहारीलाई भित्र्याएको दिन हजुर आमा काशीरूपा खुसी हुँदै नातीनी बुहारीलाई केहिदिन आफूसँग नै सुताउनु भएछ । विवाह भएको केही दिन पश्चात् २००१ साल असारमै हजुर आमा काशीरूपाको देहावसान पनि भएछ । बुवाको काजकिरिया गरेको २ वर्षको अवधिमा पुन हजुर आमाको नातिका हैसियामा काजकिरियाको जिम्मेवारी समेत बुवा देवीप्रसाद पाठकको जिम्मामा आइपऱ्यो । तीन दिदीहरूको विवाह भई आ–आफ्ना घरमा गैसकेका साथमा ४ वर्ष र ६ वर्षका दुईजना भाइ र एउटी बैनी र आमा शुभद्रा पाठकका साथमा बल्यकालका दिनचर्या बितेपनि एउटा निम्न वर्गीय परिवारमा जन्मेका देवीप्रसाद पाठकको बल्यकालको जीवन त्यति सुखमय थिएन । हालाकी आमा स्व. शुभद्रा पाठकको स्याहार सम्भार र दिदीहरूको न्यानो माया पाएर हुर्कदै बढ्दै जीवनलाई डोहोऱ्याउँदै जानु भयो । आफू ८ वर्षको हुँदा बाबु गुमाउनु परेको, ११ वर्षको हुँदा हजुरआमा गुमाउनु परेको पीडा छदाछदै पनि देवीप्रसाद पाठकले अर्को अत्यन्त दुखद् घटना समेत व्यहोर्न बाध्य हुनुपऱ्यो । ११ वर्षको उमेरमा विवाह बन्धनम बाधिएकी धर्म पत्नी दिव्यश्वरा पाठकको कोखबाट २०११ साल असार १२ मा जेठा छोरा लक्ष्मीप्रसाद पाठकको जन्म भयो । त्यसको २ वर्ष पश्चात् २०१३ साल फगुन १२ गते माइलो छोरा नरेन्द्रप्रसाद पाठकको जन्म भई एउटा खुसीको क्षण प्राप्त भएको थियो तर त्यो केही दिनमै दुखको क्षणमा परिणत भयो । माइलो छोरा जन्मेको ११ दिनका दिन २०१३ साल फगुन २२ गते श्रीमती दिव्यश्वरा पाठकको देहवसानले उहाँलाई अर्को बज्रपात पर्न गयो । घरमा एउटी आमा साना भाइहरू, बहिनी र एउटा २ वर्षको छोरो र अर्को ११ दिनको छोरो छाडेर श्रीमतीको मृत्यु हुँदाको क्षण कति दर्दनाक होला सोच्न समेत कठीन छ । परम्परागत सोचका बुवा भए पनि पुराना सम्झनाहरू बराबर गर्नुहुन्थ्यो । ११ वर्षको उमेरमा विवाह गरेर ल्याएकी श्रीमती अकालमै २० वर्षका उमेरमा देहावसान भएको क्षण बारम्बर सम्झने गर्नुहुन्थ्यो । सेता दाँत भएकी, कालो वर्णकी, होचीहोची थिइ तेरी आमा झन्डै नातिनी लीलाको जस्तो अनुहार थियो भन्ने गर्नु हुन्थ्यो । त्यतिखेरको

स्व. आमाका फोटो छैन । मृत्युको अन्तिम समय उनले अब म बाँच्दिन, यो काले त अब, बटुको लिएर मागेर पनि खान्छ । यस्को पो विजोक हुने भयो त अब भन्नु भएको थियो रे । बुवा बराबर भन्ने गर्नु हुन्थ्यो । ११ दिनको छोरा यो पङ्तिकारलाई मावालाकी हजुर आमाले आफै पालनपोषण गर्ने भनेर लिएर जाँदाको त्यो पीडा पनि सहनै पर्‍यो ।

## मधेशमा खेती प्रारम्भ

झण्डै २३ वर्षको उमेरमा श्रीमती गुमाउनु परेका देवीप्रसाद पाठकले २०१४ सालमा कामको खोजीमा आफूसँग सुताएको ३ वर्षको जेठो छोरो लक्ष्मीप्रसाद पाठकलाई सुतेकै ठाउँमा छाडी बिहानको जुनेली रातमा पाँचथर जिल्लाको फालेलुङ डाँडा हुँदै दर्जिलिङसम्म छिमेकी भगीरथ उप्रेतीसँग जानुभएको कुरा बाराबर भन्ने गर्नु हुन्थ्यो । दार्जिलिङमा जिमिदार देवीप्रसाद उप्रेतीको छोरा मित्रलाल उप्रेती दार्जिलिङको सेन जोसेफ कलेजमा पढाउन राखेको र उनीहरूसँग भेट भएको कुरा सुनाउनु हुन्थ्यो । सोही क्रममा सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पासँग भेट भएको कुरा पनि बाराबर गर्नु हुन्थ्यो । आफूले भ्रमणका क्रमम एउटा फुल्टीन (कलम) बोकेको र दर्जेलिङको पुलिसले चेक जाँचका क्रममा झन्डै मेरो फुल्टीन पनि लागिदिएको भन्नु हुन्थ्यो । यसरी दर्जिलिङ घुमेर पुन झापा आई जेठा भिनाजु स्व. लक्ष्मीप्रसाद उप्रीती (जेठा बाजे) काहाँ बस्नुभएको कुरा उहा बराबार भन्ने गर्नुहुन्थ्यो । जेठा बाजेकामा बस्दाका क्रममा औंशीका दिन भात नखाने भएकाले बेलुकाको फलार माईली बजैले फर्सी उसिनेर दिएकोमा आफूलाई फर्सी मन नपर्ने हुँदा आफूले उक्त उसिनेको फर्सी नखाए पछि माइला बाजेले जेठो रिसायो भन्ने ठानी सर्दार मेदिनीप्रसाद उप्रेती कहाँ रेडियो सुन्न गएको र रेडियो सुनेर घर फर्किए पछि माईली बजैले चामलको पीठोको बाबारबनाइदिएको रहेछ । सोही रोटी खाइ सुतेको कुरा बाराबर सम्झिने र भन्ने गर्नु हुन्थ्यो । झन्डै ३ वर्षसम्म जेठा भिनाजुसँग बसी खेतीपातीको विषयमा प्रसस्त ज्ञान प्राप्त गर्नुभयो । २०१६ सालमा पाहाड गई पिता भिमप्रसाद ओली र माता गङ्गादेवी ओलीकी साइली छोरी पद्मादेवी ओलीसँग २०१६ साल चैतमा दोस्रो विवाह गर्नु नितान्त बाध्यता र आवस्यकता थियो । विवाह गर्नु अघि १३ साल तिरै जेठा भिनाजु लक्ष्मीप्रसाद उप्रेतीका साथ झापा जिल्ला तत्कालिन घैलाडुबा गाउँपालिका अन्तर्गत मन्सापुरमा बस्नु भएको र खेतीपातिको काममा

लग्नु भएको थियो । २०१६ सालामा पुनः विवाह गरी साथमा आमा पद्मादेवी पाठकलाई समेत लिएर जेठा भिनाजुका घरमा १७ सालामा पुनः आउनु भयो ।

तत्पश्चात् केही समय बुवा आमा भिनाजुकै साथमा बस्ने कुरा चलेको आमा पद्मादेवीले थाहा पाए पश्चात् आमाले आफू छुट्टै बसेर खेती गर्नुपर्छ । म यहाँ बस्न सक्दिना भने पश्चात् २०१८ साल माघतिर हाल बसोबास गरेको तत्कालीन सुरूङ्गा गा.बि.स. वडा न ६ चप्रामरी हाल कन्काई नगरपालिका ५ चप्रामारीमा बसोबास गर्न थाल्नु भएको र त्यही चप्रामारी नै उहाँको आफ्नो कर्मथलो बन्न पुगेको थियो ।

यसरी आफ्नो कर्मथलो बनाएको चप्रामारी आउँदा एउटा सानो गौरी गाइ र एउटा भाँडो मात्र लिएर पाण्डे माइलाले बनाएको एक तले फुसको घरमा आफ्नो कृषकको जीवन सुरूवात गरेको थियो । झापाको प्रकाण्ड गर्मी, औलोको समस्या लगायतका दुख कस्ट झेल्दै चप्रामारीमा खेतीपती गर्दैजाँदा पनि उहाँलाई आफ्नी बिधवा आमाको मायाले कहिले छोडेन । बर्षैपिच्छे पटक पटक आफ्नो जन्मथलो पहाडसमेत गई आमाको स्नेह र माया प्रप्त गर्ने गर्नुहुन्थ्यो । पहाडको आर्थिक अवस्था कमजोर भएको कारण झापामा कमाएको केही पैसा जोड जम्मा गरी आमालाई धानको भात खुआउने,आफ्नो इच्छालाई कार्यरूप दिन सर्वप्रथम २०२३ सालामा पहाडमा बिचारीटार खेत किन्नुभयो र आर्थिक अवस्थामा केही सुधार गर्नु भयो । जुन कुरा उहाँको सुखद क्षणको रूपमा बराबर भन्ने गर्नु हुन्थ्यो । आफ्नो नियमित श्रम र शक्तिलाई आफ्ना छोराछोरीको सुखको लागि हो भन्ने सम्झने बुवा देवीप्रसाद पाठकले तराइमा झान्डै ३०-४० विघा जामिन जोड्न सफल हुनुभएको थियो । जग्गा जमिन जोड्न र छोराछोरीको हेरविचार गर्न आमा पद्मादेवीको भूमिका कम थिएन । झापाको प्रचण्ड गर्मीमा १५-२० जनाका परिवारलाई खानपिन, बच्चाबच्चीको लालनपालन गर्न कति कठीन थियो होला । त्यस्तो दुःख कष्टलाई समेत परवाह नराखी गरेको मेहनत र श्रमले अहिले सबै छोराछोरीले सुखको अनुभूति गर्न पाएका छन् । परिवारका सबै सदस्यको हित चाहने उहाँले छोराछोरी मात्र होईन भाइहरूको समेत पिता एवम संरक्षकको भूमिका निर्वाह गर्नु भएको थियो । पिता गुमाएका भाइहरूको आर्थिक अवस्थामा सुधार गर्ने मात्र नभैइ दिदीहरूको आर्थिक अवस्था सुधारमा समेत उहाँको ठुलो भूमिका थियो । पाँच छोरा ६ छोरीका पिता,

२६ जना नाती नतिनाका हजुरबुवा २० जना पनाति पनातिनाहरूको जिजु हजुरबुवाको न्यानो माया र ममता प्राप्त गर्दा गर्दै उहाँको अचानक हृदयघात भई देहत्याग गरी बैकुण्ठ बास जानु उहाको लागि भाग्य भएपनि परिवारका लागि एउटा दुखद क्षण बन्न पुग्यो । हुन त २०६६ सालामा पनि उहाँको पेटमा रक्तस्राब हुँदा पनि भाइ टंकप्रसाद पाठकले तुरून्त रातीनै बिराटनगर लगि नोबेल अस्पतालामा समेत उपचार हुन नसकेपछि नतिनी ज्वाँइ डाक्टर सम्राट बश्याल र म स्वयं बिराटनगर आएर र सोही दिन हवाइजहाजबाट काठमाडौं ल्याइ काठमाडौं हस्पिटलमा अप्रेसन गरी फुटेको आन्द्रा पुनः जोडी उपचार भएको र उहाँ स्वस्थ हुनु भएको थियो ।

## मुलुकम भएको राजनैतिक परिवर्तनको असर

२००७ सालामा भएको प्रजातान्त्रिक शासन प्रणालीको सुरूवातको मारमा पनि उहाँ पर्नुभयो । २००७ सालमा भएको परिवर्तनले पहाडमा लिम्बुवानहरूको वर्चस्व. भई उनीहरूको लुटपाट एवं आक्रमक कार्यशैलीबाट बच्न आमासँग आफ्नी बहिनी लिएर झापा आउनु परेको र केही समय पछि पुनः घर फर्कने क्रममा पाँचथर जिल्लाको लालिखर्कमा आफ्नी नबालिक बहिनीको बाटोमै दुखद मृत्यु भएको दुःखद् पीडा पनि उहाँले सहनै पर्‍यो ।

## भोटे घोडा चढ्ने रहर

बुवा जहिले पनि घरमा घोडा पाल्ने गर्नु हुन्थ्यो । थरिथरिका राता, सेता रङका चाल गम कुद्न सक्ने घोडा पाल्नु उहाँको सोख नै थियो । हाट बजार जाँदा आउँदा घोडामै हिंड्ने, पहाड जाँदा घोडा लिएर जाने । घोडा बराबर साटफेर गरिरहने उहाको सोख नै थियो । स्कुलबाट बेलुका घर आएपछि यो पङ्क्तिकारले घोडा खोजेर ल्याउने झण्डै नियमित काम नै थियो । बिकासको क्रममा अन्य सवारी साधनको आविष्कारले घोडाको यातायात बिस्थापित हुँदै गएपछि उहाँलाई साईकल कुदाउने रहरले पनि छाडेन । साईकल कुदाउन सिकेर एउटा साईकल समेत खरिद गर्नु भएको थियो । पछि पटक पटक भन्ने गर्नु हुन्थ्यो मोटरसाईकल कुदाउन जामानामा सिकिएन, कुदाउन सिकेको भए अहिले कसैलाई गुहार्नु पर्ने नै थिएन । मोटरसाईकल लिएर सरर आफै नै गैहालिन्थियो भनेर भन्नु हुन्थ्यो । ९० को दसकमा जन्मिएर पनि

समय र पेरिस्थितिलाई चिन्न सक्ने दृढ साहसी व्यक्ति हुनुहुन्थ्यो बुवा देवीप्रसाद पाठक ।

आफ्नो कर्मथलो झापामा रहेको बेला पहाडमा भएकी आमा बिरामी भएको खबर प्राप्त हुनु अर्को दुखद क्षण बन्न पुग्यो । बिरामी आमा भेटेको दोस्रो दिन ०३९ साल भाद्रमा आमा शुभद्रा पाठकको आसामायिक निधनले मातृबियोगको पीडा थपिन पुग्यो । आमालाई अत्यन्त आदर र सम्मान गर्ने उहाँको मातृत्व प्रेम पनि अन्त्य हुन पुग्यो । ८६ वर्षको उमेरसम्म पनि उहाँले आँखाको समस्या भोग्नु परेन । चस्मा नलगाइ नियमित रूपमा महाभरत, देवीभागवत्, गुणरत्न माला जस्ता पुस्तक पढ्ने उहाँको नियमित बानी नै थियो । फलतः धेरै श्लोकहरू मुखाग्र थिए ।

## छोराछोरीबाट सन्तुष्टि

पाँच छोरा र ६ छोरीका धनी दिपताजीले छोराछोरीका बाटाबाट कुनै चिन्ता भोग्नु परेन । जेठा छोरा लक्ष्मीप्रसाद पाठकले बाबुको कृषी पेसामा बिडो थाम्ने अब्बल कृषकको रूपमा कृषी पेसामै लागेर बुवालाई ठुलो मद्दत गर्नु भयो । अर्थात् परिश्रमबाट खेती किसान गरी केही रकम आर्जन हुनासाथ जग्गा खरिद गरी हाल्ने बुवाको स्वाभाबलाई दाजु लक्ष्मीप्रसाद पाठकले पनि उतिकै साथ दिनु भएको थियो । सुरूङ्गा ४ इलुवाबारिमा ९ बिग्गा जग्गा खरिद गरी खेती गर्ने र भाइ बहिनी, छोरोछोरीलाई पढाउने जिम्मेवीरी दाजु लक्ष्मीप्रसाद पाठकले लिनु भएको थियो । सोही क्रममा ३४ साल देखि ठुल्दाजुले खेती गर्दै केटाकेटीको शिक्षा आर्जनमा संरक्षकको भूमिका निर्वाह गर्नु भएको थियो । म माइलो छोरो कानुनमा उच्च शिक्षाको अध्ययन गरेर नेपाल सरकारको सेवामा प्रवेश गरी नेपाल सरकारको नायव महान्यायाधिवक्ता (सचिव सरहको पद) सम्मको जागिर खाएकोमा बुवा अझ सन्तुष्ट हुनुहुन्थ्यो ।

भाइ साइँलो टीकाप्रसाद पाठकले सुरूङ्गा इलुवावारीको जग्गामा खेती किसानी एवं व्यापार व्यवसाय गरेर बुवालाई सन्तुष्टि दिएको थियो । स्थानीय तहमा समाजसेवा एवं राजनीति समेत गरेर राम्रै मान प्रतिष्ठा आर्जन गरेको हुँदा बुवा निजबाट निकै सन्तुष्ट हुनुहुन्थ्यो । भाइ टंकलाई सुरूमा यो रिसाह छ भन्नु हुन्थ्यो । तर पछि सबै दाजुभाइ र दिदी बहिनीलाई माया गर्ने ज्ञानी छोराको रूपमा पाउँदा बुवा निकै खुशी हुनुभएको थियो । विवाह गरेर दोकान गर्न थालेपछि बुवा निकै खुसी

हुनुहुन्थ्यो । त्यसमा पनि घरमा सबैकी हँसिली, रसिली संयम स्वभावकी गुणी एवं लक्ष्मी बुहारी भावना (भगवती) चिमरिया घर भित्रीएपछि त घरको मुहार नै फेरिएको थियो । टंकको व्यपार व्यवसायबाट बुवा दङ्ग हुनुहुन्थ्यो । कहिले काँही व्यापारको पैसाको मुठा बुवालाई भाइ टंकले देखाउँदा झन दङ्ग पर्नुहुन्थ्यो । भावनालाई छोडेर म कतै जान्न भन्नु हुन्थ्यो । नभन्दै उनकै स्याहार सम्हारमै आफ्नो देह त्याग गर्नुभयो । कान्छो छोरा कमल (प्रकाश) बुवाको साह्रै प्यारो छोरा थियो । बुवा विरामी हुँदा उसले गरेको स्याहार सम्हार देख्दा हामी सबै अचम्मित हुन्थ्यौ । तर दुर्भाग्य प्रकाशको विवाह भएन भनेर बराबर चिन्ता गर्नुहुन्थ्यो । आखिरमा त्यही कान्छा छोराको विवाह भएको देख्ने धोको भने बाँकी नै रह्यो । दाजुदिदीहरू र छोराछोरी घरमा आउँदा कमल (प्रकाश) निकै खुसी हुने र सबैलाई माया प्रेम गर्ने उनको गुण नै छ । त्यसबाट बुवा निकै खुसी हुनुहुन्थ्यो । छोरीहरू सबैजना राम्रा कुलघरानामा पर्नु पनि बुवाबो अर्को सन्तुष्टि थियो । जेठा जुवाई सोमप्रकाश प्रसाई, माइलो ज्वाई युवराज मैनाली, काइला ज्वाइँ युवराज कडरिया र अन्तरे ज्वाइँ गुरू मैनाली ४ जना नै उद्योग, व्यापार, व्यवसायमा लागेकोले बुवा खुसी हुनुहुन्थ्यो । साइलो ज्वाइँ कुमार संग्रौला जागिरे र कान्छा ज्वाँइ डिल्लीराम कडरिया विदेश गई पैसा कमाएकामा बुवा छोरी ज्वाइँबाट खुसी हुनुहुन्थ्यो ।

## बेपारी हुने चाहना

म माइलो छोरा पङ्तिकार एसएलसी परीक्षा दिएर पहाडबाट आए पश्चात् २०३२ सालमा सुरूङ्गा बजारमा किनेको आफ्नै घरमा किराना दोकान खोली सोको सन्चलानको जिम्मा मलाई दिइएको थियो । तर म २०३३ सालमा उच्च शिक्षा हाँसिल गर्न जाने भएपछि दोकान बन्द हुन पुग्यो । बुवाको ब्यापारी हुने इच्छा अधुरो रहेकोमा सो इच्छालाई भाइ टंक पाठकले पुरा गरिदिएकोमा बुवा निकै दङ्ग पर्नु भएको थियो ।

## रेडियो र घडीका सौखिन

बुवा देवीप्रसाद पाठक झापा आएदेखि नै रेडियो र घडीका सौखिन हुनुहुन्थ्यो । रिकुटेहरू (लाहुरे) आउँदा ल्याएका राम्रा घडी रेडियो किन्न सोध्ने गर्नुहुन्थ्यो । सिको फाइभ घडी मन पराउनु हुन्थ्यो । रेडियो कहिल्यै नछाड्ने । पहाड जाँदा पनि रेडियो बजाएरै जाने गर्नु

हुन्थ्यो । गाउँका मान्छे पाठक जेठाले रेडियो ल्याएको छ अरे मधेशबाट भनेर बेलुका रेडियो सुन्न आउँथे । रेडियोको सौखिन भएकाले कान्छा जुवाई डिल्लिराम कडरिया आयरल्याण्डबाट धेरै वर्षपछि नेपाल आउँदा बुवालाई मनपर्ने भनेर न्यूरोड गएर पानासोनिक रेडियो किनेर लगिदिनु भएको थियो । सायद त्यो अहिले घरमा हुनुपर्छ । आफ्नो टर्च लाइट आफूसँगै राख्ने अरू कसैले चलाउन नपाउने, व्याट्रि ल्याएर दुरूस्त राख्नुपर्ने उहाँको स्वभाव थियो ।

## छोराछोरीको अंशवन्डा

म जगिरबाट छुट्टिमा बेलाबेला घर आउँदा ०४५ सालतिर एकदुई पटक नरेन्द्र अब सबै दाजुभाइको अंशबण्डा गर्नुपर्छ कि क्या हो भन्ने गर्नुहुन्थ्यो । मैले अहिल्यै के पर्ला र, सल्लाह गरौ न ठुल्दाजु लगायत घरपरिवारसँग भन्दै जगिरतिर जाने गर्थे । ०४८ सालतिर पुन बुवाले अंशबण्डा गर्ने कुरा उठाउँनु भयो । हिन्दू संस्कार अनुसार छोरा छुट्टिए सम्पत्ति बढ्ने, केरा जति सारो उति गाँजिएर जाने भन्ने उखानै थियो । सोही क्रममा हामी सबैको अंशबण्डा गर्ने कुरा चल्यो । जगिरबाट घर आएका समयमा पुनः यस पटक चै सबैको अंशबण्डा गरिदिने मेरो बिचार छ, कसो हो भनेर सोध्नु भयो । मैले पनि बुवाको इच्छा अनुसार दाजुसँग बसेर अंशबन्डा गरौ भनेपश्चात्, माथि जेठा छोरा ठुलो दाजुका घरमा गएर अंशबन्डा गर्ने बारे छलफल गरेपश्चात् २०४९ सालमा अन्शबण्डा भयो । सुरूमा काठमाडौंको एक तले घर सबैको साझा केन्द्रस्थलको रूपम राख्ने सल्लाह भएकोमा पछि खोइ किन हो बुवाको मन परिवर्तन भयो र काठमाडौंको घर मेरा भागमा र झापाको जमिन अरू दाजुभाइलाई भाग लगाउने सल्लाह गरी सोही अनुसार बण्डा पत्र गरियो । सोही बण्डापत्रले अहिलेसम्म सबै दाजुभाइमा आत्मियता र न्यानो प्रेमभाव रहेकै छ । छोरीहरूलाई पनि मन्सापुरको एक विघा जमिन दिने निर्णय गरियो । यसबाट उहाँ भविष्यद्रष्टा पनि हुनुहुन्थ्यो । सबै छोराछोरीलाई सधै एकै ठाउँमा देख्न चाहना हुँदाहुँदै पनि सामाजिक प्रचलन र मन्यता ठूलो पारिवरिक संख्याका कारण अंशबण्डा गर्नुपर्ने बाध्यता नै थियो । अंशबन्डा भए पनि सबै छोराछोरीमा प्रेमभाव कायम नै रहिदिए हुन्थ्यो भन्ने मनोभावना उहामा झल्किन्थ्यो । नभन्दै अहिलेसम्म छोराछोरीमा प्रेमभाव कायम रहेकै छ जुन उहाँको इच्छा थियो । तरपनि अंशबण्डा गर्दाका बखत उहाँमा केही असहज परिस्थिती सिर्जना भएको थियो । अंशबण्डाको

निर्णय भएको केही समय पश्चात् मैले बुवालाई नदेखेपछि सोधखोज गर्दै वरिपरी खोजी, बुवा कता जानुभएछ भनेर खोज्दै जादाँ घर पुर्वको केराघारिमा लडिरहेको र रोइरहेको अवस्थमा पाए । तत्काल बुवालाई के गरेको यस्तो भनेर सम्झाए । उहाँले भन्नुभयो आजबाट म तिमीहरू सबै छोराछोरीबाट अलग भए भन्नुभयो । मैले भने, कहाँ अलग भएको हो र, हामी सधै सबै बुवासँग हुनेछौ । यो त कानुनी रूपमा मात्र अलग हो व्यवारमा कहाँ अलग भएको छौ र भनेपश्चात् आँशु पुस्दै घरतर्फ आउनु भयो । छोराछोरी सँगै भएको र कोही कसैलाई अलग भएको देख्न नचाहने उहाँमा अघाद् प्रेमभाव त्यसबाट झल्कन्छ । एकदिन म राजबिराजमा पढ्न गएको बेला मेरो बारेमा खराब सपना देख्नु भएछ । कहिले उज्यालो होला भन्ने सोच्दै उज्यालो हुने बित्तिकै चिया खाइ आमालाई मैले नरेन्द्रको बारेमा खराब सपना देखे भेटेर आउछु भनी हिंड्नु भएछ । त्यति खेर संचारको सुबिधा थिएन । दिउँसोको झन्डै दुइबजेतिर मेरो साथी हरि उप्रेती र म आफ्नो डेरा कोठाबाट बजारतर्फ आउँदै गर्दा एक्कासी नेता चोकमा बुवासँग भेट भयो । म आचम्मित भए एक्कासी अरे! बुवा यहाँ कसरी भनि सोधे, उहाँले तेरो बारेमा खराब सपना देखे । तलाई नहेरी मन नै मानेन भन्नुभयो । अब कोठातिर जौ भन्दा, होईन अब तलाई देखि सके अब म फर्की हाले भन्दै फनक्कै फर्किनु भयो । यसबाट छोराछोरीप्रति उहाँको स्नेह र प्रेम भाव प्रस्ट देखिन्छ ।

## यातायात व्यवसायी बन्ने सपना अधुरो रहयो

बुवाले सुरूमा भैंसी गोठबाट आफ्नो जीवन प्रारम्भ गर्नु भएको थियो । मेरा माइला सानाबुवा स्व. लक्ष्मीप्रसाद ओडारीबाट माउ र पाडापाडी गरी ८० वटा भैंसी ८०० मा ल्याएको भन्नु हुन्थ्यो । सामान्य हिउँदे स्कुलमा पढेको भएपनी उहाँको सोच निकै अग्रग्रामी थियो । साला कमल उप्रेती साडुभाइ लक्ष्मीप्रसाद ओडारीको आरतिबुद्ध कम्पनिको व्यवस्थापक हुनुभएको थियो । बस व्यवसाय सञ्चालन सम्बन्धी अनुभव र ज्ञान थियो । बुवासँग भेटहुँदा बस किन्ने र चलाउने र पैसा कमाउने सल्लाह भएछ । पैसा कमाउने आशामा बस किन्ने कुरा भएछ । ठुल्दाजु लक्ष्मीप्रसाद पाठकसँग पनि सल्लाह हुँदा उहाँ अझ उत्साहित भएर ठुल्दाजु र कमलमामा ०३८ सालामा काठमाडौं आउनु भयो । म समेत गइ जोरपाटी रूटको मिनिबस ६० हजारमा किनेर म बसेको ज्ञानेश्वरको नबिनजीको घर अगाडिको चौरिमा ल्याएर राखियो । गाडी किन्ने कुरा

निस्चित भए पश्चात् गाडीको सामान फेर्लान् भन्ने डरले ठुल्दाजु लक्ष्मीप्रसाद पाठक गाडीमै गएर सुतेको कुरा समेत स्मरण गर्नुहुन्छ । झापा लगेर मिनिबस चलाउँदा कहिले काही बुवा पनि बसमा चढेर पैसा उठाउँने र चेकिङ समेत गर्नुहुन्थ्यो रे । आफ्नो सम्पत्ति अरूका हातमा दिएर कमाइ खान गाह्रो हुने ठानी पछि त्यो बस कमल मामालाई नै बेची कमल मामाको बिर्तामोडको खाद्य संस्थान अगाडिको घर बससँग साट्नु भयो । पछि त्यही घरसमेत दाहाललाई दिएर अहिले ठुल्दाइ बसेको घर जग्गा खरिद गरियो ।

## बुवाको भेषभुषा र खानपिन

उहाँ अग्लो मोटोघाटो र रातो वर्णको हँसिलो खुसीलो स्वभावको हुनुहुन्थ्यो । झट्ट नरिसाउने रिसाइहाले पनि मुन्टो फर्काइ चामबाट्ने, भरसक नबोल्ने तर नबोलि नहुने भएपछि चोट पुग्ने गरी गाली गर्ने स्वभाव थियो । तर एकछिन पछि उहाँ पुनः हँसिलो मुद्रामै परिवर्तन भईहाल्नु हुन्थ्यो ।

खानामा उहाँको खान्की निकै राम्रो थियो । १ माना चामलको भात सहजै खाने गर्नुहुन्थ्यो । पछि बुढेशकालमा पनि झन्डै आधा मानाको चामलको भात खानु हुन्थ्यो । दूध दहि मोही निकै मन पराउनु हुन्थ्यो । दाल कम खाने सब्जी पनि ठिकै खाने गर्नुहुन्थ्यो । विचमा एक पटक झन्डै १० वर्ष माछा मासु छाडे पनि पछि विरामी भएपछि डाक्टरको सल्लाहमा मासु खान थाल्नु भएको थियो । पछि पछि त मासुमा उहाँको राम्रै स्वाद बसेको थियो । खाजामा धानको पिठाको र फापरका पीठाको रोटी मन पराउनु हुन्थ्यो । हरियो पोलेको मकै निकै मन पराउनु हुन्थ्यो । फलफुलमा त्यति चाख थिएन । तर गुलियो परिकार रसभरी, जुलेबी, बुनिया, लालमोहन निकै मन पराउनु हुन्थ्यो ।

## दाजुभाइ एवं दिदीहरू प्रतिको प्रेमभाव

२०१३ साल देखि झापाको प्रचण्ड गर्मी औलाको डर हुँदा हुँदै पनि आफ्नो भविष्य र घर परिवार छोराछोरीहरूको खुसी र सन्तुष्टिका लागि संघर्षशील हुनुहुन्थ्यो बुवा । ३ दाजुभाइ र २ दिदी बहिनीका धनी बुवा माइला बुवा पहाडमा छँदानै माथ्लोबारीमा छुट्टिइ भिन्न बस्नु भएको थियो । काका र हजुर आमा पहाडमा मूल घरमा बस्नु भएको थियो ।

मधेशमा आफूले जोडेको जग्गा र जमिन समेत काका विष्णुप्रसाद पाठकलाई  पहाड सबै दिएर मधेशको जग्गा समेत अंशवण्डा गर्नु भएको थियो । झन्डै ८ विधा जमिन र सुरूङा बजारको घर समेत छुट्याई आमाको बचनलाई मान्दै भाइप्रतिको दायित्व निर्वाह गर्नु भएको थियो । त्यस्तै साइली दिदी र कान्छी दिदीको आर्थिक स्थितिमा सुधारका लागि समेत उहाँको अग्रणी भूमिका रहेको थियो । माइला बुवालाई समेत मधेशमा आर्थिक भरथेक गर्नु भएको थियो । साइली दिदीको सुरूमा अलिक दुख थियो । त्यसैले बढी साइली दिदीलाई सम्झनु हुन्थ्यो ।

## साथीभाइसँगको संगत र सम्झना

२४ वर्षको उमेरमै झापा रहँदा घनिष्ट मित्रका रूपमा चप्रामारीमा स्व. कृष्णप्रसाद रिजाल, विष्णु सिवाकोटी, मेघराज नेपाल डिल्लीराम सिलवालसँग गाढा सम्बन्ध भयो । उहाँका पहाडप्रतिको माया मोह उत्तिकै गाढा थियो । प्रत्यके वर्ष जसो पहाड जानु हुन्थ्यो । पहाडमा जाँदा पनि आफ्ना पूर्व साथी संगी, छिमेकका घर घरमा जाने भेटघाट गर्ने उहाँको बानी नै थियो । खासगरी मौलामुनी काइला बढाबा, मौलामुनी कान्छा काका, लिम्बु काइलो काका, लिम्बु कान्छा काका, ढुंगाना जेठा, घिमिरे जेठा लगायतका परिवार, बासबोटे जेठा र काइलाबा, भगिरथ उप्रेती, थपलिया पुरेत (मेघराज थपलिया), भण्डारी कान्छा काका एवं मिश्र परिवार र भदौरेका चौहान परिवारसँग उहाँको बढी संगत र सद्भाव थियो । उहाँको साथी संगी मध्ये हाल मौलामुनी काइला दाजु अझै काठमाडौमा छोरा देवीसँग स्वस्थ नै रहेका छन् । अरू धेरैजसो साथी संगीको बारेमा बेला बेलामा सम्झने गर्नुहुन्थ्यो । दशैंमा हामी काठमाडौंबाट गए पश्चात् पहाड जाने कुरा भयो । तर कोरोनाको करणले अहिले जानु हुँदैन बुवा पछि फागुनमा आउछु अनि तपाई र माइला बुवालाई लिएर जाउला भनेको थिए । तुरून्त माइला बुवाकहाँ गई तलाई र मलाई नरेन्द्रले फागुनमा पहाड लान्छ अरे भनेर भन्नु भएछ । २०७७ सालमा यसपटक पहाड जाने उहाँको अन्तिम धोको भने अधुरै रह्यो ।

## सहयोगी माझ बुवाको प्रेमभाव

मधेशमा खेतीगर्दा २-४ जना सहयोगी राख्नु पर्ने त्यसबेलाको चलन

थियो । कृषकको जीवनयापन गर्दा धेरै सहयोगीहरू राख्नु भयो । त्यस्ता सहयोगी मध्येका एक हुन नरेन्द्र कुमार दाहाल । नरेन्द्रकुमार दाहाल इलाम जितपुरमा बस्छन् उनीसँग ०७८/४/२० गते विहान विशाालनगरमा मेरो भेट भयो । संयाग पनि कस्तो । उनी २०२५ साल जेठमा हाम्रो घर सुरूङ्गाको चम्रामारीमा बहकिँदै इलामबाट आइपुगेछन् । बुवासँग घर अगाडि बाटामा भेट भयो रे । कहाँ जाने कताबाट आउनुभो नानी भनेर सोध्नु भएछ । म इलाम जितपुरको दाहाल हुँ । घरबाट त्यत्तिकै कामको खोजीमा हिंडेको भन्नु भएछ । तत्पश्चात सबै सोधीखोजी गरे पश्चात बुवाले म सँगै बसेर खेती गरौं भनी प्रस्ताव राख्नु भएछ । अनि नरेन्द्र दाहालले उक्त प्रस्वाव स्वीकार गरी खेती भरलाई महिनाको ६० रूपैयाँ तलब दिने शर्तमा बस्नु भएछ । अन्य २ जनामा बुवाका जेठान स्व. विष्णुप्रसाद ओली र बुवाका सानिमाका छोरा संग्रौला कान्छा काका भवानी संग्रौला हुनु हुन्थ्यो रे । उहाँहरूलाई भने १-१ विधा जमिन दिएको र त्यही जमिनको आम्दानी खाने शर्त रहेछ । पछि मैले थाहा पाएँ । त्यस समयमा घरमा म र यौटा सानो ५-६ वर्षको भाइ र यौटी बहिनी थिइन भनेर उनी सम्फिन्छन् । ती भाइ टीका र बहिनी कमला हुन् । उनी नाम सम्झन सक्दैनन् । तर मेरो नाम भने नरेन्द्र हो । किनकि मेरो पनि नरेन्द्र नै भएकोले बुवाले बेला बेला बोलाउँदा थाहा पाएको भन्छन् उनी । त्यस समयमा १ विधा जमिन रोप्ने रोपारलाई ६० रूपैयाँ र १० केजी चामल दिइने चलन रहेछ उनी भन्छन् । रोपाई गर्न डागीबारीबाट मधेशीहरू आउने र प्राय लोग्ने मान्छेले खेत रोप्ने चलन थियो रे । उनी भन्छन् म फन्डै ४ महिना जति देवीप्रसाद पाठकसँग बसे । छोटो अवधि बसे पनि देवीप्रसाद पाठकसँग छुट्टिने बेलामा निकै असजिलो भएको महसुस गर्छन्, उनी र भन्छन् "देवीप्रसाद पाठक सहयोगी र असल स्वभावका हुनु हुन्थ्यो । अर्कालाई थिचोमिचो नगर्ने, गाउँघर छरछिमेकसँग राम्रो सम्बन्ध राख्ने । गाउँघरका मानिस केही विषयमा सल्लाहा लिन आउँदा सल्लाहा दिने । गाउँघरमा सर सहयोग गर्ने स्वभावका हुनुहुन्थ्यो ।" उनी अघि भन्छन् खसी काटेका बेलामा मासु बाड्ने बेलामा बुवा आफैं अगाडि सर्नु हुन्थ्यो रे । संग्रौला कान्छा पनि भएकाले मलाई ठूला कान्छा भनेर बोलाउने गर्नु हुन्थ्यो भन्छन् नरेन्द्र दाहाल । यसबाट बुवा आफ्ना घरमा खेती किसानीमा सहयोग गर्न आउने मजदुरलाई समेत माया गर्ने, शोषण नगर्ने, अर्काको दुख सुख

बुझ्ने व्यक्तित्वका धनी हुनु हुन्थ्यो भन्ने प्रष्ट हुन्छ । यौटा फुसको घर तल टाड रहेको यौटा काठको रूखबाट बनाएको भऱ्याङ भएको घर । माथि दुई कोठा थिए । बाहिर सानो बरन्डा थियो । हामी तल टाडमा सुत्थ्यौ । उहाँका जेठु विष्णु प्र. ओली बाहिर सानो वरण्डामा सुत्ने गर्नु हुन्थ्यो भन्छन् नरेन्द्र दाहाल । यसबाट मधेशको तत्कालको घर, सुख, सुविधाको क्षण सम्भन सकिन्छ ।

## छोराछोरी एवम् ज्वाइँ नातिनातिनासँग संधै बस्न खोज्ने स्वभाव

बुवा देवीप्रसाद पाठक आफना ज्वाइँ छोरीहरू छोरा बुहारी, नाति नातिना बराबर आई रहुन र र घरमा बासिदिउन भन्ने अपेक्षा राख्नु हुन्थ्यो । म काठमाडौं बस्दथे । वर्ष दिनमा दशैंमा, हिउँदमा छुट्टि मिलाएर झापा गइन्थ्यो । गएको २-४ दिनमै फेरी जागिरमा फर्कने बाध्यता थियो । २-४ दिनको बसाई बुवाको लागि त्यति न्यासो मेटिदैनथ्यो र भन्ने गर्नु हुन्थ्यो । किन यति छिट्टै जान्छौं बसन २-४ दिन अझै । बुवा जागिर सुरू भयो । केटाकेहीको पढाइ त्यसैले जान्छौ फेरी आई हाल्छौनी भन्दा भन्नु हुन्थ्यो तिमीहरू गएपनि माइलीलाई छाडिदेओन । उसको के काम छ र । माइली बुहारी निकै मायाकी खानी थिइन बुवासँग । नभन्दै बुवा वितेको ६ महिना भित्र उनको पनि असामयिक निधन भयो । बुवासँग छन की कुन्नी ।

## पूर्वजहरूको सम्झना र सम्मानमा सप्ताहपुराण

बुवा देवीप्रसाद पाठक आफ्ना पूर्वजहरूलाई बराबर सम्भने गर्नुहुन्थ्यो । आफ्ना बुवाआमाको शील, स्वभाव र गुण बारे घरमा भेला भएका छोराछोरीहरूलाई बताउने गर्नुहुन्थ्यो । हुनत बुवाको गुण अवगुण सबै थाहा पाउनु भएन किनकि ८ वर्षकै उमेरमा बुवाको स्वर्गवास भएकाले । आमाको गुणगान बहुतै गर्नुहुन्थ्यो । वंशका अरू व्यक्तिहरूको बारेमा पनि बराबर सम्भना राख्नुहुन्थ्यो । बुवा आमा लगायत सबै पूर्वजहरूको सम्मान र सम्भनामा २०५९ सालमा सप्ताहा पुराण समेत लगाउनु भएको थियो । ७ दिनसम्म देवी भागवतको कथा श्रवण गरेर हामी सबै छोराछोरी भेला हुँदा बुवा झनै आनन्दित हुनुहुन्थ्यो । औंसी र एकादसीमा भात नखाने फलार मात्र खाने नियमित रूपमा श्राद्ध गर्नु हुन्थ्यो । तर बुवाआमालाई मैले एक पटक तीर्थ घुमाउन मुक्तिनाथ लगेको थिए ।

मुक्तिनाथको कागवेनीमा श्राद्ध गरेपछि पुनः कसैको श्राद्ध गर्नु पर्दैन भन्ने मान्यता अनुरूप काली गण्डकीको किनारामा रहेको कागवेनीमा श्राद्ध गरेपछि श्राद्ध गर्न छोड्नु भएको थियो । सुरूमा दशैमा जमरा राखी नियमित पूजा गर्नुहुन्थ्यो । तर २०५९ सालमा विरामी भए पश्चात जमरा राख्ने र श्राद्ध गर्ने धार्मिक कार्यलाई चटक्क छाडेर झट्ट हेर्दा नास्तिक जस्तो दखिनुहुन्थ्यो । तर धार्मिक आस्थामा विश्वासको कमि भने अन्तिम अवस्थासम्म पनि थिएन ।



कृषी विकाश कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति
कनकाई न.पा.-५, झापा

त्यागी जीर्ण लुगा मनुष्य जसरी अर्को लुगा फेर्दछ,
छोडी जीर्ण शरीर जीव त्यसरी अर्कै शरीर धर्दछ ।
शक्तैनन् हतियार काट्न न त यो आगामहाँ डढ्दछ,
पानीले न त भिज्छ पार्थ न त यो हावामहाँ सुक्दछ ॥ गीता २/२२/२३

हार्दिक श्रद्धाञ्जली एवं समवेदना

जन्म : वि.सं.
१९९१ असार १२ गते
तेह्रथुम

स्वार्गारोहण :वि.सं
२०७७/०६/२१ गते
झापा

स्व. देवीप्रसाद पाठक

वडा कृषी विकाश कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिका नगर तथा वडा नं. ५ का सदस्य श्री कमलप्रसाद पाठक(प्रकाश)का पुज्य पिता **श्री देवीप्रसाद पाठक**को यहि मिति २०७७ साल कार्तिक २१ गतेका दिन असामयिक निधन भएको दुःखद खबरले यस समितिका हामी सम्पूर्ण सदस्यहरु दुःखी र मर्माहत बनेका छौं ।

तेह्रथुम जिल्ला साविक आठराई युवा गा.वि.स.वार्ड नं. ९ निवासी पिता डिल्लीराम पाठक र माता शुभद्रा देवी पाठकका जेष्ठ सुपुत्रका रुपमा वि.सं. १९९१ असार १२ गते यस धराधाममा पदार्पण गर्नुभई पिता हरिप्रसाद र माता विष्णुमाया उप्रेतीकी जेष्ठ सुपुत्री दिब्यश्वरा उप्रेतीसँग वि.सं. २००६ सालमा पहीलो बैवाहिक जीवनमा वाँधिनु भयो वि.सं. २०१३ सालमा पत्नी वियोगसँगै पिता भिमप्रसाद ओली तथा माता गंगादेवी ओलीकी काँइली छोरी पद्मादेवी ओलीसँग वि.सं. २०१६ सालमा बैवाहिक जीवनमा वाँधिनु भएका स्व. देवीप्रसाद पाठक बसाई सराईकै क्रममा वि.सं. २०१७ सालमा झापा जिल्ला साविक सुरुङ्गा हाल कनकाई नगरपालिका वार्ड नं. ५, चप्रामारीमा स्थायी बसोबास गर्दै आउनु भएको थियो । सामाजिक जीवनमा धर्मपरायण, कर्तव्यपरायण, मृदुभाषी र मिलनसार व्यक्तित्वको रुपमा सुपरिचित उहाँले पारिवारिक एकताको केन्द्रमा रही एक सरल, शान्त र निश्छल जीवन व्यतीत गर्नु भएको थियो ।

जीवनका ८६ औं वसन्तसँगै उहाँ ब्रह्मलीन बन्नु भएको शोकको यस दुःखद घडीमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकको गहिरो पीडाबाट गुज्रिरहनु भएकी श्रीमती पद्मा देवी पाठक, छोराबुहारीहरु : लक्ष्मीप्रसाद+महेश्वरा, नरेन्द्र+नारायणी, टिका+कमलादेवी, टंक+भावना र कमल प्रसाद(प्रकाश) पाठक, छोरीज्वाईंहरु : कमलादेवी+ सोमप्रकाश प्रसाई, बालकुमारी+युवराज मैनाली, टीकादेवी+कुमार स्रंगौला, शान्तादेवी+युवराज कडरीया, लक्षिमा देवी+गुरुभक्त खरेल, मिरादेवी+ डिल्लीराम कडरीया एवं ३२ जना नातिनातिना, २० जना पनातीपनातिनी लगायत शोकाकूल पाठक परिवारका सदस्यहरु सबैमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृषी विकाश कार्यक्रम संचालन तथा व्यवस्थापन समिति
परिवार

गोपालप्रसाद विमलि
संयोजक

CS Scanned with CamScanner

# स्व. देवीप्रसाद पाठकको इच्छामरणः जीवनको अन्तिम दिनका केही घटनाक्रम एवं परिसंवाद

प्रस्तोता आमा पद्मादेवी पाठक/काइली बुहारी भावना पाठक

मिति २०७७।७।२१ गते

स्थान : निजी निवास चप्रामारी

विहान ३.०० बजेको समयमा बुवा उठेर नयाँ लुगा लगाई तल कोठामा बस्नु भएछ । आमाले किन यति छिट्टै उठेर नयाँ लुगा लगाएर बस्नु भएको भनी पुनः माथि लानु भएछ । यो प्रकाशको विवाह चै हेर्न पाइने भएन भनेर भन्नु भएछ । नातिनी प्रज्ञाले बुवा के बोलेको सुत्नुन भने पश्चात् केही समय सुत्नु हुन्छ ।

बुवा देवीप्रसाद पाठक सदाझै बिहान उठेर बाहिर खाटमा बस्नु हुन्छ । भावना पाठक सदाझैं चिया लगेर दिन्छिन् ।

देवीप्रसाद पाठक चिया खाई सकेपश्चात् छिमेकी युवराज सिवाकोटीलाई हामीलाई पनि तँ जस्तै काम गर्ने केटो खोजी दे भन्दै ठट्टा गर्नु हुन्छ । उसँग एकछिन ठट्टा मस्करी हुन्छ ।

विहान माइला भाइको छोरा कृष्ण प्रसाद पाठकसँग भेटघाट भई केही कुराकानी हुन्छ । कुराकानीका क्रममा देबीप्रसाद पाठक – म ८७ वर्ष काट्दिन, मेरो चिना हेर्ने संग्रौलाले ८७ वर्षमा मर्छस् भनेको छ भन्नु हुन्छ ।

बुवा देवीप्रसाद पाठकः भावनालाई भन्नुहुन्छ : म आज र भोलिमा मर्छु । आमा पद्मादेवी पाठक भन्नुहुन्छ । मर्ने मान्छेले आजभोलि मर्छु भनेर मर्छन नी भनेर हास्नु हुन्छ । पुनः देख्लिस् न भन्नु हुन्छ ।

भावना पाठकः बुवा त्यस्तो के भनेको भनेर जवाफ दिन्छिन् ।

देवीप्रसाद पाठक – हेरौंली नी भन्छन् ।

देवीप्रसाद पाठक : विहान उठेर एक्कासी ५ जना मान्छे आए के भन्छन् गुन गुन गर्छन्, मैले बुझ्किन भन्नुभयो ।

आमा पद्मादेवी पाठक बाटो हिँड्ने होलान् । तपाईलाई त्यस्तो लागेको मात्र होला भन्ने जवाफ दिनुहुन्छ ।

देवीप्रसाद पाठकः अघिल्लो दिन नातिनी प्रज्ञा पाठकलाई अब म मर्छु । म मरेपछि आमा एक्लै हुन्छे त मेरो खाटमा सुत्नु है भन्नु हुन्छ ।

देवीप्रसाद पाठकः विहान करिव ८ बजेतिर बाहिर खाटमा बसेका बखत छोरा टीकाले अघिल्लो दिन आई म भोलि बिहान आउछु भनेर गएको थियो विहान किन टीका नआएको भनेर सम्झनु हुन्छ ।

विहान भतिज कृष्णप्रसाद पाठकसँग भेटघाट गरि एकछिन कोठामा सुत्नु हुन्छ ।

करिव ९ बजेतिर विहानको खाना खाई पुन मावलीकी दिदी छोरी कृष्णमायासँग गफगाफ हुन्छ तत्पश्चात नाति खेम पाठकसँग कुराकानी भै सामान्य ठट्टा मस्करी हुन्छ ।

कान्छो छोरा कमल पाठक (प्रकाश) ले सदाझैं दाह्री काटिदिन्छन ।

छिमेकी फुयाल मालदाइ (भवानी फुयाल) सँग कुराकानी हुन्छ ।

छोरा टंकले सुगर र प्रोष्टेटको दवाई खुवाउँछन् सदा झैं ।

तत्पश्चात बुवा केही समय आराम गर्नुहुन्छ । उहाँको दैनिक दिन चर्यामा कुनै परिवर्तन देखिदैन ।

केही समयको आरामपछि उठ्नु हुन्छ त्यतिकैमा काइली बुहारी भावनाका दाजु दिपक र भाइ मनोज आई पुग्दछन् उनीहरूसँग केही समय भलाकुसारी हुन्छ ।

दिउँसो करिव २.३० बजेतिर भक्ति कित्तामा धान काटेको हेर्न जान भै आज सबै सक्छौ होलानी भनी गफ गरी घर फर्कनु हुन्छ ।

सापकोटाका छोरा दिनेश र निजकी दुलही आइपुग्छन् । उनीहरूसँग उनीहरूको दिनचर्या पारिवारिक जीवनबारे करिव ३० मिनेट कुराकानी हुन्छ । उनीहरू गए पश्चात पुन भावना र आमासँग कुराकानी हुन्छ ।

भाइ टंकले दशैंको लागि ल्याएको खसी किन्न सुरूङ्का सिटौला भाइ

आइपुग्छन् । खसीको मासु कति छ भनेर अनुमानित जोखतौल हुन्छ । १८ केजी मासु छ भनेर बुवाले भन्नुहुन्छ ।

त्यत्तिकैमा टंकलाई सुटुक्क बोलाई खसीको पैसा लिइस त भनी सोध्नु हुन्छ ।

टंकले पैसा लिइ सकेको भनेपछि ढुक्क भएर बस्नु हुन्छ ।

३ बजे बुवाको खुट्टा केही सुनिएकाले आमाले तेल लगाई दिनु हुन्छ ।

करिब ३.३० बजेतिर घर बाहिर पिसाव फेर्नु हुन्छ । करिव ४.०० बजेतिर पुनः बाथरूममा पिसाव फेर्न जानु हुन्छ । चुकुल लगाएकोले बुहारी भावना बाथरूम छेउमै रूँगेर बसेकी हुन्छिन् ।

बुवा देवीप्रसाद पाठक आफैं चुकुल खोली बाथरूमबाट बाहिर आउँदा भित्तामा लरखरिएर समात्न खोज्दा भावनाले, बुवा रिङ्गाटा चलेको छ भनेर सोध्छन् "मैले अँध्यारो देखे" भन्ने जवाफ आउँछ ।

भावनाले समातेर भित्रको खाटमा राख्छिन् । आमा तत्काल कोठाभित्र पस्नुहुन्छ, बुवाले एकोहोरो टोलाएर हेर्नु हुन्छ । आमाले चिच्याएर भावनालाई बेलाउनु हुन्छ । बुवाले भुँडीको अप्रेशन गर्दाको समयमा बाहिर निस्केको मासुको डल्लो छाम्न लगाउनु हुन्छ । त्यो मासुको डल्लो तातो थियो ।

भावना - बुवाको टाउकोमा पानीले भिजाई सुम्सुम्याउँछिन् र भन्छिन् बुवा गाह्रो भयो भने अस्पताल जानुपर्छ ।

बुवा - म अस्पताल जान्न । तिमी मेरी आमा हौ । तिम्रो जय जय होस् भन्ने जवाफ दिनुहुन्छ ।

भावना - भान्सामा गई जाउलो पकाउन थाल्छिन् । त्यत्तिकैमा आमा भन्छिन भावना बुवा फेरी एकोहोरिनु भयो ।

नातिनी प्रज्ञा र नाति पुकारः बुवालाई हेरेर विचार गर्दै बस्छन् ।

काइलो छोरा टंक पाठकः बुवालाई अस्पताल लान पुराना डाक्टरका बिलहरू खोज्न थाल्छन् । टंकले दाजु कृष्ण पाठकलाई तत्काल बोलाउँछन भान्सामा जाउलो पाकी सकेको हुन्छ । बुहारी भावनाले जाउलो चम्चाले खुवाउँछिन् फेरी बुहारी कृष्णमायाले पनि १-२ चम्चा जाउलो खुवाउँछिन् ।

भावना: अस्पतालमा लान कपडा लगाइदिन्छिन् । काईलो छोरा टंक पाठकले बुवा अस्पताल जानुपर्छ भन्छन् । म अस्पताल जान्न भनेर निजको हात ठेलेर बाहिर निस्कनु हुन्छ ।

टंक पाठक अस्पताल होइन तुलसीवारी हेल्थपोष्टसम्म जौ भन्छन् । ल हेल्थपोष्टसम्म चै जाउँ न त भनेर जुत्ता लगाउनु भन्दा म जुत्ता लगाउँदिन चप्पल ल्याओ भन्नु हुन्छ र चप्पल लगाउनु हुन्छ ।

भावनाका भाइ मनोज घरमा गाडी लिएर आइपुग्छन् । करिव ४.०० बजे भाइ टंकले गाडिमा बसौं भनेपछि बुवा सुरूसुरू हिँडेर गाडिको पिछाडि बस्नुहुन्छ । टंकले एउटा सिरानी मागी ढल्कन सजिलो होस् भनेर गाडीमा राखिदिन्छन् ।

दुर्भाग्य गाडीमा बस्ना साथ बेहोस् हुनुहुन्छ । पुन गाडीबाट भाइ टंकले बोकेर निकाली खाटमा राख्छन् उहाँको बोली बन्द हुन्छ । तर नातिनी प्रज्ञा पाठकले छातीमा हात राख्दा मुटुको धड्कन चलेको थियो शरीरमा खलखल पसिना आएकोले एयरकुलर ल्याएर चलाउँदा पनि उहाँमा कुनै प्रतिक्रिया आउँदैन । शायद उहाँ चीर निद्रामा गइसकेको हुनुपर्छ ।

४.३० बजे बि एण्ड सी अस्पतालबाट अक्सिजन सहितको एमबुलेन्स आए पश्चात पुन अक्सिजन लगाइ विर्तामोड अस्पतालमा लगिन्छ ।

५.३० बजे अस्पतालले मृत्युको घोषणा गरे पश्चात् उहाँको बैकुण्ठवासको कामना गरिन्छ ।

बुवाको बैकुण्ठवास होस् ।

# विवेकका धनी बुवा देवीप्रसाद पाठक - सम्झनाका क्षणहरू

नारायणी पाठक

बुवा देवीप्रसाद पाठकको मिति २०७७/७/२१ गते अचानक देहावसान भएको खबरले हामी स्तब्ध भयौं । करिव बेलुकी ५ बजेतिर बुवा बित्नु भएको खबर सुन्नासाथ नारायणी पाठक र मैले तत्काल झापा प्रस्थान गर्ने निधो गरी व्यवस्थापन तिर लाग्यौ । अन्त्यमा ज्वाई सोम प्रसाई र बैनी कमला पाठक प्रसाईसँगको संवाद पछि हामी तुरून्त झापा प्रस्थान गऱ्यौं । बुवाको ४५ दिनको धार्मिक विधि सम्पन्न गरी काठमाडौं फर्कने क्रममा बुवाको वार्षिकीमा एउटा सानो पुस्तक निकाल्ने सल्लाह भयो । त्यो पुस्तकमा म पनि बुवाको बारेमा थोरै लेख्छु है बुवा भनेर उनले मलाई भन्थिन् । अनि मैले तिमी के लेख्छ्यौ भनेर म जिस्क्याउँदै सोध्थे । म यो यो लेख्छु भनेर सुनाउँथिन्, कापीमा बुँदा टिपोट गरेकी रहिछन् । दैवको लीला उनको त्यो इच्छा पुरा हुन नपाउँदै उहाँलाई पनि शायद बुवाको मायाले डोऱ्यायो कि कसो हो उहाँ पनि बुवासँगै मिति ०७८।२।१२ का दिन करिव ६ महिनाको अन्तरमा परमधाम जानुभयो । उहाँ करिब ८ वर्षसम्म बुवासँग बस्दाका क्रममा उनले मसँग भनेका केही बुवा प्रतिका स्मरणका शब्दहरू उनकै शब्दमा टिपोट गरि सम्पादन गरिएको छ। –सम्पादक

स्मरण १ – विवाह भए पश्चात झन्डै १ वर्ष पछि पहाड इवाबाट झापा चप्रामारीमा आई ८ वर्षको गृहिणी र खेतीबालाकी बुहारीका रूपमा बुवासँग बसेकी थिएँ । ठूलो परिवार थियो । झन्डै २०–२५ जनाको लागि खान बनाउनु पर्दथ्यो । ठूलो परिवारमा अन्तिममा खानेलाई कहिले खाने कुरा पुग्दैनथ्यो पुगे पनि अलिक सकिएको कमसल हुन्थ्यो । गाउँघरमा मासु खाने कुरा हप्तामा १५ दिनमा, महिना दिनमा मात्र हुन्थ्यो । जब म मासु पकाउँथे । मासु पाकिसकेपछि माइली तलाई यौटा बटुकामा अलिकति झिकेर राख त भन्नु हुन्थ्यो । पर्दैन बुवा भन्थे । अन्तिममा हड्डीमात्र हुन्छन् । मैले भनेपछि राख्न भनेर कर गर्दै जबसम्म मासु राख्दिनथे तब सम्म भान्साबाट बाहिर हिंड्नु हुँदैनथ्यो ।

स्मरण २ - बुवालाई खाना दिँदाका बखत ठूलो बटुकामा राम्ररी पकाएको दूध दिनु पर्दथ्यो । दूध दिएपछि औलाले दूधको तर निकाल्दै दूध खानु हुन्थ्यो । अनि केही दूध बाँकी राखी यो चोखै छ तैंले खानु भनेर मलाई सारिदिनु हुन्थ्यो ।

स्मरण ३ - म मेरो माइती घर कोलाटोली समय समयमा जान्थे । त्यतिखेर यातायातको साधन थिएन । ३-३ वटा बच्चा बोक्दै, तान्दै जानु पर्थ्यो । फर्कदा बुवाले सिसार भनी सेलरोटी केरा, चिउरा, कुराउनी मानिसलाई बोकाएर पठाउनु हुन्थ्यो । माइतबाट आउँदा माइलीले के सिसार ल्याई लेत खाउ भनेर म आइपुग्दा टुक्रुक्क भान्साका छेउमा बस्नु हुन्थ्यो ।

स्मरण ४ - छोरो प्रदीप जन्मिनलाई ब्यथा लागेको रहेछ । म घरधन्दा सकि आफ्नो कोठामा गए । विरामले च्याप्दै गएको बुवाले थाहा पाउनु भयो । मैले ढोका लगाएको थिए । वरण्डाबाट चियाएर हेर्नुभयो र आमालाई भन्नुभयो । ए जान तँ माइलीका कोठामा, माइलीलाई विरामले च्यापेको बुझ्दै छु ।

स्मरण ५ - कहिलेकाहीँ खाना खाइसकेपछि तल वरण्डामा बस्नु हुन्थ्यो । अनि भन्नु हुन्थ्यो । माइली मेरो खुट्टाका नङ लामा लामा भएछन् खुट्टा नछोई काटि देन । अनि मनमनै सोच्थे के भनेको होला खुट्टा नछोई कसरी नङ काटिन्छ । अनि म नङ काटिदिन्थे ।


स्मरण ६ - कृषककी बुहारी भएकोले धान रोप्न खेतालासँग जानु मेरो दैनिकी जस्तै थियो । एकदिन धान रोप्दा रोप्दै थकित भएर खेतालालाई अरू मेलो, भ्याइदैन भनन भनी मैले के भनेको थिए । बुवा टुप्लुक्क आइपुग्नु भएछ । मलाई धिक्कार छ तँ जन्मेको त ? भनेर गाली गर्नुभयो । मैले पनि पछि सोचे, झन् आफ्ना खेतालालाई फकाएर पो मेलो सकौं भन्नु पर्ने किन मैले उकसाएको भन्ने लाग्यो ।

स्मरण ७ - घरमा बुहारी भएपछि त्यति खेरको समयमा सबैलाई खुवाई सकेपछि मात्र बुहारीले खानुपर्ने मान्यता थियो । सबैले खाएर बाहिर निस्कन्थे । अनि बुवा भित्र पस्नुहुन्थ्यो र भन्नुहुन्थ्यो तँलाई भात छ के त ? म भन्थे छ बुवा ।

स्मरण ८ - झण्डै ८ वर्षको चप्रामारीको बसाई पछि २०४० सालमा

तपाईको जागिर ताप्लेजुङमा भए पश्चात् बुवाले अब त पनि नरेन्द्रसँग जा, उस्ले ल्याइदिनु भनेको छ भनेर खुसी हुँदै कतिखेर छोरासँग मलाई भेट्टाइदिने भनी मलाई छोरी विना र छोरी रीनालाई लिएर बुवा मलाई पुऱ्याउन पहाड जानु भएको उहाँको त्यो विवेककी मन म सधैं सम्झी रहन्छु ।

स्मरण ९ - गाउँ घरमा रहँदा बस्दा सबैका छुट्टाछुट्टै सामान नहुनु स्वभाविकै थियो । एक पटक म माइती जान लाग्दा घरमा छाता नहुँदा छाताविन केटाकेटी लिएर जाँदै गर्दा तुलसीवारीमा बुवा घर आउँदै गर्दा भेट भै किन छाताविना केटाकेटी भिजाउँदै हिंडेकी भनी गाली गर्दै आफूले ओढेको छाता दिई आफू भिज्दै घर आउनु भयो ।


"सम्पूर्ण पाठक बन्धुहरु एकै हौं"

पाठक बन्धु समाज, नेपाल

PATHAK BANDHU SAMAJ, NEPAL

केन्द्रीय कार्यालय, काठमाण्डौ

स्थापित वि.सं. २०६१

जन्म मिति १९९१/०३/१२ गते

स्वार्गारोहण २०७७/०७/२१

हार्दिक समवेदना

यस संघीय गणतन्त्र नेपाल प्रदेश नं. १, कन्काई न. पा. वडा नं. ५, झापा निवासी स्व. दिव्यस्वरा र पद्मकुमारी पाठकका पति, यस समाजका आजीवन सदस्य, अक्षयकोषदाता तथा उपाध्यक्ष श्री नरेन्द्र प्रसाद, सदस्यहरु: लक्ष्मी प्रसाद, टिकाप्रसाद, टंक प्रसाद, प्रकाश पाठक, श्रीमती कमलादेबी, बालकुमारी, टिकादेवी, शान्तादेवी, लक्षिमादेवी र मिरा पाठक समेतका पिता एवं समाजकी आजीवन सदस्य श्रीमती नारायणी पाठक समेतका ससुरा समाजसेवी स्व. देवीप्रसाद पाठक ८६ बर्षको उमेरमा ब्रह्मलीन हुनु भएको घटनाले हामी स्तब्ध भएकाछौं । दु:खको यस घडीमा दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धान्जली एवं चीरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवार प्रति सहानुभुती पूर्वक हार्दिक समवेदना प्रकट गर्दछौं ।

मिति : २०७७/०७/२७

प्रार्थी
पाठक बन्धु समाज, नेपाल
का तर्फबाट अध्यक्ष
बाबुकाजी पाठक
तथा समाज परिवार

# भिनाजुको कोट


कमलप्रसाद उप्रेती

२०२२ सालतिर हो जस्तो लाग्छ म र भानिज नरेन्द्रप्रसाद पाठक पोखरीको एक्ले चौतारामा गाई हेर्दैथियौ। अग्लो ठूलो अनुहारको खाइलाग्दो मानिस गाई चराएको ठाउँमा आएर भान्जालाई तँ मेरो छोरो होस, म तेरो बाबु हुँ। अब मसँग मधेश जानुपर्छ। यस्तै-यस्तै के भन्नुभएको थियो। "भानिजले के छोरो छोरो मात्र भन्नुहुन्छ छोरो भए कोट किनिदिनुस न त" भनेको मलाई अलिअलि याद छ। उहाँले भोलि पल्ट नै सग्रान्ती बजार गएर कोट किनेर ल्याइदिनु भएछ। कोटको कपडा बढी भएको देखेर मेरा बुवाले भोलीपल्टै भिनाजुका घरमा गई किन कपडा बढी पठाएको भनेर सोधनी हुँदा, मामा भानिज दुबै जनालाई तेती कपडा लागिहाल्छ नि भनेर जबाफ दिनुभएछ। अनि बुवा घरमा आएर भिनाजुले तँलाई पनि कोट किनेर ल्याइदिएको रहेछ भनी कोट सिलाई दिनुभयो। सायद त्यो मैले जीवनमा लगाएको पहिलो कोट थियो। त्यस समयमा म निकै खुसी भएको थिए। त्यसपछि बल्ल मैले दाजु भनेको त भान्जा रहेछन् भन्ने थाहा पाए। म ७ वर्षको उमेर भएको कारणले मलाई साह्रै पुरानो कुराको सम्झना छैन। २०२३ सालतिरको कुरा हो, हाम्रो घरमा बहिरबाट एकजना मान्छे आएर मलाई, "तिमी मधेस जाने हो भनेर सोधे"। मैले त म जाँदिन भने। एकैछिनपछि मेरो दाजुलाई घोडामा चढाई लिएर जानुभयो। दाजुलाई कहाँ लगेको भनि म पनि पछिपछि लागेँ। गौरीगञ्जको उकालोमा पुगेपछि घोडाले लातले हन्ला, तिमी घर फर्क भनेपछि म घर फर्के र दाजु घोडामा चढेर जानुभयो। अनी घरमा आइ आमालाई सोधे दाजु कहाँ जानु भएको हो। आमाले भन्नुभयो उनकै घरमा। अनि उनको घर यो होइन र ? आमाले भन्नुभयो उनको घर यो होइन। उनकी आमा तिम्री ठुलदिदी हुन्। तिम्री ठुल्दिदी सानैमा बित्नुभएको हुँदा मैले ल्याएर पालेको हो नरेन्द्र भानिजलाई। त्यसैले उसलाई भिनाजुले मधेश लानु भएको हो। बल्ल मैले थाहा पाएँ। नरेन्द्र मेरी दिदीका छोरा रहेछन्। म कक्षा सातमा पढ्दै थिए। भान्जा फेरी मधेसबाट पहाड आउनुभएको रहेछ। फेरि पोखरीमै पढ्न थाल्नुभयो। अनि उनी र मसँगै हिड्दा, ऊ त

पाठक हो भन्दा, उनले म उप्रेती हुँ भनेर ढुङ्गा हान्ने गर्दथे । ठूली छोरी खसेपछि हामीले पालेको हुनाले उनलाई पाठक भन्न अप्ठ्यारो लागेको हो बाबु भनेर आमाले भन्नुभयो । उनै नरेन्द्रप्रसाद पाठकको बुवा मेरो जेठा भिनाजु हुनुहुँदोरहेछ । दिदी २० वर्षको उमेरमै परलोक हुनुभएछ । २०३२ सालमा मैले एस.एल.सी दिएर छुट्टीको समयमा झापा जाने विचार गरे । आमाले भन्नुभयो, मधेसमा तिम्रा थुप्रै भिनाजुहरू छन्, नरेन्द्र पनि उहीँ छ । पहिले सुरूङा जानु, नरेन्द्र पनि उहि छ भन्नुभयो । म पनि शनिश्चरे बजार हुँदै सुरूङ्गा पुगे । देवीप्रसाद पाठकको घर कुन हो भनेर सोधे, उ त्यही अगाडिको टिनको घर हो भनि देखाइदिए । दुईतले घर रहेछ, सानो–सानो दोकानमा भान्जा बस्नुभएको रहेछ । मैले तत्कालै सोधिहाले भिनाजु कहाँ हुनुहुन्छ, उहाँले भन्नुभयो बुवाहरू त तल चप्रामारी भन्ने गाउँमा बस्नुहुन्छ । दुई दिनजति भान्जासँग बसेर म चप्रामारी भन्ने गाउँमा गएँ । भिनाजुसँग भेट भयो , दुई दिनजति बसे । घरबाट हिंड्ने बेलामा कमल पख भनेर बाटो खर्ची रकम दिनुभयो ।

आजभन्दा करिब ९ वर्ष अगाडिको कुरा हो । भानिजबाट भिनाजु बिरामी भएर काठमाडौं हस्पिटलमा राखेको कुरा थाहापाए । एकदिन भेट्न भनी गए बोल्न सक्ने अवस्थामा हुनुहुँदोरहेछ । मलाई देख्नेबित्तिकै रून थाल्नु भयो । भिनाजु नरूनु होस ठिक हुन्छ भने । नभन्दै ठीक पनि भयो तर के गर्नु २०७७ साल कात्तिक २१ गते भिनाजु स्वर्गीय भएको खबर सुने । भावविहल हुँदै रूनु बाहेक केही भएन भान्जा घर जाँदा जहिले पनि सोध्नु हुन्थ्यो रे, “कमलको के खबर छ, कहाँ छन्, के गर्दैछन्, केटाकेटी कति छन” अनि मैले भन्दिए सबै राम्रै छ, तीनवटा छोरा छन् । एकपटक मलाई भेट्न मन लागेको थियो सुनाइदिनु भनेर भान्जाले मलाई भन्नुभएको थियो । दुर्भाग्य मैले पनि यति गम्भीर भएर विचार गरिन । यति छिटै भिनाजुको देहावसान होला भन्ने सोचेको भए सायद जसरी पनि भेट्थे । दुर्भाग्य अन्तिममा भिनाजुलाई भेट्न नसकेकोमा पश्चताप भएको छ । पहाडको घर चौकीदारलाई बेचेर झापा आउने अघिल्लो दिन बुवा बित्नुभयो । २०३८ साल पौष २२ गते बुवा बितेको खबर सुनेर विरामी आमा झन बिरामी हुनुभयो । बुवा वितको ३ महिनापछि ३८ साल चैत महिनामा आमा पनि परमधाम जानुभयो । तत्पश्चात् म माइला भिनाजुको घरमा आरती बस कम्पनीको व्यवस्थापक भएकाले यातायातको अनुभव भएको कारण भिनाजुले भन्नुभयो, कमल

हामी पनि बस किनेर चलाउ नभन्दै बस पनि किनियो । एक,दुइ दिन त भिनाजु पनि बसमा हिंड्नु भयो तर पछि भिनाजुले मलाई बस जिम्मा लगाइदिनुभयो । मैले पनि स्वीकार गरे र बिर्तामोडको घर भिनाजुलाई दिए । भिनाजु को कोमल हृदए र म प्रतिको माया सम्झेर अझै पनि मेरा आखा रसाइरहन्छन । भिनाजुको बैकुण्ठमा बास होस !!!



# आफ्नै कर्मले समृद्धि प्राप्त गर्ने सफल भिनाजु देवीप्रसाद पाठक

गङ्गाप्रसाद उप्रेती
कुलपति नेपाल प्रज्ञा प्रतिष्ठान

मान्छेको प्रारब्ध मान्छे आफैँले बनाउने हो । बाबुआमाका भावनात्मक लगावबाट उत्पन्न प्रेमको परिणामस्वरूप सन्तानको रूपमा पृथ्वीमा अवतरण भएदेखि नै व्यक्तिका चुनौतीहरू ठडिन्छन् । संसार प्रवेश गर्नेबित्तिकै निस्कने पहिलो चित्कारबाट जीवन सङ्घर्ष सुरू हुन्छ व्यक्तिको । साबालक भइन्जेलसम्म मातापिताको लालनपालनबाट आफ्नो खुट्टामा उभिन सक्ने भए पनि यो संसारमा आफ्नो पहिचान कस्तो बनाउने, आफ्नो जीवनयात्रा समृद्धिउन्मुख बनाउने कि निर्धनताउन्मुख बनाउने सम्पूर्ण जिम्मेवारी व्यक्तिका प्रयत्नमा भर पर्छन् । सारमा समाजमा आफू कस्तो बन्ने भन्ने कुराको कारक तत्त्व व्यक्तिका आफ्नै प्रयत्न, कार्य र समर्पण हुन जान्छन् । विशेष गरी आफू आफ्नै प्रयत्नले बन्ने हो, परिवार, समाज र वातावरण आफ्नै कार्यले अनुकूल र प्रतिकूल हुने हुन् । म आज यस्तै एउटा व्यक्तित्वको स्मृतिमा केही अक्षर खर्चंदै छु जो आफ्नै बलबुताले परिवार, समाज र अन्य आफन्तले सम्झन योग्य एकजना आदर्श बिम्ब भएर बाँच्न सके । मेरा स्मृतिमा आदर्श बिम्ब, बन्न सफल भएका व्यक्ति हुन्- श्री देवीप्रसाद पाठक अर्थात् मेरा भिनाजु ।

देवीप्रसाद पाठकको जन्म वि.सं. १९९१ साल असार १२ गते तेह्रथुम जिल्लाको आठराई, इवा भन्ने गाउँमा निम्न किसानको आर्थिक पृष्ठभूमि रहेको सामान्य परिवारमा भएको थियो । आप्रवासनका क्रममा सहज जीवनयापन गर्ने अवसर खोज्दै पूर्वतर्फ बसाइँ सर्ने नेपालका क्षेत्री, बाहुन मूलका विभिन्न जात र थरका परिवारजस्तै देवीप्रसाद पाठकका पुर्खाहरू पनि हालको काभ्रेपलाञ्चोक जिल्लाबाट हालको तेह्रथुम जिल्लाको आठराई गाउँपालिकाको ह्वाकु भन्ने ठाउँमा पुगेका हुन् । नेपाल खाल्डो (हालको काठमाडौँ उपत्यका) प्रवेश गर्ने यिनका मूल पुर्खा जगन्नाथ पाध्या पाठकका सातौँ पुस्ताका कृष्णपाध्या पाठकका छोरा श्रीलालपाध्या पाठक सर्वप्रथम आठराईको ह्वाकुमा बसाइँ सरेका र ह्वाकुबाट कोही हालको ताप्लेजुङ जिल्लामा पर्ने फूलबारी गएका र

देवीप्रसाद पाठकका बुवा हालको आठराई गाउँपालिकाको इवा गाउँमा आएको कुरा भान्जा नरेन्द्रप्रसाद पाठकबाट जानकारी हुन आएको छ ।

यसरी बुवा डिल्लीराम पाठक र आमा सुभद्रा पाठकको कोखबाट देवीप्रसाद पाठकको जन्म उल्लिखित इवा गाउँमा वि.सं. १९९१ मा भएको पाइन्छ । बाल्यकालमा नै देवीप्रसादका बुवाको देहावसान भएकाले उनको रेखदेख र हेरचाह गर्ने अभिभावकीय जिम्मेवारी उनकी आमामा सरेको थियो । समसामयिक ग्रामीण महिलाहरूमा केही जागरूक तथा हक्की सबैले कान्छी पाठक्नी, मुखिनी भनी सबैले सम्मान गर्ने उनकी आमा सुभद्रा नीडर, हक्की र अन्याय-अत्याचारको विरोध गर्ने, गाउँघरमा अन्यायमा पर्ने गरेका गाउँलेहरू त्यसमा पनि महिलाहरूका पिर, मर्काको विरूद्ध उभिने अगुवा महिला थिइन् । उनले गाउँघरका पीडित नरनारीलाई न्याय दिलाउने स्मरणीय काम गरेको मैले आफ्नै आँखाले देखेको र भोगेको हो । आमाको यस्तै हक्की र दीनदुखीको पक्षमा आवाज उठाउने स्वभावका कारणले बाल्यकालमा नै बाबु गुमाएका देवीप्रसादले आफ्नो बाल्यकालमा समाजबाट होचोहेला भोग्नु परेन । आमाकै यही स्वभाव सरेर देवीप्रसाद पनि सानैदेखि दीनदुखी आफ्ना गाउँले मित्रहरूका सहयोगी भए । दीनदुखीलाई सहायता पु¥याउनु आफ्नो मानवीय कर्तव्य हो भन्ने कुरा उनले आफ्नी आमाबाट सिकेका हुन् ।

देवीप्रसाद परिवारमा जेठा छोरा भएका र अरू उनका दुईजना भाइ र तीन दिदीहरू रहेकाले सावालाक भएदेखि नै परिवारको व्यवस्थापन गर्न, आय-आर्जनका लागि पूर्वाधार तयार पार्ने दायित्व उनका काँधमा आइपऱ्यो । उनको पहिलो विवाह मेरा बुवाका दाजु पर्ने मेरा बडाबा हरिप्रसाद उप्रेती तथा बडीआमा विष्णुमाया (सिटौला) उप्रेतीकी जेठी छोरी दिव्यश्वरा उप्रेतीसँग भएको थियो । हाम्री दिदी दिव्यश्वराबाट दुई भान्जाहरू लक्ष्मीप्रसाद पाठक र नरेन्द्रप्रसाद पाठक जन्मेपछि उनको देहावसान भएकाले उनले मेरै जेठी फुपू गङ्गादेवी ओलीकी साहिँली छोरी पद्मादेवी पाठकसँग वि.सं. २०१६ सालमा पुनः विवाह गर्नुपरेको थियो । जेठी दिदीपट्टिका भान्जा वरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठकको लालनपालनको जिम्मेवारी पनि दिदी पद्मादेवीमा सरेको हो ।

परिवारको आर्थिक संरचना सामान्य रहेको, भाइहरू तथा दिदीहरू समेत परिवार ठुलै रहेको र सबैको अभिभावकत्व आफैँले लिनुपर्ने बाध्यताले २०१६ सालतिरै भिनाजु देवीप्रसाद पाठकले पारिवारिक आर्थिक अवस्थामा

सुधार ल्याउन अलिक उब्जाउ हुने ठाउँ झापामा झर्नुपर्‍यो । उनलाई झापामा उनकै जेठा भिनाजु लक्ष्मीप्रसाद उप्रेती अर्थात् जेठाबाजेको आश्रय मिल्यो । त्यतिबेला झापाको मंसापुर क्षेत्रमा उप्रेतीहरूको व्यवस्थित बसोबासो थियो । आफ्ना भोगको केही जग्गा खाली हात झापा झरेका कर्मशील आफ्ना सालालाई खेती गर्न दिएर जेठाबाजेले देवीप्रसाद पाठकको झापा बसाइलाई स्थायी बनाए । सबैको मन जित्न सिपालु सरल र इमान्दार देवीप्रसादले केही समय मंसापुरछेउमा रहेको भिनाजुको खेती कमाएपछि उनी हालको झापा सुरुङ्गाको चप्रामारीमा सरे । त्यहाँ पनि उनलाई सहयोग, आडभरोसा पुर्‍याउने र खेतीका लागि उपयुक्त जग्गा उपलब्ध गराउने काम उनका भिनाजु जेठाबाजेले नै गरे । अर्काको आरिस नगर्ने आफ्नै श्रमले सृजना गरेको पौरखमा रमाउने देवीप्रसादले एक दशकभित्रै आफ्ना भाइ–छोरा दरसन्तानलाई सबै अटाउने गरी प्रशस्त जमिन जोडे ।

पारिवारिक सम्बन्धले भिनाजु पर्ने, जन्मघर पहाड एकै ठाउँमा भएको र एक अर्काको पारिवारिक दशा पनि राम्ररी बुझेकाले उमेरले निकै कान्छो भए पनि म उहाँले पत्याएको सालो परेँ । आफ्ना छोराछोरी पढाउने, क्रममा शैक्षिक रूपमा आफ्ना सन्तानको अभिभावकत्व प्रदान गर्ने जिम्मा भिनाजुले मलाई प्रदान गरेका थिए । त्यसैले मैले शिक्षक पेसा ग्रहण गरेपछि नै पहाडमा भान्जाहरूको शैक्षिक अभिभावकत्व निर्वाह गरेँ । भिनाजुको विश्वास प्राप्त गर्न सकेकाले पछि विश्वविद्यालयमा प्राध्यापन गर्न थालेपछि पनि त्यस क्षेत्रबाट विश्वविद्यालयमा पढ्न आउने आफन्तका छोराछोरीको शैक्षिक अभिभावकत्व सप्तरी जिल्लाको राजविराज र काठमाडौँ बस्दा मैले नै लिनुपर्‍यो । जेठी दिदीपट्टिका भान्जा नरेन्द्र पाठकको कानुन विषयको अध्ययनमा प्रवेश र पछि उनको व्यवसायिक प्रगतिमा सहयोग पुर्‍याउने अवसर मैले पाउन सकेकोमा आफूलाई गर्व लाग्छ । संयोगले भान्जा नरेन्द्रको विवाह मेरा आफ्नै मित्र अविकेशर ओलीज्यूकी प्रतिभासम्पन्न छोरी तथा विद्यालय तहकी मेरी छात्रा नारायणी ओलीसँग भएछ । सबैका आँखाकी नानी बन्ने क्षमता राख्ने अत्यन्तै सुशील र सबैकी सहयोगी नारायणी भान्जीसँगको दाम्पत्य जीवनले भान्जाको पारिवारिक उत्थान तथा व्यवसायिक विकास भयो । कानुनमा स्नातक भएपछि नै सरकारी जागिरमा प्रवेश गरेका भान्जा नरेन्द्र पाठक नेपाल सरकारको न्याय सेवाको विभिन्न तहमा काम गर्दै

महान्यायाधिवक्ता कार्यालयमा नायब महान्यायाधिवक्ता (कानुन सेवाको विशिष्ट श्रेणी) मा पदोन्नतिसहित कार्यरत रही सेवा निवृत्त हुनुभएको छ । हाल भान्जा नरेन्द्र वरिष्ठ अधिवक्ताको हैसियतमा रही निजी क्षेत्रबाट सरकारी तथा गैह्रसरकारी क्षेत्रमा आफ्नो विज्ञता प्रयोग गर्ने गरिरहनु भएको छ । मेरी फुपूकी साहिँली छोरी पद्मादेवीका कोखबाट टीका, टङ्क र कमल ३ जना भान्जा र ६ जना भान्जीहरू भिनाजुकै गौरवलाई बचाइ आ-आफ्नै किसिमले गर्वसाथ आ-आफ्नो परिवारलाई राम्ररी चलाइरहेका छन् । दिदी पद्मादेवी भने चप्रामारीकै मूलघरमा छोरा टंक र कमलसँग जीवन बिताइरहनु भएको छ । भनौँ न भिनाजुका प्रारब्धले सबै परिवार सुखी रहेका छन् ।

मेरा बुवाका असाध्यै प्रिय ज्वाइँमा भिनाजु देवीप्रसाद पाठक हुनुहुन्थ्यो । भिनाजु समयमै मधेस झरी आफ्नै बुतामा सम्पत्ति आर्जन गरी मध्य किसानको रूपमा झापामा स्थापित भएपछि मात्र हाम्रो परिवार झापा झऱ्यो । वि.सं. २०२५ मा झापा झर्दा हाम्रो परिवारलाई अनेक प्रकारका सहयोग र भरथेग गर्दै झापामा बसोबास स्थिर बनाउन भिनाजुले अनेक सहयोग पुऱ्याउनु भयो । स्वार्थविहीन रहेर हाम्रो परिवारलाई झापामा बसोबास सहज बनाउन भिनाजुले गरेको सहयोगबाट मेरा पिताजी र हामी सबै दाजुभाइ दिदीबहिनीहरू आभारी छौँ ।

विद्यालयको अध्ययन सकेपछि आफू जन्मेको ठाउँ आठराई इवा, पोखरीमा धेरै प्रकारका सामाजिक दायित्वको निर्वाह मैले गर्नुपऱ्यो । जि. देवीप्रसाद उप्रेतीको पहलमा स्थानीय सबै व्यक्तिको सहयोग र सद्भावले २०१६ सालमा स्थापित पोखरी हाई स्कुलको सञ्चालक समितिको सेक्रेटरी रहेर मैले हरेकवर्षजसो हिउँदमा देवीप्रसाद उप्रेतीले विद्यालयलाई प्रदान गर्नुभएको जग्गाको रेखदेख गर्न र आयस्ता उठाउन एक-दुई महिना झापामा नै बस्नुपर्थ्यो । विद्यालयले प्राप्त गरको अधिकांश जग्गा सुरूङ्गा, चप्रामारी र शरणामती क्षेत्रमा पर्थे । यही क्षेत्रमा भिनाजु आर्थिक रूपमा जमेर बस्नु भएको थियो । पहाडबाट झरेको अल्लारे ठिटो मलाई विद्यालयका जग्गा कमाउने मोहीसँगका अनेकौँ जटिल समस्यासँग जुध्नुपर्थ्यो । त्यसका लागि कति समय त मैले भिनाजुको घरमै बस्नुपर्थ्यो । त्यहाँ बस्दा मलाई मोहीसँगको झमेला सुल्झाउन भिनाजु देवीप्रसाद पाठक, कुलबहादुर कटुवाल (कुलबहादुर) काजी र ताराकुमार श्रेष्ठ (मास्टर)ले हृदयदेखि नै गरेको सहयोगले उहाँहरूप्रति मेरो आदर अरू बढेको थियो । हालको सुरूङ्गा क्षेत्रको चप्रामारीमा

मास्टर ताराकुमार श्रेष्ठ, भिनाजु देवीप्रसाद पाठक, कुलबहादुर कटुवाल तथा मिस्त्री दाइ भनेर सबैले चिन्ने हरिप्रसाद सिलवालको परोपकारी समूह थियो । सबै आफ्नै श्रमले उठेका हुनाले ग्रामीण समाजमा रहेका निम्नआय हुने किसानको समस्या यो समूहले राम्ररी बुझ्न सक्थ्यो र आफ्नो क्षमताअनुसार दीनदुखी गाउँलेहरूलाई सहयोग उपलब्ध गराउने गर्थ्यो । भिनाजु देवीप्रसाद पाठक झापा आई आर्थिक रूपमा सबल देखिए पनि पहाडमै रहेका र पछि मधेस झरेका अधिकांश आफन्तहरू उनको सहयोगको खोजीमा हुन्थे । यस्ता समूहलाई भिनाजु देवीप्रसादले पुऱ्याएको निःस्वार्थ सहयोग मैले आफ्नै आँखाले देखेकाले उहाँ सबैका सहयोगी र दयालु हुनुहुन्थ्यो भनेर मैले राम्ररी चिनेको छु ।

भिनाजु कीर्तिशेष भएको पनि एकवर्ष हुन लाग्यो । यो वर्ष भिनाजुको परिवारमा ठुलो घात पऱ्यो । भिनाजु बित्नु भयो, केही समयपछि उहाँका कान्छा भाइ मेरा दौँतरी कान्छा भिनाजु पनि बित्नु भयो । यही क्रममा कोरोना महामारीको आक्रमणमा परेर सबैका आँखाकी नानी भान्जा नरेन्द्रकी धर्मपत्नी भान्जी नारायणीले पनि हामी सबैलाई छोडेर जानुभयो । जानु त सबैले छ नै, तर कहिले, कसरी र कुन गतिमा यो कुरा बडो अनिश्चित हुँदो रहेछ । यो बेला भिनाजु, उहाँका कान्छा भाइ मेरा दौँतरी मित्र तथा भान्जी नारायणीलाई द्रवीभूत भई स्मरण गर्दै सबैमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

भान्जाको परिवारले भिनाजुका जीवनलाई, उहाँका योगदानलाई लिपिबद्ध गरी स्मृति ग्रन्थका रूपमा प्रकाशित गर्ने सोच बनाएछन् । हामी सबैले आ–आफ्नै किसिमले आफ्नो परिवारका लागि, आफन्तहरूका लागि र समाजका लागि आफ्नो जीवनमा केही न केही उल्लेखनीय काम त गरेकै हुन्छौँ, तिनलाई सार्वजनिक गर्न यस्ता स्मृति ग्रन्थ प्रकाशित गर्दा दिवङ्गतहरूका कीर्तिहरू नयाँ पुस्ताका लागि प्रेरणाका स्रोत बन्छन् । यो कुरा महसुस गरी नरेन्द्र भान्जाले बुवाको स्मृतिमा सानै भएपनि पुस्तक प्रकाशन गर्न लागेकामा उहाँका प्रयत्नको सराहना गर्दै उहाँ र उहाँको परिवारलाई धन्यवाद ज्ञापन गर्दछु र आदरणीय भिनाजुप्रति पुनः भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

२०७८ भदौ ४ गते<br>ग्रीनहिल सिटी, मूलपानी

# पुज्य पिताको महिमा

लक्ष्मीप्रसाद पाठक

जन्म भयो बुवा तिम्रो ९१ साल असार १२ गते
परमधाम भयौ बुबा ७७ कार्तिक २१ गते ॥
जन्म भयो तमोरको माथि इवा गाउँमा
अन्त्य भयो कन्काइको कोटिहोमको धाममा ॥
वास गर्नुभो पृथ्वीमा ८६ वर्ष सम्म
छोराछोरी सबैलाई पारी टमाटम्म ॥
हुर्काइ बढाइ सबैलाई सक्षम पार्नु भयो
छोराछोरी नातिनातिना छोडी जानु भयो ॥
आउदाखेरी एक्लै आउनु जादा एक्लै जानु
यथार्थलाई हामी सबले ध्रुव सत्य ठानु ॥
हजुरको क्षमता, कति थियो कति
वर्णन गरि सकिँदैन सबै भए जति ॥
आफ्ना पिता डिल्लीराम ८ वर्षमा गुम्दा
दुःख कति सह्यौ बाबा मधेश पहाड गर्दा ॥
ज्ञानी आमा शुभद्राले दुःख कष्ट गरी
पालन तालन गरिन छोरा ज्ञानी हुने ठानी ॥
सोचे जस्तो आमाले जो त्यस्तै भयौ अनि
आमा भनि मरिहत्ते गर्ने तिम्रो बानी ॥
तीन वर्षको जेठो छोरा राती एक्लै छाडि
भगिरथलाई साथमालिई हिड्यौ डाँडापारी ॥
भारतको खर्साङ् अनि दार्जिलिङ् घुमी
डुल्दै घुम्दै फेरी तिमी झापा आयौ अनि ॥

पन्ध्र सालमा बुवा हजुर भिनाजुको साथमा
बस्नु भयो मन्सापुरमा श्रमिकको रूपमा ॥
सत्र साल देखि बुवा चप्रामारी सऱ्यौ
गाइ गोरु पाली आफैं खेती गर्न थाल्यौ ॥
अधिक श्रम सिप लगाई खेती गरेपछि
जोडि केही रकम पहिले खेत पहाडमा किन्यौ ॥
आमालाई भात खुवाउने इच्छा पूर्ण गऱ्यौ
मेहनतले फल फल्छ भन्ने वाणी लिई
झरी बादल क्यै नभनी दिलोज्यान दिई ॥
छोराछोरी पढाउने दृढ इच्छा लिई
सबैलाई स्कुलमा भर्ना गर्नु भई ॥
छोराछोरी बढेपछि छुट्याउनु राम्रो
छोरा छुट्टिए धन बढ्ने भनाइ छ हाम्रो ॥
छपन्न वर्ष हुँद नै अंश दिने सोच्यौ
अंशवण्डा दिईकन आफू स्वतन्त्र बस्यौ ॥
पुज्य पिता हजुरमा कति थियो प्रेम
गई गयौ बैकुण्ठमा छाडि उपदेश ॥
पालन गर्छौं तिम्रो अर्ति हामी सधैंभरी
आशीष देउ बुवा सधैं नबिर्सने गरी ॥

# बुवालाई सम्झदा

शान्ता पाठक कडरिया

फूल फूलेर झर्नै पर्ने
जन्मेपछि एक दिन मर्नै पर्ने ॥
बाचुन्जेल सत्कर्म गर्नु नै पर्ने
जन्म र मृत्युसँग लड्नु नै पर्ने ॥
म असमर्थ छु बुवाको गुणगान गाउन
शब्द श्रद्धाञ्जलिद्वारा बुवालाई नमोः नम ॥
मनले सम्झिएकी छु भित्र याद छ हरघडी
बुवाको साथमा रहन्थे सधैं नै म अघि सरी ॥
विना दर्शन बुवाको अति विरह छ मनमा
सारा जगतको दृश्य पनि स्वप्ना झैं देख्छु यहाँ ॥
यौटा वृक्ष खडा रहे बस्छन् चरा आई
छैन वृक्ष भने किन आउथे चरा धाई ॥
आत्मा यहि बसाई जानु भयो स्वर्गीय धाममा
विदा गऱ्यौ सबै भई विराट कन्काई धाममा ॥
बुवाको स्मृतिमा मेरो शब्द श्रद्धा सधैंभरी
बन्दना पुष्पको माला अर्पे यो पाउमा परि ॥
लेखे एउटा लेख भक्ति प्रेमले बुवाको सम्झनामा
कुनै व्याधाले छुन नसकोस् बुवाको पार्थीव शरीरमा ॥
छोरा र छोरीको साथमा आमालाई छोडी
जानुभयो बुवा अब कहिल्यै नआउने गरी ॥
जन्मने मर्छ, मर्ने जन्मन्छ यो ध्रुव सत्य हो
बुवाले देखाएको बाटो लाग्ने हाम्रो प्रतिबद्धता हो ॥

# दृढ आत्मा विश्वासका धनी स्व. हजुरबुवा

डा. सम्राट वस्याल

*मायामा व्यग्रता हुन्छ*
*डर हुन्छ*
*पीडा हुन्छ*
*रोदन हुन्छ*
*छटपटाहट हुन्छ*

*मायामा उत्साह हुन्छ*
*हर्ष हुन्छ*
*लालशा हुन्छ*
*उमंग हुन्छ*

*त्यसैले माया विचित्रको हुन्छ ।*

शायद मायाको अनेकौं रूप, आभाष र मानकहरू हुन्छन् । कहिले मायाले एक प्रकारको डर, व्यग्रता पीडा, रोदनलाई जन्म दिन्छ त कहिले हर्ष, उत्साह, उमंग अनि उत्सबलाई । कहिले मायाको पारो चढेर वाफिन्छ त कहिले झरेर जम्छ । कहिले काहीँ त शुन्यतामा मायालु मन हराईदिन्छ जुन अवस्थामा मन स्थिर र प्राज्ञशून्य भइदिन्छ् ।

रीना र मेरो विवाह भएको झन्डै पाँच वर्ष पुग्न लागेको बेला थियो । कार्तिकको रमाइला दिनहरू वित्दै थिए । छोरी पूर्णिमा फाल्गुणमा २ वर्ष लाग्दै थिइन । छोरा स्वामी रीनाको पेटबाट बाहिर आई आफ्ना सक्कली रूप देखउान एक महिना पनि बाँकी थिएन । म पनि काममा निकै व्यस्त थिए । करिब बिहानको ६ बजेको थियो । मेरो फोनको घण्टी बज्यो । उठाउँछु त रीनाको फोन रहेछ । उसको स्वरमा डर थियो । "प्लीज बुवालाई फोन गर्नुस, तुरून्तै । झापाको हजुरबुवा सिरियस हुनुहन्छ मैले ह्वस भन्दै विशालनगर बुवालाई फोन हाने । फोनको घन्टी बज्दै थियो । अनि यता मेरो कल्पनाको विचरण हुँदै थियो । फोन उठ्यो । बुवाको आवाजमा एक किमिसको नैराश्यता भएपनि कुनै न कुनै उपाय लाग्न सक्ने दृढता पनि थियो ।

म हस्पिटलको काम सिद्धिने वित्तिकै विशालनगर घर पुगे । घरमा एक

किसिमको सन्नाटा थियो । विशालनगरलाई मैले कहिले त्यस्तो देखेको थिइन यसअघि । विशालनगर मेरो लागी एक उत्सवको विम्व थियो हाँसोहरूको गडगडाहट थियो । उमंग थियो, जोश थियो । तर आज त्यस्तो पाइन । कुरा राम्ररी सुने । बुवा र म अर्को फ्लाइटमा विराटनगर जाने कुरा भयो । बुवाको आँखामा एक किसिमको आशाका किरण पलाएको भनौं या शरीरले एक नवीन उर्जा पाएको भनौं वा डुब्न लागेको जहाजलाई कुनै माछाको बलले सहारा मिलेको जस्तो अनुभव भयो ।

करिव २ घण्टामा हामी २ जना विराट अस्पतालमा पुग्यौं । हजुरबुवा आईसियुमा हुनुहुन्थ्यो । गलेको मलिन अनुहार देख्दा एक मन त रून मन लाग्यो । त्यो भन्दा बढी बुवाको झन निराशाजनक अनुहारले मेरो मन बढी कुदायो । कर्तव्य सम्झी म दह्रो भए ।

हजुरबुवालाई उपचार गर्ने डाक्टर समक्ष पुगी आफू पनि डाक्टर भएको परिचय दिएँ । अवस्थाबारे बुझे । उपचारको चरणहरू बारे बुझे । थाहा भयो माथिल्लो भागको पेट वा आन्द्राबाट रक्तश्राव भइ नै रहेको रहेछ । त्यो अझै रोकिएको रहेनछ । रगत चढाइएको रहेछ । त्यहाँ Endoscopy गर्ने Facility भएपनि Endoscopy गर्दा नै रक्तश्राव रोक्ने उपाय छैन रहेछ । विरामीको अवस्था पनि गम्भीर नै थियो । भाग्यवश ब्लड प्रेसर र मुटुको चाल भने ठिकै थियो ।

अस्पतालमा करिब ५० जना आफन्तहरू थिए । एक डाक्टर भएको नाताले मेरो सुझावको अपेक्षा सबैलाई थियो । सबैतिर नजर घुमाए । काठमाडौं लान सकिन्छ वा सकिन्न भन्ने प्रश्न सबैमा थियो । उत्तर त म सँग पनि थिएन । अवस्था सहज त पक्कै थिएन । मायाले आशा जागृत गर्छ र रिक्स लिन पनि सिकाउँछ । बुवाले एउटा दह्रो निर्णय लिनुभयो । हजुरबुवालाई काठमौंमा लगेर उपचार गर्ने र प्लेनमा लाने । बल्ल मन शान्त भयो । मलाई थाहा थियो हजुरबुवाको उपचार काठमाडौंमा सम्भव थियो तर त्यहाँ थिएन । एक किसिमको उर्जाको प्रवाह विकास भयो ममा । हालाकी त्यहाँ शंकाको बादल त मडारिरहेको थियो ।

लाने पक्का भएपछि केही फोनहरू गरे । काठमाडौं अस्पतालमा डा.आई.एल आचार्यलाई देखाउने र १०२ को (EMT) सहितको एमबुलेन्स एयरपोर्टभित्र आउने व्यवस्था मिल्यो । प्लेनको टिकट भने २

वटा मात्रै मिल्यो । नैतिकताका आधारमा पनि हजुरबुवासँग जाने म नै परे । म पछि परिन । तर पनि एक किसिमको डर पलायो । वास्तवमा भन्दा त्यो आफ्नै लागि भन्दा बुवाको लागि बढी थियो । म चाहान्थे बुवाको संकल्पमा कुनै व्यवधान नपरोस् । तर पर्दैन नै भन्न त निकै गाह्रो थियो । भाग्यले साथ दियो । ४ जनाको प्लेनको टिकट मिल्यो । म, बुवा र कमला फूपू जाने भइयो । एकाएक मन ढुक्क भयो । आट बढ्यो र यो संजोगलाई मैले ईश्वरको हजुरबुवालाई बचाउने संकल्पको रूपमा लिए । त्यस्तै संकल्प हामीमा पनि थियो । तर ईश्वरको संकल्प विना त्यो सम्भव पक्कै थिएन ।

प्लेनमा एक दुई पटक हजुरबुवालाई उल्टी भयो । रगत नै थियो । फूपूको पछ्यौरी पनि रगतले भिज्यो । हजुरबुवाको नशाको धड्कन अलि कमजोर र छिटो थियो । ब्लड प्रेसर नाप्दा अलि कम थियो । तर काठमाडौँको एयरपोर्ट धेरै टाढा थिएन । एयरपोर्टमा प्लेन ल्यान्ड गऱ्यो । आधी रोग सन्चो भइसक्यो जस्तो लाग्यो । एम्बुलेन्स एयरपोर्टमै थियो । पहिले हजुरबुवालाई ओरालेर एम्बुलेन्समा राखी नशाबाट सलाईन दिंदै काठमाडौं अस्पतालमा लगियो । इमरजेन्सी डाक्टरको टिम तयार थियो । प्रारम्भीक जाँचपछि Endoscopy Room मा लगियो । Endoscopy भयो । तर हामीले सोचेको जस्तो हजुरबुवालाई छिटो सन्चो हुने छाट भने देखिएन ।

मैले डा. आइएल आचार्यको मुहारमा जीत पछिको योद्धाको हँसिलो अनुहार खोजेको थिएँ । त्यो पटक्कै थिएन । Endoscopy मा रगत आइरहेको त देखियो तर कहाँबाट आइरहेको छ त्यो ठाउँ भने भेटिएन रे । बोलीमा त्यति उत्साह थिएन । तर पनि रगत रोक्ने इन्जेक्सन दिइएको रहेछ । भर्ना भयो । अनि रगतको जोहो सुरू भयो । भोली बिहान हरिसिद्धि अस्पतालमा लगेर फेरी Endoscopy भयो । सफल भने यस पटक पनि भएन । अहिलेसम्म हजुरबुवाको स्थितिमा खासै सुधार पनि भएन तर अवस्था बिग्रिहालेको चाहिँ थिएन । कालो दिसा भने रोकिएको थिएन ।

मेरो आशा त्यति कमजोर थिएन । फेरी हजुरबुवा ७७ वर्षको भएपनि केही दिन अघिसम्म ४० वर्षे आधुनिक युवाको दाँजोमा कम हुनुहुन्थेन । समयले फेरी परीक्षा लियो । अपरेशन गरेर पेटको केही भाग सानो

आन्द्राको केही भाग काट्नुपर्ने सुझाव आयो । डा. शुशील रावलसँग भेट भयो । म इर्न्टन डाक्टर हुँदा उहाँलाई चिनेको थिए । उहाँको शल्यक्रिया देखेको थिए । मलाई भरोसा थियो । तर सबैलाई डर थियो । बुवाले पनि केही असहज भए जस्तो गर्नुभयो । प्रमुख कारण बुवाको उमेर र शल्यक्रियाको जटिलताले नै हुनुपर्छ । डर भएता पनि हजुरबुवालाई कोही गुमाउने पक्षमा थिएनन् । ठूलो निर्णय लिइयो ।

राति ८ बजेतिर सर्जरी भयो । सफल भयो रे । अब त रक्तश्राव रोकिने आश जाग्यो । कालो दिसा आइ नै रह्यो । केही दिनमा त्यो बन्द हुनुपर्ने भएन । हेमोग्लोविन (रगतको मात्रा) मा पनि कमी देखियो। फेरी रगतका पोकाहरू चढाउने क्रम रोकिएन । डा. शुशील रावलको विश्वास र धैर्यताको परिक्षण भइरहेको थियो । त्यस्तै हामी सबैको पनि । करिव २ हप्ता यो क्रम चल्यो । एकदित त हेमोग्लोविन ५ मा झ¥यो । डर बढ्यो । मायाले हार्छ कि जस्तो भयो । CT Angiogram पेटको गर्न KMC लगियो । कहिँबाट रक्तश्राव देखिएन । मन पेचिलो भयो । प्रदीप ज्वाई साब र म डा. रामकुमार घिमिरेकहाँ गयौँ । त्यो साँझ Conventional Angiogram र प¥यो भने embolisatioin को सल्लाह लिन निराशभै घर फर्कियौं । उता अस्पतालमा काका र फूपूहरूको आशाको मन कमजोर भइरहेको थियो । मेरो पनि अब अन्यौलताले मन आतिन थालेको थियो । बुवाको मुहारमा भने आशाका किरणहरू जीवितै थिए । मैले अनुभव गरे बरू ती बढी उज्याला थिए ।

शायद मायाको अगाडि दैव पनि नतमस्तक हुँदा रहेछन् । एकाएक हजुरबुवाको अवस्थामा सुधार आयो । यो विचमा उहाँको शरीरमा १६ पोका रगत चढिसकेको थिए । त्यसपछि रगत कहिल्यै चढाउन परेन । केही दिनमा घरमा आउनु भयो । त्यही मीठो मुस्कानसँगै । त्यही आफ्नोपन सँगै । हाम्रो लागि संसार मुस्कुराउँदै थियो । फुलहरू हाँस्दै थिए । बादलले मीठो धुन बजाउँदै थिए । एउटा कहालीलाग्दो सपनाको अन्तसँगै नयाँ मीठो बिहानीको सुरू भएको थियो । सयौं मायालुहरूको मायाको जित भएको थियो । उत्साह र उमंग थियो । उत्सव थियो ।

"हे दैव ! राम्रो गरिस वा नराम्रो
मायाको जाली जो बनाइस
धेरै रूवाइस केही हसाइस्

कहिले कठोर पीडा त कहिले उमंग गरिस
कहिले मार्तन्द मचाईस केहिले उत्सव मनाइस्
जेहोस् कस्तो अद्भुत माया बनाईस् ।

यसरी कठीन परिस्थितिलाई विजयमा परिणत गर्दा गर्दै पनि २०७७ साल कार्तिक २१ गते अर्के घटनाले मोड लिन पुग्यो । हाँस्दा हाँस्दै बोल्दा बोल्दै आफू खुसी आफ्नो देह लीला त्याग गर्नु होला भन्ने कल्पनै थिएन । तर दैवको लीला कहाँ हाम्रो खटनमा छ उहाँले बैकुण्ठ बास रोज्नुभयो । त्यसलाई पनि सहज स्वीकार्नु हाम्रो वास्तविकता थियो । जुन नसोचेको घटना बन्न पुग्यो ।



इन्द्रै बिन्ति गरून् झुकेर पंदमा, त्यो बिन्ति मान्दैन त्यो ।
आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ॥

चप्रामारी खानेपानी तथा सरसफाइ आयोजना

जन्म
वि.सं.१९९१/०३/१२

स्व. देवीप्रसाद पाठक

स्वर्गारोहण
वि.सं.२०७७/०७/२१

हार्दिक श्रद्धाञ्जली/समवेदना

हाम्रो यस चप्रामारी खानेपानी तथा सरसफाई आयोजनाका वर्तमान अध्यक्ष श्री कमलप्रसाद (प्रकाश) पाठकका प्रातःस्मरणीय पिता कोशी अञ्चल तेह्रथुम जिल्ला साविक आठराई युवा गा.वि.स. वडा नं. ९ निवासी पिता डिल्लीराम तथा माता शुभद्रादेवी पाठकको कोखबाट जेष्ठ सुपुत्रको रूपमा वि.सं. १९९१ असार १२ गते जन्मनु भएका मृदुभाषी, मिलनसार, उच्च विचारका धनी देवीप्रसाद पाठकको यही मिति २०७७ कार्तिक २१ गते शुक्रबार साँझ ५:२५ बजे ८६ वर्षको उमेरमा असामयिक निधन भएको खवरले हामी चप्रामारी खानेपानी तथा सरसफाइ आयोजना परिवार दुःखी एवम् स्तव्ध भएका छौँ ।

उहाँ आफ्नो दिनचर्यालाई सुखमय बनाउने क्रममा कोशी अञ्चल तेह्रथुम जिल्ला साविक आठराई युवा गा.वि.स. वडा नं. ९ निवासी पिता भिमप्रसाद तथा माता गंगादेवी ओलीकी साँइली सुपुत्रीका रूपमा जन्मनुभएकी पद्मा देवीसँग वि.सं. २०१६ सालमा बैवाहिक जीवनमा बाँधिनु भएको थियो । उहाँ शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवि व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले यस खानेपानी तथा सरसफाइ आयोजनालाई जग्गादान गरी चप्रामारीबासीलाई स्वच्छ पानीको मुहान प्रदान गर्नुभएको थियो । उहाँले वि.सं. २०१७ सालदेखि हाल बसोबास गरिरहेको कनकाई नगरपालिका वडा नं. ५, चप्रामारीलाई स्थायी कर्मथलो बनाई आफ्ना सन्ततीहरूको लालनपालन, रेखदेख गर्दै कुशल पथ प्रदर्शक बनी जीवनयापन गरिरहनुभएको थियो ।

यस दुखद घडीमा परमपद् पिताको आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौँ साथै दशगात्र कर्ममा रहनुहुने छोरा/बुहारीहरूः लक्ष्मीप्रसाद+महेश्वरा, नरेन्द्रप्रसाद+नारायणी, टिकाप्रसाद+कमलादेवी, टंकप्रसाद+भावना, कमलप्रसाद (प्रकाश) पाठक तथा छोरी ज्वाईहरूः कमलादेवी+सोमप्रकास प्रसाई, बालकुमारी+युवराज मैनाली, टिकादेवी+कुमार संग्रौला, शान्तादेवी+युवराज कडरिया, लक्षिमादेवी+गुरूभक्त खरेल, मिरादेवी+डिल्लीराम कडरिया लगायत ३४ जना नातिनातिना, २० जना पनातिपनातिना साथै कुलकुटुम्ब, आफन्तजन सबैमा धैर्यधारण गरी उहाँले देखाउनुभएको असल मार्गमा अविचलित रूपमा अघि वढी रहन सक्ने शक्ति प्राप्त होओस् भन्ने कामना साथ गहिरो शोक समवेदना प्रकट गर्दछौँ ।

जीवनाथ सिलवाल
सचिव

झरना मगर
अध्यक्ष

समस्त चप्रामारी खानेपानी तथा सरसफाइ आयोजना परिवार

# साहसी एवं निर्भीक आमा
# स्व. शुभद्रा पाठक

नरेन्द्रप्रसाद पाठक

शुभद्रा पाठक वि.सं. १९६८ मा आठराई सोदुनको मुसेगैरामा जन्मनु भै डिल्लीराम पाठकसँग वैवाहिक बन्धनमा बाँधिनु भएको थियो । श्रीमान डिल्लीराम पाठकको १९९९ सालमा ४१ वर्षको उमेरको अल्पायुमानै देहान्त भएपछि ३१ वर्षको उमेरमा नै विधुवा आमाको हैसियतमा जीवन गुजार्नु परेको थियो । स्व. हजुरआमा शुभद्रा पाठकको स्वर्गारोहण ७१ वर्षको उमेरमा २०३९ सालमा भएको थियो । जेठा छोरा नै आठ वर्षको हुँदा आफ्ना पति गुमाउनु पर्दाको क्षण कल्पना गर्न पनि कठीन हुन्छ । ससाना छोरा छोरीको स्याहार सम्भारमा उनको जीवन बित्यो । जेठी छोरी चन्द्रामाया पाठकको ३४ वर्षको उमेरमा दुई छोरी लक्ष्मी उप्रेती खरेल र चन्दा उप्रेती खरेललाई छोडेर २०१८ सालमा वितिन् । गर्भे टुहुरी कान्छी छोरी बल्दवा पनि ८ वर्षको उमेरमा झापाबाट पहाड जाने क्रममा पाँचथर फिदिमको लाली खर्क मुनीका ३ घारेमा आइपुग्दा वित्नु भयो । १९९५ मा साईला छोरा हिमलाल पनि सानैमा वितेका थिए । जम्मा ४ छोरा र ४ छोरीकी आमा स्व. सुभद्रा पाठकको दिनचर्या यस्तै दुखदायी घटनामानै बिते । ९ वर्षको छोरा देवीप्रसाद पाठकलाई गोरू आफै नारीदिने र सिर्फ अनौमात्र छोराले समाउने तर गोरू फुकाउने र आली कान्ला ओराल्ने उकाल्ने काम आफैं गरेर भए पनि आफ्नो खेतीबारी आफैं जोती जोताई परिश्रमले छोराछोरी हुर्काएकी थिइन् । महिलाले हलो जोत्नु हुँदैन भन्ने परम्परा र संस्कृतिलाई जोगाउन हलोको अनौ मात्र नसमाइ जोत्ने काम उनैले गरेकी थिइन् । सामान्य आर्थिक अवस्था भएकी एउटी विधवा महिलाले ८-९ वर्षको छोराका साथ पहाडमा खेतीपाति गर्नु कम साहसिक काम थिएन । अलिक बढेका छोरीहरू आआफ्नै घर गई सकेका थिए । उनी बस्ने गरेको आठराईमा लिम्बु समुदायको वर्चस्व थियो । त्यस बेलाको समयमा एउटी विधवा महिलाले समाजमा सुरक्षित भएर बस्ने कुरा निकै गाह्रो थियो । विधवा महिलालाई हेर्ने दृष्टिकोण त्यसताका फरक थियो । लोग्ने मरेपछि विधवा स्वास्नी

मानिसले सेता लुगा लगाउन पर्ने सामाजिक परम्परालाई तोड्ने शायदै उहाँ नै हुनुहुन्थ्यो । जेठी छोरी चन्द्रमाया पाठक लक्ष्मीप्रसाद उप्रेतीलाई विवाह गरिदिएको थियो । २०१२ सालमा नातिनी लक्ष्मी उप्रेती र एउटा नाति समेत जम्ल्याहा माइती घर इवामा नै गोदाममा जन्मेका थिए रे । तर दुर्भाग्य छोरो चैं केही समयपछि वितेछन् । छोरी लक्ष्मी र चन्द्रकला अहिले पनि छँदैछन् । जेठि छोरी हाम्री फूपूको २०१८ सालमा देहावसान भयो । २००७ सालको क्रान्तिपछि पहाडमा कांग्रेस सरकार बनेपछि लिम्बु सम्प्रदायलाई किपटी प्रथाले केही अधिकार दिएपछि समाजमा केही हिंश्रक र लुटपाटका घटनाहरू घटन् थालेपछि २००८ सालतिर छोरालाई सुरक्षित राख्न झापा समेत लिएर आउनु परेको र पछि पहाडमा लगे पश्चात् पनि स्व. बुवा देवीप्रसाद पाठकलाई थपलिया पुरेतका घरमा केही महिना लुकाएर राखेको कुरा बुवा बराबर भन्ने गर्नुहुन्थ्यो ।

यसरी जीवनमा आईपर्ने आरोह अवरोहलाई छिचोल्दै छोराछोरी सबैलाई हुर्काउन सफल थिइन स्व. हजुरआमा शुभद्रा पाठक । कोही कसैलाई अन्याय भएको देख्न नसक्ने, कोही कसैलाई अन्याय गरेको देखेमा तत्काल प्रतिकार गर्ने क्षमता थियो उहाँमा । त्यसताका किपटी प्रथा भएकाले थारी, सुब्बा, मुखियाहरूले स्थानीय विवादहरू मिलाउने गर्दथे । थाना चौकीको व्यवस्था थिएन । थरी मुखियाकहाँ काठका ठिगुरा बनाएर राखेका हुन्थे । कोही कसैले फट्याई गऱ्यो भने तिनै काठका ठिगुरामा लगेर हाल्दथे । दुवै पक्षका कुरा सुनी न्याय अन्याय ठहर गर्नुभन्दा पनि जस्ले करायो उस्ले न्याय पाउने र जो कमजोर छ त्यसले न्याय नपाउने थिति थियो त्यसबेला । एक पटक स्व. हजुरआमा स्थानीय थरी मुक्तिनाथ उप्रेती कहाँ जानु भएको रहेछ । एकजना मानिसलाई ठिगुरा हालेको देख्नु भएछ । ठिगुरामा हाल्नुको कारण भने मुखियालाई खेताला नसघाएको विषय रहेछ । हजुरआमाले यसरी खेताला नसघाएको भनेर मानिसलाई ठिगुरा हाल्न मिल्छ ? म यस्को खेताला तिरीदिन्छु । यसलाई ठिगुराबाट निकाल भन्नु भएछ । नभन्दै ती मानिसलाई ठिगुराबाट निकाली दिएछन् । त्यो खबर जताततै फिजिएपछि सबैले कान्छी पाठकिनी न्यायका लागि लड्ने साहसी महिला भनेर चिनिनु भएको थियो । हजुर आमा कान्छी पाठकिनी नीडर, हक्की स्वभावकी, अन्याय अत्याचारको विरोध गर्ने, गाउँ घरमा अन्यायमा परेका गाउँलेहरू त्यसमा पनि महिलाहरूको पीरमार्का विरूद्ध उभिने अगुवा महिला थिइन ।

कोही कसैकहाँ कचहरी हुँदा पनि कान्छी पाठकिनीलाई बोलाउनु पर्छ भन्थे रे गाउँलेहरू । न्याय निसाफ गर्दा कसैको मुख हेर्नु हुँदैन भन्ने सोच थियो । हजुरआमा शुभद्रा पाठक हिउँदमा बेला बेलामा झापा आउने गर्थिन् । झापामा आउँदा जेठा छोरा एवं नाति नातिनालाई खुवाउन अचार, घिउ, अमिलो कुराउनी ल्याइ दिनु हुन्थ्यो । झापामा पनि उहाँ त्यत्तिकै बस्न सक्नुहुन्नथ्यो । त्यतिखेर धान काट्दा थुप्रै धानहरू खेतमा छाडिएको हुन्थे । सिलाधान खोज्न विहानदेखि बेलुकासम्म खेतमा जानुहुन्थ्यो । सिलाधान खोजेर बेचेको पैसाले आफ्ना छोरी नातिनीहरूलाई दिन पाइन्छ भन्नुहुन्थ्यो । माइला नाति मेरो विवाहको जुर पनि हजुरआमाकै परिणती थियो । सानै उमेरमा आमा परलोक भएका कारण नातिको विवाह हेर्ने उहाँको इच्छा थियो । सोही कारणले स्व. नारायणी ओलीसँग मेरो जीवनसाथी हुने सौभाग्य प्राप्त भएको थियो । जेठा नाति लक्ष्मीप्रसाद पाठकको विवाह पनि उहाँले नै गरिदिनु भएको थियो ।

बुवा पहाड जाँदा जहिले पनि कान्छो भाइ साह्रै सोझो छ यस्को हेरविचार गर्नु है । तँ बाबु सरह भइदिनु है जेठा, भनेर बुवालाई भन्ने गर्नु हुन्थ्यो रे बुवाले आमाका जीवनचर्याका कुरा सुनाउँदा भन्ने गर्नुहुन्थ्यो । हजुर आमा विमारी भएको समयमा बुवा, माइलो बुवा र छोरीहरू झापानै भएकाले विमारीको सूचना दिन विमली माल्दाई (मोहन विमली) झापा आएर खबर गरेपश्चात बुवाहरू पहाड जानु भएको र बुवाहरू गएको दोस्रो दिनमानै आफै दिसा पिसाब गरेर आफ्नो देह लीला समाप्त गर्नु भएको थियो बुवा भन्ने गर्नु हुन्थ्यो हाम्री आमा साह्रै धर्मात्मा र साहसिक हुनुहुन्थ्यो मर्नु अघि पनि कसैलाई कुनै दुःख नदिई २०३९ साल भाद्र महिना आफ्नो दिसा पिसाब आफैं गरेर केही घण्टा पश्चात् देहलीला त्याग गर्नुभयो ।

# प्यारा बुवा

कमला पाठक प्रसाई

मेरो प्यारो बुवा,
हजुरको प्रेम असीमित छ ।
हजुरसँग विताएका हरेक पल मनमा छ ।
हजुरको आशीर्वाद सधैं हामीसँग छ ।

हजुरलाई हृदयबाट सधैं माया गर्छु ।
अर्को जन्ममा पनि म ता हजुरकै छोरी हुन चाहन्छु ।
बुवाको फोटोलाई सधैं पूजा गर्छु ।

चप्रामारी आउँदा सधैं देख्ने बानी
ऐलै त्यो हजुर बस्ने कुर्सी छ खाली
सबैलाई माया गर्ने बुवाको बानी
कहिलै पनि विर्सने छैनौं हामी ।

पाँच भाइ छोरा र छ बहिनी छोरी
सबैजना सधैं हुन्थ्यौ बुवाकै वरिपरि
संसार छोडेर गए पनि हाम्रो मनमुटु छैन खाली
भित्री हृदयबाट बुवालाई हार्दिक श्रद्धाञ्जलि ।

# हाम्रा बुवा

टीका पाठक संग्रौला

हाम्रा बुवा मेहनती र परिश्रमी हुन ।
हामीलाई दिएको मायाको तिर्न सकिँदैन ऋण ।

घर आँगनमा घुमफिर गरेको याद आइरहेछ ।
हामी माझ बुवा नभएका अभाव खड्किरहेछ ।

दशैंको ५ दिन मेलाघर झैं लाग्ने
नाताकुटुम्ब, बन्धुवान्धव सबै आषीश माग्ने ।

घरआँगन भान्साकोठा भरिभराउ हुने ।
छोरा छोरी नाति नातिना देख्दा मनै लोभ्याउने ।

ठूलोघर परिवारका बुवा मियो बनी
चाडपर्व आउँदा खेरी, सधैं खुसी बनि ।

रिसराग, छलकपट कहिल्यै पनि आएन
गरिब, दिनदुखी आए खाली हात गएन ।

घर आँगन खेतबारी बुवालाई सम्झी रहेछ
छोराछोरी, इष्टमित्र बुवाकै नाम जपिरहेछ ।

मेहनत र पसिना बगाई धेरै सम्पत्ति जोडे
छोराछोरी सबैको मन आफू तिरै छाडे ।

छोराछोरी सन्ततीको सारै गर्व गर्ने
दिन दुखी माग्न आए सबैको भ्mोली भर्ने ।

बुवा तिम्रो भाग्यले सबै सुखी सम्पन्न भए
छोराछोरी सबै जनाले भाग्य चम्काइ रहे ।

प्रगति र प्रेरणाको स्रोत हुन हाम्रा बुवा
दिलका दानी मायाका खानी हुनु हाम्रा बुवा ।

उचित शिक्षा, पालनपाषणमा सधैं ध्यान दिने
छोराछोरी, नाति नातिनाको सधैं खोजी लिने ।

हामी विच हाम्रा बुवा अब हुनुहुन्न
बुवा तिम्रो याद नआएको कुनै दिन हुन्न ।

हाम्रा बुवा राम्रा बुवा सधैं अमर रहुन
हामी विच नभए पनि बैकुण्ठमा बसुन ।

सम्झीरहुन सधैं भरी छोराछोरीलाई
आषीश दिनु माथीबाट सधैं हामीलाई ।

# बुवा

कमला पाठक वाङ्कोटी

बुवा, सृष्टिकर्ता, संरक्षक र पथप्रदर्शक बनी
मैले विर्सन नसक्ने मायाको खानी
ब्रह्माण्ड भन्दा विशाल छातीका धनी
हाम्रो जीवनलाई सार्थक बनाउने अग्रणी
बुवा
आज हाम्रा लागि स्मरणमा रहनु भएको छ,
मन मष्तिस्क भावनामा जीवित रहनु भएकोछ,
पूजा, धर्म कर्म चाडपर्वमा तपाई सदा सम्झनामा हुनुहुन्छ
जीवनलाई सत्कर्ममा लाने पथ प्रदर्शक बन्नु भएको छ ।
बुवा हाम्रो भाग्यदाता, हाम्रो कर्मदाता
आज हामी माझ नरहे पनि,
हाम्रो भाग्यका लागि,
पितृ भई आशीर्वाद बर्साइ रहनु हुन्छ,
कहिले सपनामा आई मार्ग दर्शन गर्नुहुन्छ,
कहिले अर्ति, उपदेश र अदम्य साहस बन्नु हुन्छ,
हजुरका विचार, भावना र दृष्टिकोणले
सदैव हाम्रो मष्तिष्कलाई डोऱ्याई रहेछ
कहिले हाम्रो कर्मलाई हेरिरहनु हुन्छ
त कहिले हाम्रो खुसीमा रमाउनु हुन्छ
विगतका स्मृतिका पानाहरू पल्टाउँदा
मेरो आँखा अगाडि उहाँका तस्वीरहरू घुम्न थाल्छन्

अचानक मेरो मुखबाट निस्किएको,
बुवा शब्दले ब्रह्माण्ड गुञ्जायमान हुन्छ,
पुन मेरा शब्दहरू गलामै रोकिन्छन्
बुवा म नतमस्तक हुन्छु,
पुष्प गुच्छाहरूका साथ सदा
श्रद्धा अर्पण गर्दछु ।
हजुरका स्मरणमा सदा वात्सल्यता पाउँछु ।
क्षितिजबाट पुलुक्क हेर्नु है बुवा, हाम्रो यो परिवारमा
आशीर्वाद दिई सदा रहनु है त्यो पुण्यको लोकमा ।



# बुवाको कान्छो भाइ स्व. विष्णुप्रसाद पाठक

नरेन्द्रप्रसाद पाठक

विष्णु प्रसाद पाठकको जन्म १९९७/१/१० का दिन तेह्रथुम जिल्लाको तत्कालीन इवा गा.वि.स. वार्ड नं. ४ हालको आठराई गाउँपालिका ४ मा भएको थियो ।

बुवाआमाको कान्छो छोराको रूपमा जन्मनु भएका विष्णुप्रसाद पाठकले ३ वर्षकै उमेरमा आफ्ना बुवा डिल्लीराम पाठकलाई गुमाउनु परेको थियो किनकि डिल्लीराम पाठकको वि.सं. १९९९ सालमै स्वर्गारोहण भएको थियो ।

बुवाको सानै उमेरमा स्वर्गे भएको कारण उहाँले बुवाको लालन पालन र माया पाउनु भएन । आमा शुभद्र पाठकको लालनपालनमा उहाँ हुर्कनु बढ्नु भयो । दाजुहरू देवीप्रसाद पाठक र प्रेमप्रसाद पाठकको माया ममता भने पाउनु भएको थियो । स्व. आमा शुभद्रा पाठकको स्वर्गारोहण हुनु अघिसम्म सबै घर व्यवहार आमाले नै संचालन गर्नुभएको थियो । म पंक्तिकार समेत वि.सं. २०२९ सालदेखि वि.सं. २०३१ साल सम्म उहाँको प्रत्यक्ष माया ममतामा रही श्री पोखरी मा.वि.मा अध्ययनरत रहेको र अन्त्यमा मेरो विवाह पहाडकै घरमा वि.सं. २०३० सालमा भएको हुँदा उहाँप्रति मेरो विशेष आदर प्रेम हुनु स्वभाविकै रह्यो । उहाँ सोझो इमान्दार र परिश्रमी हुनुहुन्थ्यो । बेला बेलामा छोराछोरीसँग ख्याल ठट्टा गर्ने उहाँको बानी थियो । कसैले केही कुरा भन्दा त्यो कुरा किन भनेको के कारणले भनेको हो सोच्ने, गम्ने स्वभाव थियो उहाँमा । लयप्रसाद उप्रेती र हरिमाया उप्रेतीकी जेठी छोरी लछिमादेवी उप्रतीसँग वि.सं. २०१९ सालमा विवाह बन्धनमा बाँधिनु भएको थियो । दुई दाजुहरू मधेश झापा तिर झरे पनि उहाँ आमाको प्रत्येक निर्देशनमा रही पहाडका जग्गा जमिन घर खेत स्याहार्दै आमालाई स्याहार संभार गरी पहाडमै बस्नुभयो । मधेशबाट पहाड जानेहरूका लागि उक्त पहाडको घर अहिलेसम्म साझा घरका रूपमा स्थापित र परिचित छ । भाइ भीम पाठक र बुहारी तुलसा पाठकको आतिथ्यता सबैलाई पुगेको छ । एकसरो


खेतीपाति गरेर आफ्नै शुरमा बस्न रमाउने उहाँको स्वभाव थियो । ५ छोरा, ५ छोरीका बुवा विष्णुप्रसाद पाठक कहिलेकाही झापातिर आएपनि उहाँ आफू जन्मेको घरमा बस्न रूचाउनु हुन्थ्यो । २०७७ आश्विन देखि अलिक खोकी बढी लाग्ने गरेकाले छोराहरूले झापामा उपचार गर्न बोलाएपछि काइला छोरा भीम पाठकले झापामा ०७७।७।२६ मा ल्याइदिए । उनका बाबु समानका दाजुको स्वर्ग भएको धार्मिक कार्यका लागि र आफ्नो उपचार समेत गर्न भनेर २०७७ साल कार्तिक २६ का दिन उहाँले आफ्नो सुत्ने ओछ्यान छोडेर आउनु भएकोमा पुनः त्यो ओछेनमा सुत्न नपाई उहाँ सिधै बैकुण्ठ धाम जानुभयो । झापामा आए पश्चात् उहाँको खोकीको कारण पत्ता लगाउने क्रममा अबुर्द रोगको शंका देखिए पश्चात् विशेष उपचारका लागि काठमाडौंमा ल्याएको थियो । काठमाडौंमा ल्याएको दिन विशालनगर घरमा आए पश्चात् उहाँलाई बुहारी नारायणी पाठकले काका के खाने भनी सोध्नु भयो । तिमीले पकाएको जाउलो मीठो हुन्छ तिमीले पकाउनु त्यही खाउला भन्नु भएको सम्म सम्झना ताजै छ । जाउलो पनि खानु भयो । तर जाउलो खाने र पकाउने यति छिटै यस धर्तिबाट विद्या हुन्छन् भन्ने कस्ले पो सोचेको थियो र । आखीर दैवको लीला । उहाँ २०७७ चैत्र ७ गते काठमाडौंमा उपचार गरी झापा फर्कने क्रममा एयरपोर्टमा गई प्लेनमा बसी उड्ने क्रममा उच्च उचाईमा अक्सिजनको मात्रा कम हुने हुँदा प्लेनमा लान नसकिने भनी पुनः प्लेनबाट ओराली Amublance मार्फत झापा जाने योजना बनाउँदा बनाउँदै प्लेनबाट यात्रुकक्षमा ल्याउने क्रममा नै मिति २०७७/१२/७ का दिन उहाँको स्वर्गारोहण भएको थियो । यसरी दाजु वितेको झन्डै ४ महिनाको अवधिमा नै देवीप्रसाद पाठकसँगै उहाँ पनि बैकुण्ठ धाम जानु भएको थियो । उहाँले लगाउनु भएको जुवारीकोटमा यौटा चाबी थियो रे । ओम अस्पतालमा उपचार हुँदाकै क्रममा उहाँले त्यो पहाडको खाट बाकसको चावी कान्छा छोरा प्रमोदलाई दिई यो चाबी आमालाई दिनु भनेर दिनु भएको भाइ चन्द्र पाठक र भाइ प्रमोदले बताएको अहिले जस्तो लाग्छ । शायद त्यो चाबी अहिले पनि काकी लछिमादेवी पाठकसँग सुरक्षित नै रहेको होला । तर खाट बाकस खुलेको छैन । बेला बेलामा मैले के छ काका भनेर भन्दा सबै ठिकै छ । अब झापा जाने टिकट काटिदिनु भनेर मलाई बराबर भन्ने गर्नुहुन्थ्यो । अब १-२ दिन उपचार गरेर जानुपर्छ भन्दै सम्झाउँदै बुझाउँदै गर्दा अन्त्यमा प्लेनको टिकट काटेर पनि उहाँ जान सक्नु

भएन । उहाँको झापा जाने धोको अधुरै रह्यो । चीर निद्रामा गैसकेपछि मात्र उहाँलाई झापा लगिएको थियो । शायद त्यो निद्राले उहाँलाई श्रीमती छोराछोरीसँग भेटघाट भएको अनुभूति गर्न दिएन । जे भए पनि उहाँका छोराछोरी श्रीमती र आफन्तजनले उहाँको अन्तिम श्रद्धाञ्जलि मा सहभागी हुन सम्म मौका पाए ।

२०६९ कार्तिकमा बुवा विरामी भएर काठमाडौं ल्याई अपरेशन पश्चात् निको भएपछि झापा जानुभयो । झापामा गई तन्दुरूस्त भएपछि म सँग पहाड जाने इच्छा व्यक्त गर्नुभयो । २०७० असोजतिर जस्तो लाग्छ बुवालाई पहाड लिएर गइयो । घरको बाहिरी खाटमा काका बसिरहनु भएको थियो । बुवालाई देख्ने वित्तिकै ढोगी दिएर एक्कासी रून थाल्नु भयो । बुवाले पनि आशु झार्नुभयो । काका निक्कै भावविहोर भै धन्न भेट भयो भन्दै निकैबेर आशु झार्नुभयो । दाजुभाइको कति गाढा प्रेमभाव रहेछ भन्ने कुराको बोध मलाई त्यतिखेरै भएको थियो । शायद बाबुछोरा निकै वर्ष पछि भेट हुँदा पनि त्यतिको प्रेमको झल्को पाउन कठीन हुन्छ ।

म २०२८ सालमा झापामा कम्युनिष्ट आन्दोलनका कारण स्कुलमा पढाइ नहुने हुँदा धैलाडुवा स्कुल छाडि पुनः पोखरी हाइस्कुलमा पढ्न गए । तत्पश्चात ३ वर्ष जति काकासँग बस्ने अवसर प्राप्त भएको थियो । बैनी कमला (देवी) भाइ चन्द्र र श्रीप्रसाद ससाना थिए । एकदिन खेतमा आली लगाउन काका विहानै जानु भएको थियो । मलाई काकीले धानको पीठोको बाबर (रोटि) हालेर खाजा पठाउनु भएको थियो । झन्डै ४०-५० मिनेटको हिंडाई पछि सिरिसे खेतमा पुगिन्थ्यो । बाटोमा जाँदै गर्दा बाबरमा मेरो ध्यान केन्द्रित भयो । सेता कपडामा बेरेर थालमा रोटी हालेर पठाएको थियो । मैले बाटोमा हिंड्दै रोटीको छेउको विट खाँदै गर्दा जति खायो उति खाउ खाउ लागेकोले चुड्दै खाँदै गर्दा म खेतमा पुग्दा ४ वटा बाबरका सबै छेउ सकिएर विचको भाग मात्र बाँकी रहेछ । रोटी खाई सकेपछि अब के गर्नु काकाले के गर्लान भनी डराएर रोटी चुच्चे ढुंगोमा राखेर म अलिक पर तर्किए । खाजा खाने बेला भयो रोटीको पोको खोलियो । रोटी त ससाना विचका भाग मात्र छन् । मतिर हेरेर हाँस्नु भयो । अनि म पनि अलिक ढुक्क भए । रोटीको पोको बाँध्नु भयो र खेतको मकै काटेर ल्याई मकै पोली मलाई समेत दिई खाजा खानुभयो र बाँकी रोटी पनि खानुभयो । आजका

बाबर कति साना रहेछन् हगी भनी हास्नुभयो । घरमा आएर काकीलाई यो नरेन्द्रलाई एक दिन अघाउजी बाबर खुवाई दिनु भन्नुभयो रे । त्यति आत्मसंयमी र गुणी हुनुहुन्थ्यो कान्छा काका । छोरा प्रदीपको विवाहमा काठमाडौं आउँदा भाइ टीकाले बराबर जिस्काउने गर्थ्यो । उहाँ त्यसैमा रमाउनु हुन्थ्यो । अनि भन्नु हुन्थ्यो, कति जिस्क्यउँछस् म बुढो मान्छेलाई । हँसिलो खुसीलो रिसराग विनाको हुनु हुन्थ्यो बुवाको प्यारो कान्छो भाइ ।



# माइली काकी स्व. धनमायाप्रति चिन्तित हुनुहुन्थ्यो बुवा

नरेन्द्रप्रसाद पाठक



मेरा माइला बुवा श्री प्रेमप्रसाद पाठककी धर्मपत्नी मेरी माइली काकी स्व. धनमाया पाठक हामी माझ हुनु हुन्न । २००१ साल फल्गुण २७ गते शनिबार जन्म भै २०५७ साल फागुन २७ गते जन्मेकै दिन ५७ वर्षको उमेरमा उहाँको वैकुण्ठ बास भएको थियो । स्व. बुवा भीमप्रसाद मैनाली र आमा स्व. विष्णुमाया मैनालीको जेठी छोरीको रूपमा उहाँको जन्म भएको यियो । १८ वर्षको उमेरमै आमा गुमाउनु परेको दुखद घटना बेहोर्नु परेको थियो । गोह्रो अनुहारकी छरितो जिउ, चिटिक्क परेकी, टाउकामा सधैं सानो मजेत्रोले सपक्क बेर्ने बानी परेको ती माइली काकीको अहिले पनि याद आइरहन्छ । सरल स्वभावकी अरूले के गरे कसो गरे कुनै चासो नराख्ने आफ्नो एकोहोरो नित्य कर्म गर्ने स्वभाव थियो उहाँको । मेरो उहाँसँगको उठबस म पोखरी हाइस्कुल पढ्दा २०२९ देखि २०३२ सम्म पहाडमा भयो । माथ्लोघर थियो उहाँको । म पनि मधेशबाट गएको कहिलेकाही माथ्लो घर जाँदा खाजा के खाइस, मकै भट्मास खान्छस भन्नु हुन्थ्यो । पहाडमा मकै भट्मास नै मुल खाजा हुन्थ्यो । अरूको जस्तो धेरै दुख नगर्ने जे जति छ त्यसैमा सन्तोष लिने विचित्रको स्वभाव थियो उहाँमा । पहाडबाट झापा २०४२ सालमा आएपछि उहाँ तिवारी डाडमा बस्नुहुन्थ्यो, पछि

तल सर्नुभयो । दशैंमा तिहारमा बराबर भेट हुन्थ्यो । किनकि त्यस ताका दशैंमा एकै घरमा टीका लगाउने चलन थियो । मुलघर हाम्रै थियो । काकी प्रणामी सम्प्रदायमा बढे हुर्केकी हुँदा मासुमंस त के कुरा खसी बोका समेत घरमा पाल्न नपाए हुन्थ्यो भन्थिन तर पछि विस्तारै त्यो पनि सम्भव भएन ।

काकीलाई चिनी रोग (सुगर) धेरैछिटो लागेको थियो । उनी विरामी भएपश्चात् उपचारको क्रममा काठमाडौं ल्याइएको थियो । काठमाडौंको विशालनगरको घर त्यसताका सबैको आश्रयस्थल थियो । मानौ उपचारकक्ष नै जस्तो । किनकि त्यसताका काठमाडौंमा धेरैको घर थिएन । उपचार गर्न आउँदा झन्डै १ महिना जति काठमाडौंमा सँगै बसियो । उपचारका क्रममा झापाबाट बुवाले बराबर माइलीलाई कस्तो छ भनेर सोध्नु हुन्थ्यो ठिकै हुँदैछ बुवा भनेर भनेपछि ए ल राम्रै भएछ भनेर खुसी हुनुहुन्थ्यो । उहाँको बानी व्यहोरा प्रति मेरो छोरा छोरीहरू पनि दङ्ग पर्दथे । माइला बुवा उहाँप्रति निकै सहृदयी हुनुहुन्थ्यो । मेरो अनुभवमा अरू बुहारी जस्तो कडा परिश्रम पनि उहाँले गर्नुभएन । ३ छोरा र ४ छोरीको आमा काठमाडौंबाट गएको केही महिना पछि यस लोकबाट विद्या भै बैकुण्ठ बास जानुभयो भन्ने खबर सुन्दा हामी सबै स्तब्ध भयौ । शायद कोही कसैले यस्तो सोचेको थिएन होला । दैवको लीला कस्ले टार्न सक्ने ।

आमाको पनि माइली काकीसँग निकै राम्रो प्रेमभाव थियो । बराबर माइली काकीका बारेमा कुरा गर्नुहुन्थ्यो र पटक पटक विरामी हुँदा पनि हेर्न जानु हुन्थ्यो । शायदै देउरानी जेठानी मध्येमा माइली काकीलाई नै बढी माया गर्नुहुन्थयो जस्तो लाग्छ मलाई । माइली काकीको कोही कसैप्रति रिसराग नराख्ने, आफ्नो जे जस्तो छ त्यसैमा सन्तुष्टि लिने कसैका बारेमा टीका टिप्पणी नगर्ने स्वभावलेनै होला उहाँलाई सबैले माया गर्थे । सबैकी मायाकी खानी हुँदाहुँदै पनि ३ छोरा ४ छोरी समेत लाई छाडि अल्पायुमै बैकुण्ठधाम जानुभयो । दैवको लीला । कस्को के लाग्छ र दिन आएपछि । केही दिन रूनु कराउनु शिवाय अरू के नै पो गर्न सकिन्छ ?

# कृषि उद्यमी स्व. देवीप्रसाद पाठक

डिल्लीराम सिलवाल

१ देवीप्रसाद पाठक झापा कति सालमा आउनुभयो र कहाँ, कसरी बसोबास गर्नु भयो ?

देवीप्रसाद पाठक जीवनको उन्नती र प्रगतिको खोजीमा भौतारिदै २०13 सालमा पहाडबाट एक्लै आइ झापाको साबिक धैलाडुबा गाउँ पञ्चायत मन्सापुरमा भिनाजु लक्ष्मीप्रसाद उप्रेतीको सँग साथमा सर्बप्रथम सहयोगीका रूपमा आफ्नो जीवन प्रारम्भ गर्नु भएको थियो । त्यस पछि झन्डै ३ वर्षसम्म २०१७ सालामा मन्सापुरमा बसी त्यसपछि साबिक सुरूङ्गा गाउँ पञ्चायत वडा न ६ हालको कन्काइ नगरपालिका वडा न ५ मा बसोबास गर्नुभएको थियो ।

२ देवीप्रसाद पाठकसँग तपाईंको पहिलो भेट कहाँ कसरी भएको थियो ।

देवीप्रसाद पाठकसँग मेरो पहिलो भेट २०१५ सालमा निजको भिनाजु लक्ष्मीप्रसाद उप्रेतीको घरमा निजको जग्गा खेती गर्ने बिषयमा कुरा कानी गर्न जाँदा सामान्य भेट भएको थियो ।

३ देवीप्रसाद पाठक चप्रामारीमा आउँदा उहाँको पारिवारिक एवम आर्थिक अवस्था कस्तो थियो ?

उहा २०१७ साल मा चप्रामारी आउँदा भिनाजु लक्ष्मीप्रसाद उप्रेतीको चप्रामारीमा १० बिघा जग्गा ठेक्कामा लिइ खेती गर्न थाल्नु भएको थियो । उहा र उहाँको श्रीमती मात्र हुनुहुन्थ्यो ।

४ देवीप्रसादसँग भेट हुँदा उहाको पारिवारिक तथा आर्थिक अवस्था कस्तो थियो ?

निजको पहाडको आर्थिक अवस्था सामान्य रहेको हुँदा तत्काल जग्गा खरिद गर्न सक्ने अवस्था थिएन । २०१६ सालमा विवाह गरी २०१७ साल मा पुन जेठा भिनाजु जेठा बाजेको घर मन्सापुरमा आउनु भयो र २०१७ साल देखि उहाँहरूको चप्रामारीको १० बिधा जग्गा ठेक्कामा लिइ

खेती गर्न र बसोबास गर्न थाल्नुभएको थियो । तत्कालिन अवस्थामा मधेश घुम्न भनि पहाडबाट प्रसस्त मान्छे आइ घरमा एक किसिमको भिड नै हुन्थ्यो । त्यसरी आएको व्यक्तिले धान काट्ने, दाउनी गर्ने समेतका काम गर्थे ।

**५ देवीप्रसाद पाठकलाई इमान्दार र सहयोगी मानिन्थ्यो, कसरी ?**

उहाँको आफ्नो नातेदार छरछिमेकसँग समेत सद्भाव र सेवा गर्ने बानी थियो । पहाडबाट आएका आफन्त र नातेदार, छिमेकीलाई समेत सुमधुर सम्बन्ध रख्ने स्वभावका थिए । कसैसँग झगडा नगर्ने, आफू हारेर पनि सम्बन्ध कायम राख्ने स्वभावका थिए । अबर परेका बेला आफ्न्त र छिमेकीलाई आर्थिक सहयोग गर्ने, समाजमा भद्रभलादमीको रूपमा न्याय निशाफ गर्ने, अन्याय र अत्याचार नसहने स्वभावका थिए देवीप्रसाद दाई ।

**६. उहालाई कृषि उधमी भनिन्थियो । किन ?**

पशुपालनबाट कृषिमा आफ्नो जीवन प्रारम्भ गरेका देवीप्रसाद पाठक धेरै श्रम गर्ने किसानका रूपमा परिचित हुनुहुन्थ्यो । खेतीपतीमा ठुलो अभिरूची राख्ने र पछिसम्म खेतमा पटाहा लगाउने उनको नियमितता जस्तै थियो । ठुलो दारका भएका कारण उनि पटाहामा चढेपछि खेतका गरा सबै एकाम्य सम्म हुन्थे र पानी खेतका गरामा सबैतिर जान सक्थ्यो । नियमित परिश्रमलाई आफ्नो जीवनको कर्म ठान्दथे यही कर्मको फल स्वरूप छोटो अबधिमा प्रसस्त जग्गा जिमिन खरिद गर्न सफल हुनुभएको थियो । उहा असल र मेहनति कृषकका रूपमा स्थापित भएकाले उहालाई कृषि उद्यमिका रूपमा चिनिन्थ्यो ।

**७. शिक्षा शामजिक र धर्मिक क्षेत्रमा उहको के कस्तो योगदान पाउनु भयो ?**

चप्रामारीमा कुनै विद्यालय थिएन । केटाकेटीलाई प्राथमिक शिक्षाका लागी पनि तुलसीबारीमा पठाउनु पर्दथ्यो ।त्यसैले २०२६ सालमा गाउँमै स्कुल सञ्चालन गर्नु भवन निर्माण एवं विद्यार्थी भर्नामा समेत सहयोग गर्नु भएको थियो । वार्डमै बचत सस्था खोली उक्त सस्थालाई समेत सञ्चालन गर्न सहयोग गर्नु भएको थियो । पछिल्ला वर्षहरूमा कन्काइ हाईस्कुल र क्याम्पसमा समेत आर्थिक सहयोग प्रदान गर्नुभएको थियो ।

गाउँको भगवती आधारभूत विद्यालयमा गेट निर्माण र पन्चेश्वर शिवालाय मन्दिर निर्माणमा समेत सहयोग गर्नुभएको थियो ।

## ८. उहाका गुण, अवगुणबारे केही बाताइदिनु हुन्छ कि ?

उहा स्पष्टवक्ता, सत्यवादि, आफूले देखेको जानेको, सुनेको कुरा प्रस्ट बताइदिने, कतिपय गोप्य कुरा पनि लुकाउन नसक्ने, खरो स्वभावको हुनुहुन्थ्यो । उहाको अवगुण त खासै केही थिएन ।



नगर सहकारी समन्वय समिति

कनकाई नगरपालिका, झापा

'झाका भुल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ॥
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो । आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥'

हार्दिक श्रद्धाञ्जलि एवम् समवेदना

जन्म :
वि.सं १९९१
असार १२ गते

स्वर्गारोहण :
वि.सं. २०७७
कर्तिक २१ गते

स्व. देवीप्रसाद पाठक

नगर सहकारी समन्वय समिति सदस्य श्री लक्ष्मी पाठक तथा सहकारीकर्मीहरु श्री नरेन्द्र पाठक, टीका पाठक र टंक पाठकका पूजनीय पिता श्री देवीप्रसाद पाठकको यही मिति २०७७ कार्त्तिक २१ गतेका दिन भएको असामयीक निधनको खबरले हामी चेम्बर अफ कमर्स, कनकाई परिवार स्तब्ध एवम् मर्माहत भएका छौं ।

कोशी अञ्चल तेह्रथुम जिल्ला (साविक आठराई युवा गा.वि.स. वडा नं. ९) मा पिता डिल्लीराम पाठक र माता शुभद्रादेवी पाठकका कोखबाट ज्येष्ठ सुपुत्रको रुपमा वि.सं. १९९१ साल असार १२ गतेका दिन जन्मनु भएका देवीप्रसाद पाठक सोही ठाउँ निवासी पिता भीमप्रसाद ओली र माता गंगादेवी ओलीका कोखबाट साईली सुपुत्रीका रुपमा वि.सं. २००१ सालमा जन्मनु भएकी श्री पद्मादेवी ओलीका साथ वि.सं. २०१६ सालमा विवाह बन्धनमा बाधिनु भएको थियो । वि.सं. २०१७ सालदेखि झापा जिल्ला साविक सुरुङ्गा गा.वि.स. हाल कनकाई नगरपालिका, वडा नं. ५ चप्रामारीमा स्थायी बसोबास गर्दै आउनु भएका शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी, कर्तव्यपरायण व्यक्तित्वका रुपमा परिचित वहाँको निधनले परिवरले एक कुशल अभिभावक साथै प्रेरणाका स्रोत गमाएको छ भने समाजले एक अमूल्य निधी गुमाएको छ ।

यही मिति २०७७ कार्त्तिक २१ गते बेलुका ५:२५ बजे भएको वहाँको परमधाम गमनबाट उत्पन्न यस दुःखको घडीमा शोकमा रहनु हुने शोक सन्तप्त परिवार जन छोराबुहारीहरु : लक्ष्मीप्रसाद+महेश्वरा, नरेन्द्रप्रसाद+नारायणी, टिकाप्रसाद+कमलादेवी, टंकप्रसाद+भावना पाठक, कमलप्रसाद पाठक, छोरीज्वाईहरु : कमलादेवी+सोमप्रकाश प्रसाई, बालकुमारी+युवराज मैनाली, टीकादेवी+कुमार संग्रौला, शान्तादेवी+युवराज कडरिया, लक्षीमादेवी+गुरुभक्त खरेल, मिरादेवी+डिल्लीराम कडरिया, ३४ नातिनातिना, २० पनातिपनातिना लगायत छरछिमेक, कुलकुटुम्ब, नातागोता सम्पूर्णमा दुःखलाई सहन गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दै परमधामबासी आत्माको चीर शान्तिको कामना साथै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

सम्पूर्ण नगर सहकारी समन्वय समिति परिवार

# हजुरबुवासँगको पहिलो भेट

सीताराम उप्रेती

सालको सम्झना अहिले ठयाक्कै मलाई हुन सकेन । तीसको दशकको मध्य जस्तो लाग्छ महिना भने श्रावणको अन्तिम भने पक्का हो । मधेशमा घाम असाध्यै चर्को पनि हुने र पानी पनि स्यार सुर्र हुने समय हाम्रो भने खेतको मैजारो भैसकेको थियो । कोठेबारीमा बांसको ढाट बनाएर पाटा सुकाएका ठाउँमा हामी केटाकेटीहरू लुकामारी खेल्दै थियौं । साँझ पर्ने लागेको थियो नजिकैको टोकलाको जङ्गलबाट गाईवस्तुका हन्जाहरू घर फर्किरहेका थिए । एक जना मोटाघाटा मान्छे केही थान आँप र लिचीका विरूवा अनि एक टोकरी आँप बोकेर हाम्रा घरमा टुप्लुक्क आईपुग्नु भयो । अग्लो कद कमिज सुरूवालमाथि इष्टकोट शिरमा ढाकाको टोपी अलिक ठूलो स्वर प्रष्ट बोलीवचन भएका मानिसलाई मैले त्यस अघि देखेको थिइँन । त्यतिबेला साँझ परेपछि काकरभिटाबाट पश्चिमतिर जाने सवारी साधन पाउन मुश्किल नै थियो कारण गाडीहरू असाध्य कम चल्थे पाइए पनि ती विर्तामोडबाट उत्ता जादैनथे ।

बुवासँग गफ गर्दै बस्नु भएका वहाँको विषयमा जान्नकालागि मैले आमासँग सोधेको थिए को मानिस भनेर ? आमाले भन्नुभयो ठूली फुपूका जेठा जेठाजु देवीप्रसाद पाठक, घर चप्रामारीमा छ । आज सिलगढी गएर आउनु भएको रहेछ । पहाडमै रहेकी मेरी फुपूलाई पनि त्यसबेलासम्म मैले राम्ररी चिनेको नै थिइन भन्दा पनि हुन्छ । रातीको खानापछि घर ब्यवहारका कुरा पहाड मधेशका लामा कुराकानी गरेर सुत्नु भयो । बिहान हामी उठदा त वहाँ हिडिसक्नु भएको रहेछ । बिहान सबेरै भने काकरभिट्टाबाट धरान विराटनगर जाने गाडी सहजै पाइन्थे चप्रामारी जानकालागि सुरूङ्गासम्म गाडीमा जानु पर्ने रहेछ । मुश्किलले विर्तामोडसम्म पुगेको मलाई सुरूङ्गासम्मको भूगोलको जानकारी हुने कुरै भएन त्यसबेला ।

त्यसपछि पनि यदाकदा सिलगढी नक्सलबारी जांदाआउंदा हाम्रा घरमा निश्कनु हुन्थ्यो । कहिले एक्लै कहिले अरू मानिस र आफन्तहरूसँग विशेष गरी स्वास्थ्य उपचारकालागि सिलगढी जाने चलन नै थियो ।

यता झापामा अहिले जस्तो भरपर्दो उपचारको सुविधा थिएन । उता बङ्गाली विशेषज्ञ डाक्टरहरू भएकाले धेरै माानिसहरूको उपचारको थलो सिलगढी थियो । अनि नक्सलबारीको बजार भर्न शनिबारको दिन पनि धेरै मानिसहरू पारीको बजारमा जाने गर्दथे । कारण थियो यता भन्दा उता सरसामान निक्कै नै सस्तो पाइन्थ्यो ।

समयको अन्तरालसंगै जेठी फुपूका छोराहरू स्कुल पढनकालागि झापा बस्न थालेपछि उनीहरूलाई ल्याउन पुरयाउन सुरूङ्गा इलुवाबारीमा म आउजाउ गर्न थालें । त्यहाँ पनि घर जग्गा जमिन रहेछ जस्को रेखदेख वहांका जेठा छोरा लक्ष्मीप्रसाद पाठकले गर्नुहुंदो रहेछ । त्यसबेला सुरूङ्गा स्कुल पढने विद्यार्थीहरू पनि त्यही बसेर पढने हुंदा सानोतिनो छात्रावास जस्तै लाग्दथ्यो इलुवाबारीको त्यो घर जहां छिमल छिमलका विद्यार्थीहरू देखिन्थे ।

समयक्रममा मेरा जेठा फुपाजु विष्णुप्रसाद पाठकका छोरा चन्द्र पाठक पनि खेती गर्नेगरी चप्रामारीमा आएपछि पनि आवतजावतको क्रम स्वभाविक रूपले बाक्लिनु स्वभाविक नै हुन गयो हाम्रो साइंनो सम्बन्ध पनि त्यही कायम रहेको थियो । एउटा यस्तो समय पनि जुर्न पुग्यो जस्ले हाम्रो साइंनो सम्बन्धलाई अझ फराकिलो पारिदियो जब चन्द्र भाइले उनका जेठा ठुलाबुवाकी नातिनी लक्ष्मीप्रसाद पाठककी जेठी छोरी लीलाको विवाह मसंग गर्नु उचित हुन्छ भन्ने प्रस्ताव लिएर मेरा बुवाआमा समक्ष पुगे । दुवै तर्फबाट एकै झमटमा कुरो सकिएपछि हाम्रो साइंनो झन प्रगाढ हुन पुग्यो देवीप्रसाद पाठक मेरा बूढा ससुरा बन्न पुग्नु भयो । २०५३ साल वैशाख ९ गतेका दिन हाम्रो विवाह भयो । त्यसपछि विधिवत रूपमा म वहांको नातिने ज्वाइँ भएँ ।

१९९१ साल असार १२ गते कोशी अञ्चल तेह्थुम जिल्ला आठराईको ईवामा देवीप्रसादको जन्म भएको थियो । सानैमा बुवाको निधन भएपछि आमाको लालनपालनमा हुर्किनु भयो पढन पाउनु भएन । त्यसपछि वहां झापामा झरेर अनेक दुःख कष्टकासाथ खेती किसानी गर्न थाल्नु भयो । समय सहज थियो । मेहनत धेरै गरेर जग्गा जमिन जोड्नु भयो । कान्छा भाइलाई पनि बराबरी गरेर चित्त बुझाउने गरी अंश दिई आर्थिक रूपमा सबल बनाउनु भयो । आफूले पढन नपाए पनि छोराछोरी र नातिनातिनाहरूलाई पढाउने काममा कुनै खोट पुर्‍याउनु भएन ।

पहाडबाट मधेश झरेपछि सुरूङ्गा, चप्रामारी दुर्गापुर क्षेत्रमा नै आफ्ना जीवनका सुरूवाती र बैशालु दिनहरू अनि बुढयौली जीवन पनि बिताउनु भयो । राणा शासनदेखि गणतन्त्रसम्म देख्नु भोग्नुभयो । त्यहींको घाम त्यहीको पानी त्यहींको प्रकृतिसँग रमाउनुभयो त्यस ठाउँबाट अन्यत्र बसाइसराईको काम पनि गर्नु भएन । २०७७ साल असोज २१ गते ८६ वर्षको उमेरमा वहाँको निधन भयो । स्वर्गीय देवीप्रसाद पाठकप्रति यिनै शब्द मार्फत हार्दिक श्रद्वान्जलि ।


"मानव जीवन चोला यो नश्वर, घर परिवार सबैलाई चटक्कै छोडायौ
यो के गऱ्यौ हे ईश्वर परेको यो विघ्न खप्न सक्ने शक्ति देऊ
भनी गर्दछौं हामी भगवान सँग प्रार्थना बाँधेर अञ्जली
दिवंगत आत्माको चिर शान्तिको कामना सहित
प्रकट गर्दछौं भावपूर्ण श्रद्धाञ्जली"

भावपूर्ण श्रद्धाञ्जलि एवम् समवेदना

जन्म :
वि.सं १९९१
असार १२ गते

स्वर्गारोहण :
वि.सं. २०७७
कर्तिक २१ गते

स्व. देवीप्रसाद पाठक

हाम्रो यस नेपाल रेडक्रस सोसाइटी, सुरुङ्गा उपशाखाका आजीवन सदस्य देवीप्रसाद पाठकको मिति २०७७ कार्त्तिक २१ गते भएको परमधाम बासले नेपाल रेडक्रस सोसाइटी, सुरुङ्गा उपशाखा परिवार स्तव्ध एवं मर्माहत बनेको छ ।

कोशी अञ्चल तेह्रथुम जिल्ला (साविक आठराई युवा गा.वि.स. वडा नं. ९) मा पिता डिल्लीराम पाठक र माता शुभद्रादेवी पाठकका कोखबाट ज्येष्ठ सुपुत्रको रुपमा वि.सं. १९९१ साल असार १२ गतेका दिन जन्मनु भएका देवीप्रसाद पाठक वि.सं. २००६ सालमा पिता हरिप्रसाद उप्रेती र माता विष्णुमाया उप्रेतीकी जेठी सुपुत्री दिव्शरा उप्रेतीका साथ विवाह बन्धनमा बाँधिनु भएको थियो । २०१३ सालमा पत्नी वियोगको पीडा भोग्नु परेको वहाँ पिता भीमप्रसाद ओली र माता गंगादेवी ओलीका कोखबाट साईली सुपुत्रीका रुपमा वि.सं. २००१ सालमा जन्मनु भएकी श्री पद्मादेवी ओलीका साथ वि.सं. २०१६ सालमा दोस्रो विवाह बन्धनमा बाधिनु भयो । वि.सं. २०१७ सालदेखि झापा जिल्ला साविक सुरुङ्गा गा.वि.स. हाल कनकाई नगरपालिका, वडा नं. ५ चप्रामारीमा स्थायी बसोबास गर्दै आउनु भएका शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी, कर्तव्यपरायण व्यक्तित्वका रुपमा परिचित वहाँको निधनले परिवरले एक कुशल अभिभावक साथै प्रेरणाका स्रोत गुमाएको छ भने समाजले एक अमूल्य निधी गुमाएको छ ।

यही मिति २०७७ कार्त्तिक २१ गते बेलुका ५:२५ बजे भएको वहाँको परमधाम गमनबाट उत्पन्न यस दु:खको घडीमा शोकमा रहनु हुने शोक सन्तप्त परिवार जन छोराबुहारीहरु : लक्ष्मीप्रसाद+महेश्वरा, नरेन्द्रप्रसाद+नारायणी, टिकाप्रसाद+कमलादेवी, टंकप्रसाद+भावना पाठक, कमलप्रसाद पाठक, छोरीज्वाईहरु : कमलादेवी+सोमप्रकाश प्रसाई, बालकुमारी+युवराज मैनाली, टीकादेवी+कुमार संग्रौला, शान्तादेवी+युवराज कडरिया, लक्ष्मीमादेवी+गुरुभक्त खरेल, मिरादेवी+डिल्लीराम कडरिया, ३४ नातिनातिना, २० पनातिपनातिना लगायत छरछिमेक, कुलकुटुम्ब, नातागोता सम्पूर्णमा दु:खलाई सहन गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दै परमधामबासी आत्माको चीर शान्तिको कामना साथै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

नेपाल रेडक्रस सोसाइटी
सुरूङ्गा उपशाखा परिवार
कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा
मिति : २०७७/०७/२९

# मेरो मानसपटलमा स्व. देवीप्रसाद पाठक

हरिप्रसाद उप्रेती

मन भारी छ । शब्दहरू गरूङ्गो भएका छन् । भावहरू अलमल्ल छन् । के लेखौं । कहाँबाट सुरू गरौं ? कसरी अन्त्य गरौं ? नलेखौं लेख्न बसेको छु । लेख्न सुरूवात र अन्त्य गर्नुभन्दा पहिला नै एउटा तस्वीर नाचिरहेको छ, मेरो मानसपटलमा ।

मझौला कदको शरीर । मधुरो श्यामल अनुहार । च्याप्टो बान्कीको अनुहारको बनौट । टम्म मिलेका दाँतहरू । कलाकारले मूर्ति बनाउँदा बनाए जस्तै सलक्क परेका औंलाहरू । दौरा सुरूवाल कोट वा कमिज सुरूवाल र अस्कोट धारण गरेको देखिने सरल र निश्चल अनुहार । चप्रामारीबाट तुलसीबारी हुँदै सुरूङ्गा बजार तिर आइ रहँदा मान्छे चिन्ने र सम्झेर जान्ने भएका बेलादेखि देखिएको अनुहार । अर्थात देवीप्रसाद पाठक । जो अहिले यस धरतीमा हुनुहुन्न । धरतीबाट हामीलाई छोडेर गएको एक वर्ष पुग्ने दिन नजिकदैछ । मेरा अभिन्न साथी नरेन्द्रप्रसाद पाठकजीका बुवा । जसलाई उहाँले गुमाउनु भयो । अहिले त्यही पात्रको अनुहार सम्झँदै र सहयोगका क्षणहरू सम्झदै यी हरफहरूले स्मृतिमा उहाँलाई बाँधिरहेको छ ।

तुलसीबारी हुँदै चप्रामारीबाट आउँदा कहिले घोडा चढेको देखेको थिए । कहिले गोरू गाडा चलाएर आएको देखेको थिए । कहिले धान खरीद गरेको स्थनमा सकेसम्म अरूलाई भलाई गर्ने कुभलो कसैको नगर्ने सरल स्वभावका धनी उहाँको जीवन सादगीमय थियो । दान, धर्म, पुण्य कार्यमा रूचि रहेको कुरा झल्कन्थ्यो ।

ठूलो पारिवारिक जहाजलाई पनि कुशलतापूर्वक अभिभावकत्व दिनु भएको थियो । उहाँको छोराछोरीप्रतिको समभावका थुप्रै प्रसंगहरू मैले सुनेको छु । प्रसंगहरू उठेका होला ।

केही दिन छुट्टीको समय मिल्यो भने नरेन्द्रजी झापा जान बुरूक्क हुनुहुन्थ्यो । उहाँको त्यो उत्साहको केन्द्रमा बुवा नै हुनुहुन्थ्यो भन्ने लाग्छ । झापा गएका बखत नरेन्द्रजी भरसक बुवासँगै बस्न पाउँदा

रमाउने र बुवालाई पनि आफूसँगै बसेको मनपर्ने प्रसङ्ग सुन्ने गरेथें ।

एकपटक पेटको समस्याको कारणले निकै विरामी हुनुभयो । अप्रेसन नै गर्नुपऱ्यो पेटको जस्तो लाग्छ । विराम अलि ठिक भएपछि देखि नै हँस्यौली ठट्यौली पारामा कुरा गर्ने स्वभाव थियो ।

धेरै दुःख कष्ट संघर्ष गरेर परिवारका सदस्यहरूको लागि सहजताको आधार निर्माण गरी दिनुभयो ।

उहाँमा एउटा अद्भूत गुण रहेछ । आफ्नो मृत्युलाई देख्न चिन्न सक्ने क्षमता । त्यो सुन्दा मलाई अचम्म लाग्यो ।

उहाँले राति सपना देख्नु भयो कि त्यो एउटा झझल्को मात्र आएको हो- त्यो थाहा भएन । विहान उठेर आज मलाई नौलो मान्छेले बोलायो भेट्नलाई भन्नु भएछ । घरपरिवारले कहाँ त्यस्तो मान्छे आउनु बुवालाई भ्रम परेको होला । गाउँघरकै कुनै मान्छे देखेर चिन्नु भएन होला अनि अनौठो लागेको होला भन्दा त्यो कुरा स्वीकार गर्न मान्नु भएन छ ।

त्यसपछि फेरि पहिले कुनै ज्यातिषीले भनेको कुरा सम्झँदै उसले भनेको मिति तिथी आइपुगे जस्तो छ भन्नुभयो रे । घरपरिवारले बुवा त्यस्ता ज्योतिषीका कुरा पनि पत्याउनु हुन्छ भनेर सम्झाइबुझाई गरेछन् । त्यस्तो कुरा गर्दा आमालाई समेत भोलि देखिहालिन्छ नि के हुन्छ भन्ने कुरा त भन्नुभयो रे ।

त्यसपछि नातिनीलाई बोलाएर म नभएको बेला आमाको साथी भएर त हजुरआमासँग सुत्नु है भन्नु भएछ । केही नभएको कुनै लक्षण नै नदेखिएको मानिसले यस्ता कुरा गर्दा अलि अनौठो लाग्नु त स्वभाविक नै हो ।

केही विरामी भएको लक्षण देखा परेको शंकामा आज हस्पिटल जाऔं न त भन्दा हस्पिटल जानु पर्दैन् । मलाई केही भएको छैन भन्नु भएछ । त्यसपछि नजिकै गएर यसो ब्लडप्रेसर जँचाएर आउन त भनेपछि उहाँले मान्नु भयो रे ।

त्यसपछि गाडीमा राख्नु अघि उहाँलाई जुत्ता चप्पल लगाउनु भनेर भन्दा चप्पल मात्र लाउन मान्नु भएछ । चप्पल लगाएर गाडीको सिटमा बसेको एकै छिनमा गाडीमा ढल्न पुग्नुभयो, हस्पिटल पुऱ्याउन नपाई

बाटोमा नै प्राणवायु उड्न पुग्यो भनेको सुन्दा मृत्यु देख्ने क्षमता जो कम मानिसहरूमा भएको सुनिन्छ उहाँमा पनि थियो भन्ने देखिन्छ ।

बुवाको कीर्तिशेष पछि नरेन्द्रजीका अर्का अभिभावक काका र त्यसपछि धर्मपत्नी समेत गुमाउँदा बुवाको गमनले अभिभाकत्व मात्र होइन जीवनको जीवन्तता पनि खोसिन पुगेको छ ।

यस घडीमा हामी बाँच्नेले उहाँप्रति यस्तै शब्दहरूका श्रद्धा सुमन चढाउनु बाहेक के नै पो गर्न सकिन्छ र ?

मरेर जाने मानिस भाग्यमानी हुन्छ । बाँच्नेले भएजति सबै दुःख कष्ट व्यहोर्नु पर्छ । त्यही दुःखद स्थितिबाट नरेन्द्रजी पितृ वियोगदेखि पत्नी वियोगसम्मको पीडामा देख्दा आफूलाई पनि मन थाम्न गाह्रो पर्छ । तैपनि बाँच्नै पर्दो रहेछ । बुवालाई यिनै शब्दहरूको श्रद्धाञ्जलि ।

२०७८/५/१६ अमेरिका

# प्रसङ्ग गौरीगाईको, सहृदयताः भिनाजु स्व. देवीप्रसाद पाठकको

डा. त्रिलोचन उप्रेती

वि.स. १९९१ को असार ११ गते बुबा डिल्लीराम पाठक र आमा समद्रा पाठकको कोखबाट जिल्ला तेह्रथुमको ईवा गाउँमा जन्मनु भएको थियो। उहाँको जीवनमा धेरै दुःख,सुख र संघर्ष खेप्नु भएका देवीप्रसाद ८७ वर्षको उमेरसम्म एक सकारात्मक, सहयोगी र संघर्षशील जीवनगाथा देख्न र सुन्न पाईन्छ । आफू कलीलो उमेर मै पितृवियोग परी घरको जेठो छोरा हुनुभएकोले घरको आर्थिक, पारिवारिक, सामाजिक जिम्मेवारी लिनुपर्ने बाध्यता आइपर्यो ।

अति निम्नस्तरको आर्थिक अवस्था र बढ्दो जिम्मेवारीले थचक्कै थिचिएका देवीप्रसादले जीवनमा कहिल्यै हार खानु भएन वरू सकरात्मक र सहयोगी भावना लिएर संघर्षको मैदानमा जुधिरहनू भयो, भिडिरहनु भयो । पहाडका सिमित श्रोत र साधनको भरमा बढ्दो परिवारको बोझ बोकेर सफल नहुने देखेर उहांले सानै उमेरमा उज्जवल भविष्यको सपना बोकेर, धेरै जीवनहरूको जिम्मेवारी निभाउन तराइ-मधेशमा आफ्ना भाइहरू र दिदीबहिनीको जीवन र भविष्य आफ्नो कर्म र प्रारब्धमा अडिएको ठान्नु भयो । आप्रवासन एक अत्यन्तै कठीन विकल्प हो । कोही पनि मान्छे सकेसम्म आफू जन्मिएकै थाकथलोमै जीवन बिताउन चाहान्छ । त्यस्तो सम्भव भएको अवस्थामा मात्र गह्रौ छाति लिएर रूँदै वसाइ सराइ जस्तो कठीन र संघर्षमय विकल्प रोज्न बाध्य हुन्छ । त्यस माथि पनि त्यस बखतको तराइमा सर्नु, जीवन बिताउने र संघर्ष गर्न जानु भनेको बढ्दो औलोको प्रकोप, गर्मी, बाढी, मच्छड सर्पको विगविगीको वातावरण खेप्नु जीवन वा मृत्यु बिचको रोजाई जस्तो अवस्था हुन्थ्यो । त्यसमाथि पनि एक सिङ्गो ज्यान, रित्तो हात, मुग्लानको ठाउँमा गएर भविष्य उज्जवल पार्ने सपना पुरा गर्ने जोखिम लिनु सामान्य मानवको काबु बाहिरको कुरा मानिन्थ्यो । उपरोक्त कठीन चुनौतीलाई हाँक दिंदै आफ्नी ममतामयि आमालाई सम्झाई बुझाई देवीप्रसाद पाठक करिब २५ वर्षको उमेरमा झापा झर्नु भयो । उहाँसंग

सुन्दर सपना, कठीन तर सकरात्मक संकल्प बाहेक अरू केही थिएन् । थियो त परिवारलाई सुख दिने र जेठो छाराको घरप्रतिको जिम्मेवारी वहन गर्ने संकल्प मात्र ।

यो अघि नै देवीप्रसादले पत्नी वियोग सहनु परेको थियो । र दुई नाबालक छोरा लक्ष्मीप्रसाद र नरेन्द्रप्रसाद हजुरआमाको संरक्षणमा छाडेर निर्वासनमा जानु बाध्यता नै थियो । देवीप्रसाद पाठकले उहाँका भिनाजु लक्ष्मीप्रसाद उप्रतीको १० विधा जमिन ठेक्का लिएर खेती पनि गर्नु भएको थियो । जेहोस देवीप्रसादले झापामा उहाँकै जेठो भिनाजु लक्ष्मीप्रसाद उप्रेती (जेठा बाजे) कहाँ नै आफ्नो कर्मभूमी रोज्नुभयो । सुरूका २/३ वर्ष त्यहीं खेती–कृषक पेशामा आफूलाई समाहित गर्नुभयो । उहाँका कठीन र लगातारको शारीरिक परिश्रम र दिनभरको खटाईले भिनाजु लक्ष्मी प्रसादको कृर्षि उत्पादन मात्र बढेन त्यसबाट सम्पत्ति थपियो । एउटा संघर्षशिल युवाको परिश्रमले देवीप्रसादलाई चप्रामारीमा केही बिघा खेत किनेर थप जग्गाको कमाई गर्ने अवसर पाउनु भयो । पहाड घरमा खान, लगाउन, औषधी उपचार, धर्मकर्म, पठनपाठन जस्ता पारिवारिक दायित्व पूरा गर्ने, जग्गा खेतको स्वयम मालिक र आफैँ मोही हुंदै लगातार खेतीपातिको मेहनतले देवीप्रसादका जिम्मेवारी पूराहुंदै गए । कडा संघर्ष लगातार गर्नु भयो । दिनभर जोत्ने, खन्ने, खेत रोप्ने, गोड्ने, आली लगाउने, बाली नालीको यथोचित स्याहार गरिरहनु भयो । "मेहनतसंग परमेश्वर पनि हार्छन" भन्ने उखान चरितार्थ हुंदै गयो । बढ्दो आम्दानी, लगातारको जग्गा, पशुपन्छीमा लगानीले देवीप्रसादको परिवारको आर्थिक अवस्था धेरै राम्रो भयो । यो हुन करिब २० वर्ष लागेकै हो । देवीप्रसादको अति आवश्यक मात्र खर्च गर्ने र सम्पत्ति बढाउने लगनशीलताले उहांको बढ्दो परिवारको शिक्षा र लालनपोषणको हैसियत पनि बढ्यो । त्यसमा पनि दुई गुंडको परिवारलाई समान व्यवहार, बराबरीको माया, आशीर्वाद र दिन र लगानी गर्नबाट देवीप्रसाद कहिले पनि चुक्नु भएन । यो एक अत्यन्तै सकरात्मक र कठीन कार्यमा सन्तुलन राख्न सक्नु उहांकै जीवनको उज्यालो र सकरात्मक योगदान हो ।

आज देवीप्रसाद पाठक भिनाजु हामीसँग हुनुहुन्न तर उहाँले किनी दिएको बिसौं बिघा जग्गा, केही घरहरू लगायतका सम्पत्तिले उहांका पाँच छोरा र छ छोरी, नाति नातिनाहरूको परिवार संचालित छन् । यस्तै दर्जनौ

छोरा छोरी, नाति नातिनीहरूको जीवन पोषण, शिक्षा, लगानीबाट वृहत पाठक परिवार अंकुरित भएको छ । पालित पोषित भएको छ । त्यसमा पनि आफ्ना भागमा पाएको पैतृक सम्पत्ति बढाउने, समाजमा राम्रो छवि भएका बनाउने, समाजसेवा गर्ने, अन्याय विरूद्ध आवाज उठाउने, समाजका कमजोर र अन्यायमा परेकालाई सहयोग गर्ने, तिनको पक्षमा आवाज उठाउने, तिनलाई गच्छे अनुसार र आवश्यकता अनुसारको सहयोग गर्ने जस्तो महान् र प्रशंसनीय कार्यले देवीप्रसादले गर्नुभएको छ । यसले गर्दा समाज, समुदाय, नाता-कुटुम्व इत्यादिमा देवीप्रसादले गौरव बढाउन सफल हुनुभएको पाइन्छ ।

## गौरी गाईको प्रसङ्ग

२०२५ सालमा हाम्रो परिवारको तर्फबाठ जेठो दाजु गंगा प्रसाद उप्रेतीले चारपाने, झापामा ५ बिघा जग्गा लिनु भयो र त्यही सालबाट बूबाले खेती गर्न थाल्नु भयो । म २६ सालमा ११ वर्षको उमेरमा तराइ झरें । त्यही साल चैत्रको महिना मधेशको गर्मी खपिनसक्नु हुन्थ्यो । हाम्रोमा गाई भैंसी नभएकाले त्यो खोज्ने बूबाको योजना रहेछ । बुवाले मलाई पनि चप्रामारी देवी भिनाजुको घरमा लैजानु भयो । बुवाले देवीप्रसाद पाठकज्यूसंग गफ गर्दै जाँदा आफूलाई राम्रो दूध दिने एउटा गाई चाहिएको बताएपछि उहाँले 'सेती गाई' देखाउँदै यो गाई लैजानुहोस जेठान ज्यू, सकेपछि २/४ सालमा पैसा दिए हुन्छ । यो गाई ज्ञानी र दूधालु छ भनेर गाई दिनु भयो । हामी बावुछोरा गाई लिएर चारपाने घर आयौं । गाई ज्ञानी र दूधालु थियो । बुवा नभएको दिनमा २/४ पटक मैले त्यो गाई दोएको छु । गाई दोएको पहिलो र अन्तिम त्यही नै हो । मलाई सम्झना भएसम्म कम्तिमा त्यो गाई दश वर्ष सम्म पाल्यौं । दूध, दही, मोही, र घ्यू पर्याप्त पुग्दथ्यो हामी ३ जनाको (झापामा बस्ने) परिवारलाई । देवीप्रसाद भिनाजुको सम्झना आउँदा, गौरीगाईको प्रसङ्ग कहिल्यै नविर्सिने घटना हो ।

नाता, कुटुम्ब, छिमेकी दाजु, भाइ सम्पूर्ण वर्गमा "सबैको साथ देवीप्रसाद" भन्नु अतिशयोक्ति हुँदैन । उहाँको साथ सहयोग समय अनुसार पाएको धेरै उदाहरण छन् । देवीप्रसाद भिनाजुका माहिला छोरा नरेन्द्र मेरा वालसखा, दौतरी र सधैं संगै पढे, बढे, हुर्केका साथी हुनुहुन्छ । आमाको दूध खाने उमेरमा महिना दिन पनि नपुग्दै नरेन्द्रको आमा र्स्वगवास

हुनु भयो । उहां र म समेत २०३३-३५ सालमा राजविराजमा कानुन क्याम्पसमा प्रवीणता तह पढ्थ्यौं । २०३४ साल माघ महिना, हो गते विर्सिए, देवीप्रसाद भिनाजु सेतो कमिज सुरूवाल, इस्टकोट, लगाएको अवस्थामा महेन्द्र विद्येश्वरी क्याम्पस अगाडि अकस्मात भेटिनु भयो । म आश्चर्य चकित भएर अविभादन गर्दै थिएँ । नरेन्द्र पाठक पनि त्यही आइपुग्नुभयो । बुवा छोराका अति संक्षिप्त कुरा भए । हिजो राती सपनामा त बिरामी भएको देखें, मन मानेन र तलाई हेर्न आएको हुँ, तँ ठिकै रहिछस् अब मेरो मन शान्त भयो, ढुक्क भयो । अब अहिले नै फर्किन्छु । खर्च के छ अहिले यो पाँच सय रूपैंया लिएर काम चलाउंदै गर, पछि चाहिएमा अरू पठाउँछु भनेर भिनाजु विदा हुन लाग्नु भयो । नरेन्द्रले एक रात बसौं बुवा, भोलि जानु भन्दा मान्नु भएन । त्यसपछि नरेन्द्रले बसपार्कसम्म जान्छु भनेर बस चढाएर फर्केको अहिले पनि सम्झना ताजै छ ।

मान्छेको जीवन संघर्षमय हुन्छ । त्यसमाथि घरको आर्थिक अवस्था कमजोर भए त्यस घरको जिम्मेवार व्यक्तिको जिम्मेवारीले जीवन थप खतारापूर्ण हुन्छ । नेपाल जस्तो गरिब देशमा, जहाँ सामाजिक सुरक्षा, सामाजिक न्याय र नागरिक माथि राज्यले खर्च गर्ने, सुरक्षा भत्ता आदि नदिने अवस्थामा परिवार र व्यक्तिको जीवन थप कष्टकर हुन्छ । उपरोक्त प्रसङ्गमा देवीप्रसाद पाठकज्यूले गर्नु भएको संघर्ष, समाज सेवा र आर्थिक उपलब्धिले उहांको परिवारको आर्थिक, सामाजिक स्तर बृद्धि हुनु र न्याय र सत्यको पक्षमा उहांले उठाएका कदम र सहयोगका कामले उहांलाई समाजले उच्च आदर र सद्भाव राखेको कुरामा प्रशंसा गर्न सकिन्छ । आफ्नो पुजनीय बूबाको स्मरणमा उहांको जीवनसंग सम्बन्धित आलेख प्रकाशन गर्नु देवीप्रसाद प्रतिको उच्च सम्मान हो । म उहांको प्रथम वार्षिकीको अवसरमा उहां प्रति हार्दिक श्रद्धाञ्जलि प्रकट गर्दछु । साथै भान्जा, मित्र नरेन्द्र पाठकको जीवन संगिनी भान्जी नारायणी ओली पाठकको काभिड १९ ले अल्पायुमा मृत्यु भएकोमा हार्दिक श्रद्धाञ्जलि यस अवसरमा प्रकट गर्दछु । हाम्रो टोलकै नातागोता छिमेकी कै "आँखाको नानी" जस्ती सबैकी प्यारी नारायणी पाठकको स्वर्गमा बासहोस् भन्ने परमेश्वरसंग कामना गर्दछु ।

# स्मृतिका पानाभित्र हजुरबुवा

बीना पाठक चुडाल

मानव जीवन केवल एउटा रंगमञ्च तथा चलचित्रको पर्दा मात्र रहेछ । जहाँ विभिन्न दृश्यहरू आउँछन् जान्छन् । यसै गरी मान्छेको जीवन पनि अस्थायी भूमिका मात्र रहेछ तर उसको मृत्यु भने अन्तिम सत्य रहेछ । यो संसारमा यदि कोही जन्म लिन्छ भने ढिलो चाँडो उसको मृत्यु अवश्य हुन्छ । जन्म र मृत्यु स्वभाविक तथा निरन्तर प्रक्रिया भए पनि उसले गरेका कार्यहरू तथा भोगाईहरू भने अनन्तसम्म हाम्रोमाझ रहिरहनेछन् । यसै सन्दर्भमा हाम्रा श्रद्धेय हजुरबुवा देवीप्रसाद पाठक भौतिक रूपमा हामीमाझ नरहे पनि उहाँले दिएको माया, प्रेम, स्नेह र आशीर्वाद सदैव हामीमाझ ताजै रहेको छ । उहाँको नाममा मैले विशेष केही कार्य गर्न नसके पनि उहाँको स्मरणमा श्रद्धाञ्जलिस्वरूप यी दुई - चार शब्दहरू पस्कने कोशिस गरेकी छु ।

लेखाईको क्रममा हजुरबुवासंगका मेरा वाल्यकालका मिठा सम्झनाहरूलाई ताजा गर्ने कोशिस गरेकी छु । जहाँ म लगायत हाम्रो परिवारका धेरै सदस्यहरू सानै थियौं । सदा झैं वर्ष दिनको महान चाड दशैं जति जति नजिक आउँथ्यो त्यति त्यति नै मिठा मिठा सम्झना र रमाइला क्षणले मनलाई चञ्चल बनाइरहन्थ्यो । बुवाको जागिरको सिलसिलामा म र मेरी बहिनी बर्षेपिच्छे फरक फरक ठाउँमा जाने गर्थ्यौं । जसको कारण हामी अरू परिवारका सदस्यहरूभन्दा धेरै टाढा थियौं । तर मन भने हरदम चप्रामारीको सेरोफेरोमा घुमिरहेको हुन्थ्यो । हजुरबुवा, हजुरआमा, ठुलोबुवा, ठुलीआमा, काका र फूपूहरूको धेरै याद आइरहन्थ्यो । यो हाल मेरो मात्रै नभएर ममी र बुवाको पनि हाल त्यस्तै हुन्थ्यो । बुवाले हामीलाई दिनदिनै अब यति दिन बाँकी छ झापा जान भनी दिन गन्ती गरेर सुनाउँनुहुन्थ्यो । बुवाले हामीलाई संधै हजुरबुवा हजुरआमालगायत अरू सदस्यहरूको वारेमा बताइरहने हुँदा मलाई पनि कहिले झापा जाने दिन आउला जस्तो लाग्दथ्यो । यता हाम्रो परिवारमा पनि हामी मात्रै बाहिर भएकाले हजुरबुवा हजुरआमा कहिले नरेन्द्र र माहिली आउँछन् भनेर बाटो हेरिरहनु हुन्थ्यो । हामी झापा नपुगेसम्म घरमा

दशैंको रमझम सुरू हुँदैनथ्यो । गाउँले परिवेश पढाईको पनि तनाव छैन, जता पायो त्यतै दौडिन पाइने, घरघरमा आउँने सतारनाचले अझै हेर्ने लगायत अत्यन्तै रमाइलो हुन्थ्यो ।

हामी घर पुगेपछि हजुरबुवाले बजार गएर थान कपडा किनेर ल्याएर लुगा सिलाउँने दर्जी घरमा नै बोलाएर नापेर लुगा सिलाइदिएको आजै जस्तो लाग्दछ । हजुरबुवाले नातिनातिनीहरूलाई दशैमा खुसी पार्नकालागि आफै डोरी बाटेर पिङ हालिदिने र हामी मच्चि मच्चि पिङ खेल्ने गर्दथ्यौ । बेलाबेलामा टंक काकासंग झगडा पर्दा रून थालेपछि हजुरबुवाले पिट्न खेदाएको त्यो क्षण मनको कुनामा जतन गरेर लुकाएको छु । एकपटक त बारीमा काँक्रो टिप्न जाँदा बारूलाको गोलामा समाउँन पुगिछु र बारूलाले चिलेर करिब १०३ डिग्री ज्यरो आयो । हजुरआमाले मौरीको मह शरीरभरी दलेर सुताइदिनुभयो । म त्यसरी विरामी भएको क्षणमा हजुरबुवा निकै चिन्तित देखिनुहुन्थ्यो र हरेक घण्टामा आएर ए त्यो नातिनीको ज्वरो कस्तो छ, घट्यो कि घटेन भनेर सोधिरहनुहुन्थ्यो । मामाघर जाँदा हजुरबुवाले डाँगीबारीको बाटो हुँदै जाँदा हामीलाई खोला पारि तारेर मात्रै घर फर्कनुहुन्थ्यो । सायद केटाकेटीलाई खोलाले बगाउँछ जस्तो लाग्थ्यो होला उहाँलाई । यस्ता विवेकशील हुनुहुन्थ्यो हाम्रो हजुरबुवा ।

दशैका रमाइला क्षणहरू त क्षणभरमा नै शून्य हुन्थ्यो जव हाम्रो फर्कने दिन नजिक आउँथ्यो । करिब १५ दिनको बसाईपछि हामीले फर्कनुपर्दथ्यो । फर्कने क्रममा बस चढन सुरूङ्गा आउँनुपर्दथ्यो । बस कुर्नलाई घण्टौं बस्नुपर्दथ्यो । हाम्रो घर चप्रामारीबाट सुरूङ्गा आउँन करिब एक डेढ घण्टा जति हिड्नुपर्दथ्यो । मेरो हजुरबुवा हामीलाई विदा गर्न त्यति लामो बाटो हिंडेर आउँनुहुन्थ्यो । तँलाई भोक लाग्यो होला जुलबी खान्छेस भनी होटलमा लगि जुलबी किनेर खुवाउँनुहुन्थ्यो उसो त उहाँलाई पनि जुलबी औधी मन पर्थ्यो । बस आएपछि हामीलाई विदा गरि नीरस अनुहार लिएर फर्कनुहुन्थ्यो । लाग्थ्यो उहाँको जीवन सायद सून्यमै फर्कियो कि ? हामी पनि फेरि अर्को दशैको पर्खाइमा आफ्नो गन्तव्यतिर लाग्थ्यौ, मनमा परिवारको माया र प्रेम सजाएर ।

बुवाको जागिर ताप्लेजुङमा भएपश्चात पहिलोपटक ममी, म र बहिनीलाई लिएर हजुरबुवाले चार दिनको बाटो हिडाउँदै, कहिले बोक्दै, कहिले डोऱ्याउँदै, कहिले पछाडि छोड्दै, उ तिमिहरूको बावु आयो भनेर

झुक्याउँदै, हिडाउँदै गर्दै पहाड पुऱ्याएको मेरो जीवनको हजुरबुवासंगको पहिलो सहयात्रा थियो । छोराछोरीको माया र स्नेहले गर्दा नै होला शायद बुवाको सरूवा जहाँ जहाँ हुन्थ्यो, कुनै खवर जानकारी केही पनि नदिइकन हजुरबुवा टुप्लुक्क पुगिहाल्नु हुन्थ्यो र एक–दुई दिनजति बसेपछि फर्किपनि हाल्नुहुन्थ्यो । आफ्ना छोराछोरी नातिनातिना काहाँ कसरी बसेका छन् हेरेपछि मात्र उहाँलाई सन्तोष हुन्थ्यो । बुवा बुटवल हुँदा भेट्न आएको र पोखरा घुम्न गएको, नुवाकोट जाँदा देवीघाट घुम्न गएको, नुवाकोटको वागवानी विकास केन्द्रमा फलफुल फलेको देख्दा औधी रमाउँनुभएको थियो ।

खाना खाने वेलामा परिवारका सम्पूर्ण सदस्यहरूले नखाइकन उहाँले कहिल्यै पनि खानुभएन । हामीहरू खाना खान बसेपछि अघिपछि हेरेर के दिए, के दिएनन्, केटाकेटीले राम्रोसंग खान पाए की पाएनन् एक एक विचार गर्नुहुन्थ्यो । गोरसको कमी देख्नुभयो भने तुरून्तै गएर भैसी किनेर ल्याउँनुहुन्थ्यो । उहाँको एउटा अनौठो बानी थियो, उहाँ जहिल्यै पनि खाना खाइसकेपछि अन्तिम गाँस नखाइकन हातमा लिएर बाहिर निस्कनुहुन्थ्यो अनि जनावर र पशुपंक्षीलाई ख्वाउँनुहुन्थ्यो । यसबाट हाम्रो हजुरबुवा कति दयालु हुनुहन्थ्यो भनेर पनि प्रष्ट हुन्छ ।

खाना खाइसकेपछि आँगनमा बसेर आफ्नो जीवनका पुराना अतीत, इतिहास, पौरख र बहादुरीका कथाहरू हामीलाई सुनाउँन उहाँलाई औधी रमाइलो लाग्थ्यो हामी पनि सत्य घटनालाई एकादेशको कथाजस्तो मानेर मख्ख परेर सुन्थ्यौ । हामीले केही गर्न नजान्दा, ढंग नपुऱ्याउँदा हजुर बुवाले आँगनमा बसेर भनेको श्लोक "पढेर ज्ञान हुन्न रत्तिभर बुझिलेउ, ज्ञान हुन्छ एक भक्तिले" आजसम्म हाम्रो कानमा गुञ्जिरहेको छः

उहाँसंगका यस्ता हृदयस्पर्शी घटना त कति छन् कति, तर के गर्नु विधिको विडम्बनालाई कसैले कुनै पनि मूल्यमा टार्न सक्दैन । जन्मपछिको मृत्यु त नियति नै हो, जसलाई हामी सबैले स्विकार्नै पर्दछ । अथक माया, प्रेम र स्नेहका धनी हाम्रा हजुरबुवा हामीमाझ रहन सक्नुभएन, उहाँलाई यस धर्तीबाट विदा गर्न हाम्रो सम्पूर्ण परिवारलाई धेरै नै कठीन भयो । केवल उहाँसंगका स्मरणहरूलाई सदा जीवीत राख्नुछ, हाम्रो मनको कुनै कुनामा सजाएर ।

# प्रेरणाका स्रोत हजुरबुवा

प्रदीप पाठक

हजुरबुवाको स्मृतिमा पुस्तक लेखिँदै थियो । बुबाले मबाट केही लेखनीको अपेक्षा गर्नुभएको थियो । पुस्तकले एउटा आकार ग्रहण गर्दै थियो । लेखहरू टाइप गर्ने जिम्मा मलाई दिनुभएको थियो । मेरो कार्यालयका कम्प्युटर सहकर्मी विनोद पुस्तकको साजसज्जालाई बिट मार्दै थिए । तर पुस्तकमा मेरो आलेख थिएन । कारण मसँग शब्द थिएनन् । म खाली थिएँ । दिमाग शून्य थयो । हातहरू बाँधिएका थिए । जाँगर मरेको थियो । सृजनशीलता हराएको थियो । ठीक त्यसरी नै जसरी चिसो फलाम जति ठोकेपनि कुनै आकार दिन सकिन्न, पानीमा मदानी जति घुमाएपनि घ्यू निकाल्न सकिन्न ।

करिब एक वर्ष अगाडि हजुरबुवा बितेपछि उहाँको स्मृतिमा पुस्तक निकाल्ने सोच बुवाले सुनाउनुभयो । मेरी आमा जसलाई म ममी भन्ने गर्थें, हजुर बुवासँग बुहारीको रूपमा करिब नौ बर्ष असाध्यै सानिध्यमा रहनुभयो । उहाँले मेरो र हजुरबुवाको सम्बन्धका अनेक किस्सा संगाल्नुभएको थियो । उहाँसँग अतितका ति पाटा खोतल्ने र हजुरबुवासँग जोडिएका मेरा बाल्यकालका स्वर्णिम क्षणलाई शब्दमा कैद गर्ने मेरो योजना थियो । तर समयले अकस्मात बादलहरूको घुर्मैलो ओडाएर मेरो जिन्दगीलाई छोपी दियो । शान्त र सौम्य तालरूपी परिवारमा विजुली चम्केझैं निमेष भरमा अचानक चट्याङ पर्‍यो । हठात् मेरी ममी अनन्त यात्रामा लिन हुनुभयो । मलाई तताएर उर्जा दिने मेरो आरन भाँच्चियो । दही मथेर घ्यू निकाल्ने मेरो मदानी हरायो । उदास र लोलाएका परिवारका सदस्यका अनुहारले मेरो खुशी छोप्यो । उहाँको देहावसानसँगै मैले बुनेका रंगिन योजनाहरू चकनाचुर भए । मनमा अँध्यारो छायो । ह्रदय शुन्य भयो । मैले हजुरबुवाको स्मृतिमा ममीलाई सोधेर लेख्ने भनेर सोचेको थिएँ, अब उहाँ नै हुनुहुन्न, तब मसँग लेख्ने कुरानै के हुनसक्छ? सम्झँदा सम्म पनि छाती चिरिएर आउँछ । बरर्र दुबै आँखाबाट आँसु बग्न थाल्छ । आफूलाई सम्हाल्न खोज्छु । अहँ, सक्दिन । हजुरबुवाको विगत स्मरण गर्न खोज्छु । ममी जोडिनुहुन्छ । उर्जा फेरी सेलाउँछ । झ्याल बाहिर हेर्छु । घाम लागेको छ तर मेरा लागि त्यो बादल लागेको समान थियो । म टोलाएको थिएँ । बुबाको कोठा प्रवेशसँगै झसंग भएँ ।

किताब के भयो भनेर सोध्नुभयो । अब समय छैन भन्नुभयो । साँच्चै समय वेगवान गतिमा बगिरहेको थियो । पुस्तक भोलि प्रेसमा जाँदै थियो । सम्झें, हजुरबुबाको स्मृतिमा पुस्तक, अनि मेरा दुई शब्द बिनाको । अहँ, यो हुन सक्दैन । एकजना विद्वानले कुनै पुस्तकमा लेखेको सम्झें, "मान्छे परिस्थितिले होइन मनस्थितिले कमजोर हुन्छ, दुईदिने जिन्दगीको अर्थ बुझ र आफूलाई सम्हाल" । अनि मैले मनलाई दह्रो बनाएँ । आँशुले धुमिल आँखा पुछ्दै आकार ग्रहण गरेको पुस्तकका पाना पल्टाउन थालें । हजुरबुवाका बारेमा लेखिएका किस्साहरू पढ्न थालें । पुराना चित्रहरू दिमागमा सलबलाउन थाले । मेरो बालक मनमा गढेका केही विषयहरू पोख्न मन लाग्यो ।

## हिम्मत र परिश्रमका प्रेरणास्रोत

हजुरबुवाको मुख्य पेशा खेती किसानी थियो । उबेला बडेमानका हात्ती जस्ता बलिया राँगा घरमा हुन्थे । एक समय एउटा बलियो राँगाको नाक छेडेर नाथ्री लगाउनुपर्ने भयो । हजुरबुवा एक्लै हुनुहुन्थ्यो । उहाँले बायाँ हातका औंलाले नाकका दुईवटा प्वाल समातेर दायाँ हातले फलामे खाक्सीले नाक छेडेर नाकी घुसाउँदा राँगाले निकै संघर्ष गर्‍यो । हजुबुवालाई राँगाले हान्ला, लडाउला भनेर म निकै डराएको थिएँ । काम सम्पन्न भइसक्दा हजुरबुबा र राँगाले आँगनको सम्पूर्ण भाग छिचोलेर संघर्ष गर्नुपरेको थियो । तर पनि हजुरबुवाले काम सम्पन्न नभइन्जेल राँगाको नाक छोड्नु भएन र काम फत्ते गरेरै छोड्नुभयो ।

हजुरबुवा गाईभैंसी पगाहा लगाउन लग्नुहुन्थ्यो । लामा लामा कुब्जी हुन्थे । हजुरबुवाले नांगा पैतालाले दुईचार खेप लात्ताले हानेर ती कुब्जी जमिनमा धसाउनु हुन्थ्यो । अरूले गर्दा कुनै बाह्य वस्तुले ठोकेर गर्नुपर्ने काम हजुरबुवा भने खाली पैतालाले गरिदिनुहुन्थ्यो । मेरो हजुरबुवा भन्दा बलियो त कोही छैन होला भन्ने छाप ममा परेको थियो । त्यसैले म हजुरबुवाको छत्रछायाँमा आफूलाई एकदमै सुरक्षित ठान्थें र सकेसम्म उहाँकै वरिपरि रहन चाहन्थें ।

तिनताका खेती गर्दा डल्ला फुटाउन पटाहा लगाउने गरिन्थ्यो । म हजुर बुवालाई पछ्याउँदै खनजोत गरेको ठाउँमा जाने गर्थे । कृषि कार्यमा सघाउन हजुरबुवाले सहयोगी राख्नुभएको थियो । उनीहरूले पटाहाले डल्ला फुटाउने होइन कि डल्लाले उनीहरूलाई बुरूक बुरूक उचाल्थ्यो । हजुरबुवालाई चित्त बुझ्दैनथ्यो । उनीहरूलाई झारेर आफैं पटाहामा चढ्नुहुन्थ्यो । अघि बुरूक बुरूक पटाहा उचाल्ने डल्लाहरू अहिले

धूलिचूर्ण भएका थिए । आफ्नो हजुरबुवाको क्षमता देखेर म पुलकित हुन्थें । कहिलेकाहीं आफू पटाहामा चढेका बेला मलाई पनि बिचमा राखेर पटाहा लगाउनु हुन्थ्यो । म रोमाञ्चित हुन्थेँ । बेलैदेखि नातिलाई कर्मवीर बनाउन सिकाउँदै पो हुनुहुन्थ्यो कि सायद ।

पहाडबाट मधेस झरेपछि औलोको महामारीका बीच घर बसाउन गरेका संघर्षका कथा हजुरबुवाले सुनाउनुहुन्थ्यो । त्यस समय जंगली जनावरले गाईबाख्रा खाँइदेलान भनेर गोठकै एक छेउमा सुत्ने गर्नु हुँदोरहेछ । सायद राम्रो बासस्थान बनाउन नसकिएको हुँदो हो । एकदिन राति सुतेको बेला जंगलबाट बाघ आएर आफ्नो ओछ्यान छेउको बाख्रा लिएर गई अलिक पर्तिर लगेर खाएछ । हजुरबुवाले विहान उठेपछि मात्र थाहा पाउनुभएछ । दिउँसोको कठिन परिश्रमले भुसुक्कै निदाएको हुनुपर्छ । धन्न बाघले हजुरबुवालाई शिकार बनाएनछ ।

आफ्नो जागिरे जीवनको सिलसिलामा बुबाले हजुरबुवालाई सकेसम्म आफू सरूवा भएको ठाउँ वरपर घुमाउने गर्नुहुन्थ्यो । २०४७/४८ सालतिर हुनुपर्छ सायद । पोखराबाट स्याङ्जा, पाल्पा हुँदै लुम्बिनी घुमाउने कार्यक्रम बनेको थियो । हामी जीप चढेर स्याङ्जा जिल्ला प्रवेश गरेका थियौं । पानी परिरहेको थियो । वालिङ छेउमा एउटा ठूलो पहिरो खसेको थियो । बाटोमा अड्किएका गाडीहरूको लामो लाइन लागेको थियो । गाडीको लस्कर देखेर हजुरबुवालाई बेचैन भएको थियो । पहिरोस्थलमा जान मन गर्नुभयो जुन करिब एक किलोमिटर पर थियो । हजुरबुवा अलमलिनु होला भनेर म पनि पछिपछि लागें । बिच बाटोमा आएर तेर्सिएको अजंगको ढुङ्गाले आवागमन रोकेको रहेछ । पहाडबाट ढुङ्गा लेदो खसिनै रहेको थियो । दर्शकहरूको कमी थिएन । “यतिका मान्छे छौं, यो ढुङ्गा पल्टाइ हालिन्छ नि” भनेर हजुरबुवाले दुवै सुरूवाल माथि सारेर अगाडि बढ्नुभयो । हजुर बुवाको हिम्मतका अगाडि मैले त कसरी रोक्न सक्थें होला र । तर माथिबाट ठुला ढुङ्गा खस्न सक्छन् भनेर प्रहरीले हजुरबुवालाई अगाडि बढ्नबाट रोक्यो । हजुरबुवा पछिसम्म पनि यस्ता मुला ढुङ्गाले बाटो रोक्छ ? यत्तिका मान्छेले पल्टाइहालिन्छ नि भन्दै हुनुहुन्थ्यो ।

हजुरबुवालाई मानिसहरूले सम्झने मध्ये उहाँको मिजास र बोलचालको स्वभाव पनि पर्छ भन्ने मलाई लाग्छ । उहाँ स्पष्टवक्ता, आफ्नो कुरा प्रष्टसँग राख्ने, ठूलो र कडा स्वरका धनी हुनुहुन्थ्यो । हजुरबुवालाई राम्रोसँग चिन्ने गाउँले मेरा एकजना सहकर्मी जो नातामा

दाजु पनि पर्नुहुन्छ, उहाँ कहिलेकाहीँ अरू अधिनस्थ सहकर्मीसँग मेरो नरम मिजास देखेर "त्यस्ता हजुरबुवाको नाति अलिक कडा कुरा गर न" भनेर जिस्काउने गर्नुहुन्छ ।

## मेरो प्रथम गणित शिक्षक

हजुरबुवा राम्रोसँग लेखपढ गर्नुहुन्थ्यो । तर उहाँको रूचीको बिषय हिसाब थियो सायद । ठूलाठूला जटिल जोड-घटाउ, गुणा, भागा गर्न अरू कलमकापी खोज्थे, उहाँ फ्याट्ट मुखैले भनिदिनु हुन्थ्यो । उहाँको स्मरण शक्ति यति तेज थियो, आफूसँग कारोबार भएका ऋण सापटी मितिसहित मुखाग्र हुन्थे । आधुनिक जमानामा ग्याजेट्सको भरमा पराधिन जीवन बाँचेका हामीलाई यस्तो सुन्दा पनि अपत्यारिलो लाग्न जान्छ । मलाई धान बिक्री खरिदको हिसाबकिताब गर्न रूचिपूर्वक सिकाउनुहुन्थ्यो । मैले पहिलो पटक धार्नी, मन, क्विन्टलजस्ता शब्दहरू उहाँबाटै सुनेको थिएँ । "तैंले मनको यति रूपैयाँले यति धान बेचिस अब कति पैसा पाऊँछस्" भनी हिसाव सोध्नुहुन्थ्यो । उहाँ "जत्तिको तत्ति तत्तिको आधा जोड्नुपर्छ र हिसाब निस्कन्छ" भनेर सिकाउनु हुन्थ्यो । म त्यसरी हिसाब गर्न जाने पछि मेरा साथीसंगीलाई उनीहरूभन्दा आफू अब्बल भनेर प्रमाणित गर्थें । त्यसकारण हजुरबुवालाई मैले गणित विषयको प्रथम गुरू मान्ने गरेको छु । मेरो बाँकी जिन्दगीमा अरू भन्दा अब्बल र सर्वश्रेष्ठ हुने गुणको विकास गर्न पनि यसले सघायो कि भन्ने लाग्छ मलाई ।

## पहिलो नातिको चिन्ता

म हजुरबुवाको पहिलो नाति थिएँ । ममी भन्नुहुन्थ्यो, म जन्मँदा नाति जन्मेको सुनाउँदै गाउँभरी डुल्नु भएको थियो रे हजुरबुवा । उमेरले मभन्दा केही महिना जेठो मेरो काइँलो काका अचानक वित्नु भएको रहेछ । त्यसले पनि विचलित हुनु भएकोले होला म बिहान ढिलो उठ्दा हजुरबुबा आज किन उठेन भनेर कोक्रामा, कोठामा हेर्न जानुहुन्थ्यो रे । मैले सास फेरेको सुनिश्चित गरेर मात्र फर्कनु हुन्थ्यो रे । अलिक अबेरसम्म सुतें भने त उठाउनु नै हुन्थ्यो रे । एकदिन म बिरामी भएछु । गाउँघरको भाषामा छेरौटी लागेर इन्तु न चिन्तु भएको थिएँ रे । त्यसताका डाक्टरलाई देखाउन शनिश्चरेस्थित डाक्टर शंकरप्रसाद उप्रेतीकोमा जाने लामो बाटो पार गर्नुपर्थ्यो । मलाई हजुरबुवाले काँधमा बोक्नु भएको थियो रे । मैले काँधमै आची गरिदिएछु । तर यसले उहाँलाई कत्तिपनि विचलित गराएनछ । उहाँको चिन्ता मलाई कति छिटो डाक्टरकोमा

पुऱ्याउन सकिन्छ भन्नेमा रहेछ । मलाई जाँचेपछि डाक्टरले नातिलाई माया गरेर धेरै तर खुवाउनु भएजस्तो छ, अब अलिक कम खुवाउनु भन्नु भएको थियो रे । प्रसिद्ध फ्रेन्च साहित्यकार भिक्टर ह्युगोले "आफ्ना छोराछोरीलाई माया नगर्ने बाबु हुन सक्लान तर त्यस्तो कुनै हजुरबुवा हुँदैनन् जसले आफ्नो नातिलाई माया नगरोस्" भनेर त्यसै भनेका होइन रहेछन् भन्ने लाग्यो ।

## अभाव खट्किने कुरा

२०४८ सालको प्रवेशिका परीक्षा दिएपछि अध्ययनको सिलसिलामा म काठमाडौंतिर लागें । अब भने हजुरबुवासँगको भेटघाट अलिक पातलिन थाल्यो तर पनि कम्तीमा वर्षको एकदिन दसैंको बेला त भेट हुने नै गर्थ्यो । झापा जाँदा हाम्रो बसाइ हजुरबुवासँगै हुन्थ्यो । हामी गएको बेला पटक-पटक हामी कहाँ छौं, के गर्दैछौं भनेर हामी बसेको कोठा चाहार्ने, कोठामा पुलुक्क चियाउने, एकछिन गफ सुन्ने, फेरि हराउने गर्नुहुन्थ्यो । हामीले खाना खाने बेलामा चाहिँ उहाँको विशेष रूचि हुन्थ्यो । भान्छाकोठाको ढोकाबाट हाम्रा थालमा हेर्नुहुन्थ्यो । यो थपिदे, त्यो थपिदे, दुध दहि दे, घिउ हाल्दे भन्नुहुन्थ्यो । काम गरेर मरिँदैन तर काम मात्र गर्ने, खान पाइएन भने चाहिँ मरिन्छ भन्ने गर्नुहुन्थ्यो । खेती किसानीमा सहयोग गर्ने त्यतिबेलाका हलि गोठालाले खाँदा पनि खाना  थालभरी छ कि छैन, दही मोही दिएको छ कि छैन भनी सुनिश्चित गरेर आफू अन्तिममा खान रूचाउनुहुन्थ्यो रे । बाटाका छेउमा रहेको घर, बटुवालाई रोकेर सोधखोज गर्ने, घरथर सोध्ने, केहि खाएर जानु नी भन्ने गरेको त मैले पनि धेरैपटक सुनेको थिएँ ।

हजुरबुवाका बारेमा लेखिएका संस्मरणको पाण्डुलिपि पढिसकेपछि उहाँको जीवन दर्शनका विभिन्न आयामहरूलाई प्रतिनिधित्व गर्ने गरी हजुरबुवाले म अलिक ठूलो भएपछि मलाई लेखेको चिठीको स्वरूप दिने घृष्टता गरेको छु ।

प्यारो नाति,

दश वर्ष अगाडि मेरो जेठो नातिको रूपमा यस दुनियाँमा तिमीलाई स्वागत गर्न पाउँदा म नातिनातिनीको धनी भएको थिएँ । अव त तिमी अलिक ठूलो पनि भयौं र मेरा भावना पनि बुझ्न सक्छौ । जीन्दगीको यात्रा गर्ने बाटो सधैँ सरल र सहज मात्र हुँदैन । यसमा उकाला ओराला, बाङ्गाटिङ्गा घुम्ती र मोडहरू पनि आउन सक्छन् । यात्रा सुरू गरेपछि गन्तव्यमा त पुग्नैपर्छ । मलाई नै हेरन् ।  आफ्नो जन्मथलो र आमाको प्यारो काख छाडेर मधेश झर्दा म कति वर्षको

थिएँ र । सम्झ त, मैले खाली खुट्टाले पहाड मधेस मात्र कतिचोटी गरे हुँला । मेरै अनुभवको कुरा गर्छौ भने आँट गर्नुपर्छ, असम्भव केही पनि छैन । सम्भावना असिमित छन, तिमी जे पनि बन्न सक्छौ, जे पनि गर्न सक्छौ । बुटा र झाडीलाई फाँडेर खेतीयोग्य जमिन बनाउन सक्छौं, जंगलका रूख बिरूवालाई उपयोग गरेर पशुपालन गर्न सक्छौ, असम्भव जस्तो लाग्ने हरेक चिजलाई सम्भव गराउन सक्छौ । तर जे गर्छौ मन लगाएर गर । हरदिन केही नयाँ गर, केही नयाँ सिक, केही नयाँ सोच । आफूमाथि भरोसा गर । आफूले सृजना गरेका चीजलाई माया गर । तिमीले देखेकै छौ नि, मैले गाईवस्तुलाई सुम्सुम्याएको । पहिला दूध खाने अनि पछि स्याहारसुसार गर्ने कुरा नसोच । पहिला घाँसहरू हाल, कुँडो खुवाउ अनि मात्र दूधको आशा गर । तिमीले जति धेरै मेहनत गरेर घाँस कुँडो गर्छौ नी, त्यति नै बढी दूध प्राप्त गर्छौ ।

जिन्दगीको यात्रामा कहिलेकाहीँ सोचेको जस्तो नहुन सक्छ, तर हरेस नखाऊ । केही लाभ प्राप्त नगरे पनि अनुभव त प्राप्त भएकै छ । यो अनुभवले तिमीलाई भविष्यमा सहि र गलतमा फरक छुट्याउन सिकाउँछ र गल्ती गर्नबाट बचाउँछ । त्यसकारण हरेक कुराको अनुभव गर तर केही कुरामा पनि आसक्त नहोऊ । मलाई नै हेर न, थाहै नपाई साथीभाइको संगतले चुरबिंडीको अम्मली भइसकेको रहेछु । एक समय यस्तो थियो कि चुरले प्वाल नपारेका मेरा कपडै थिएनन् । तर जब मैले यो हानिकारक छ भनी थाहा पाएँ नी, तबदेखि खानै छोडिदिएँ । कतिलाई विश्वासै लाग्दैन मैले कसरी छोड्न सकें भनेर । यदि तिमीमा इच्छाशक्ति र दृढता छ भने जे पनि गर्न सक्छौ ।


यात्राको क्रममा सुख–दुःख, राम्रा–नराम्रा क्षण आउन सक्छन् । सुखमा नमात्तेऊ र दुःखमा नआत्तेऊ । दुःखका क्षणको दृढतापूर्वक सामना गर । पाउनु दुःख त तिमीले पाइसक्यौ, अब पालो सुखकै हो । प्रतीक्षा गर तर कर्म गर्न नछोड । म मधेस झरेर गोठमा सुत्दा पनि एकदिन सुख प्राप्त गर्छु, राम्रा मुण्डा घर बनाउँछु भनेर आशावादी भएरै बाँचेको थिएँ । अर्काको जमिन जोत्ने सहायक भएर जिन्दगीको कर्म सुरू गर्दा कुनै दिन आफ्नै नामको जमिन जोत्छु भन्ने सोचेको थिएँ । तिमीले देखेकै छौ नि आफैंले खेती गर्न नभ्याउने गरी घरखेत जोडेको । त्यसकारण असल नियत र सफा मनले जब कुनै काम गरिन्छ नि, त्यो सफल भएरै छाड्छ । बस् अगाडी बढ्दै जाउ । सकरात्मक होऊ, आशावादी बन, कर्म गर्न नछोड, प्रतिफल अवश्य प्राप्त हुन्छ ।

धेरै धेरै माया अनि आशीर्वाद ।

उही तिम्रो हजुरबुवा ।

# स्व. देवीप्रसाद पाठक वंशज चिनारी

**(दाजुभाइ एवं दिदी बहिनीहरु समेत)**



## श्री देवीप्रसाद पाठक+ श्रीमती स्व. दिव्यश्वरा पाठक, पदमादेवी पाठक

**१. श्री लक्ष्मीप्रसाद पाठक**
**श्रीमती महेश्वरा पाठक**

छोरा बुहारीहरु
- इन्द्रप्रसाद पाठक, चन्द्रकला सिलवाल पाठक
  - आनभी पाठक, अभियान पाठक
- पुष्पप्रसाद पाठक, रन्जना संग्रौला पाठक
  - आरध्या पाठक

**२. श्री नरेन्द्रप्रसाद पाठक**
**स्व. नारायणी ओली पाठक**

छोरा बुहारीहरु
- प्रदीप पाठक, इरीना प्रसाई पाठक
  - आरुषी पाठक, आह्वान पाठक

**३. टीका प्रसाद पाठक**
**कमला बाराकोटी पाठक**

छोरा बुहारीहरु
- सफल पाठक, कन्चन थपलिया पाठक
  - सानवी पाठक
- सागर पाठक

**४. टंकप्रसाद पाठक**
**भावना (भगवति) चिमरिया पाठक**

छोरा बुहारीहरु
- पुकार पाठक
- प्रज्ञा पाठक


**५. कमल पाठक (प्रकाश)**

| छोरी ज्वाइहरु | नाति नातिना |
|---|---|
| लीला पाठक उप्रेती, सीताराम उप्रेती | रोजल उप्रेती, रोजिला उप्रेती |
| पवित्रा पाठक मैनाली, पुण्यप्रसाद मैनाली | प्रज्वल मैनाली, प्रशान्त मैनाली |
| मुना पाठक संग्रौला, भरत संग्रौला | ग्रिष्मा संग्रौला, ग्रिसन संगौला |
| कोपिला पाठक उप्रेती, कुमार उप्रेती | संस्कार उप्रेती सभ्यता उप्रेती |
| विना पाठक चुडाल, महेन्द्र चुडाल | हर्षित चुडाल |
| रीना पाठक बस्याल, डा. सम्राट बस्याल | शुभश्री बस्याल, ब्रह्म बस्याल |

---

**छोरी ज्वाइहरु** — **नाति नातिना**

- कमलादेवी पाठक प्रसाई, सोमप्रकाश प्रसाई
  - सुभेच्छा प्रसाई निर्ज्वल वस्ति
    - नियम वस्ति
  - सुलभ प्रसाई, पूजा घर्ति प्रसाई
- बालकुमारी पाठक मैनाली, युवराज मैनाली
  - रक्षा मैनाली खरेल, नरेन्द्र खरेल
    - निर्वाण खरेल
  - रोशन मैनाली
  - रचना मैनाली
- टीकादेवी पाठक संग्रौला, कुमार संग्रौला
  - अंकित संग्रौला, सुजना संग्रौला
    - अनुभव संग्रौला
  - अमित संग्रौला
- शान्ता पाठक कडरिया, युवराज कडरिया
  - सुप्रिया कडरिया,
  - सुजन कडरिया
- लक्ष्मादेवी पाठक खरेल, गुरु खरेल
  - समिर खरेल (अनिष)
  - आयुष खरेल
- मीरा पाठक कडरिया, डिल्लीराम कडरिया
  - हिरोकी कडरिया
  - युकी कडरिया


माइला भाइ
प्रेम प्रसाद पाठक
स्व. धनमाया पाठक
छोरा बुहारीहरू
नाति नातिनाहरू
ओमप्रसाद पाठक, पुष्पा विमली पाठक
विजय पाठक, प्रविन पाठक, प्रमिला पाठक
कृष्णप्रसाद पाठक, कृष्णमाया ओली पाठक
खेम पाठक, सिता खरेल पाठक
जेनिथ पाठक, जेसन पाठक
गणेश पाठक, गीत आचार्य पाठक
ग्रिप्सन पाठक, ग्रिस पाठक
पार्वता पाठक प्रसाई सन्जु पाठक ढकाल
रामकुमार पाठक, कल्पना ओली पाठक
कैलाश पाठक, कन्चन पाठक
छोरी/ज्वाइँहरू र नाति नातिना
इन्दिरा पाठक उप्रेती, दिवाकर उप्रेती
मनिष, मोहन, मुकुन्द
तुलसा पाठक भट्टराई भिम भट्टराई
विभुषण भट्टराई
गीत पाठक प्रसाई, हरि प्रसाई
श्रेया प्रसाई, श्रीजन प्रसाई
लीला पाठक ढकाल, बुद्धि ढकाल
बोनिस, रोनिस
कान्छो भाइ
स्व. विष्णुप्रसाद पाठक, लछिमादेवी पाठक
छोराबुहारीहरू
नाति नातिनाहरू
चन्द्रप्रसाद पाठक, चन्द्रा तिवारी पाठक
विशाल पाठक, विवेक पाठक
श्रीप्रसाद पाठक, गंगा मैनाली पाठक
दिपक पाठक, रचना पाठक
मदन पाठक रेनुका उप्रेती पाठक
मेविशा पाठक, विविशा पाठक
भीमप्रसाद पाठक, तुलसा तिवारी पाठक
युनिसा पाठक, युसन पाठक
प्रमोद पाठक, अमृता शिवाकोटी पाठक
कुन्जन पाठक, काव्या पाठक
छोरी/ज्वाइँहरू नाति नातिना
कमला पाठक उप्रेती, भिष्म उप्रेती
विनोद उप्रेती सूरज उप्रेती
सीत पाठक ओली, महेन्द्र ओली
आरोहण ओली आरजु ओली, आयुषा ओली
अम्बिका पाठक सिवाकोटी, भरत सिवाकोटी
समिप सिवाकोटी सुशान्त सिवाकोटी
मीना पाठक सिटौला, राजेन्द्र सिटौला
ब्रियन सिटौला
विना पाठक चापागाई, टीकाराम चापागाई
स्वीकृति चापागाई

# तस्वीरमा स्व. देवीप्रसाद पाठक



*दुई दिदी दुई भाइका साथमा*



*स्व. देवीप्रसाद पाठकको जन्मघर*



*तिहारमा दिदीबहिनीसँग*



*आमाबुवा झुलंगोमा रम्दै*



*बुवाआमा चप्रामारी घरको आँगनमा*



*पाँचभाइ छोराका साथमा*



*छ वटी छोरीका साथमा*



*मुक्तिनाथको तीर्थयात्रामा*



*चप्रामारी घरको आँगनमा*



*दशैंमा छोरा बुहारीलाई टीका लगाइदिँदै*



*भारतको गंगासागर तीर्थयात्रामा*



कामाख्य तीर्थयात्रामा



पारिवारिक भेटघाटमा



जगन्नाथपुरीको तीर्थयात्रामा



*दशैंमा जमराको पूजा गर्दै*



*नयाँ घरको बगैंचामा बस्दै*




*नाति तथा नातिनी बुहारीसँग*



*जगन्नाथपुरी तिर्थयात्रामा*



*दोमुखामा पारिवारिक बनभोज*



*अन्तिम समयको खानपिन*



*रेडियो सुन्दै सोखका सामानहरूका साथ*



बुवाले बनाएको चप्रामारीको पुरानो घर



नाति प्रदीपसँग



मित्र ताराकुमार श्रेष्ठसँग



पनाति नियोमसँग